डा. चन्द्रकान्त शर्माले कर्णाली र गण्डकी उपत्यकाको भूगर्भ र निर्माणबारे अध्ययन विवरण प्रस्तुत गर्दै यस क्षेत्रलाई पूर्वमा टेथीस समुद्र भित्र रहेको र त्यसका उत्तर र दक्षिणमा अंगारा र गोंडवाना क्षेत्र थियो भन्नु भएको छ । पछि ज्वालामुखीको प्रकोपले गर्दा अनेक ठाउँमा समुद्र भित्रबाट अग्ला-अग्ला पर्वतहरूको उत्पत्ति भयो । यी क्रियाहरू कार्बोनीफोरस र मेसोजौइक कालमा भएका थिए तर प्लाइस्टोसिन कालसम्म हिमालय पर्वत श्रृंखलाको निर्माण कार्य पूरा भैसकेको थियो ।[२१] हिमालयको यस भेकका लागि त्यतिकै महत्वपूर्ण सूचना चिनियाँ भूगर्भ वैज्ञानिक च्युवागले १९७७ ई. मा आफ्ना प्रतिवेदनमा प्रस्तुत गरेका छन् । उनका भनाइ अनुसार प्लाइस्टोसिन कालमा हिमालयपर्वत श्रेणी समुद्रतलबाट १००० मीटर मात्र अग्लो थियो । भारतीय समुद्रतल क्षेत्रबाट आएको मनसुन वर्षा गर्मी याममा यस हिमाली क्षेत्रमा पनि हुने गर्दथ्यो । यस सूचनाले तिब्बती पठार र हिमाली क्षेत्रबाट मानव र जीवजन्तुको विकासक्रमका अत्यन्त महत्वपूर्ण अवशेष पाउने सम्भावनातिर दिशानिर्देश दिन्छ ।

## सुर्खेत उपत्यकामा रहेका प्रस्तरकालीन प्रागैतिहासिक अवशेषहरू

सुर्खेत उपत्यकाको जुन भौगोलिक स्थित छ त्यसले त्यहा पनि प्रस्तरकालका तीनवटै चरणका (नदी, खोला र तालका किनारमा) मानव वस्ती हुने र प्रस्तर हतियार पाइने अत्यधिक सम्भावना छ । यस्तै चुरे र महाभारत पर्वतश्रृंखलामा रहेको, सुर्खेतबाट अन्दाजी १०० मील पूर्वमा रहेको दांग-देउखुरी उपत्यकाका अर्जुनखोला, बबई खोला र तुईखोलाबाट जर्मन महिला कोर भिनस र बर्गेन विश्वविद्यालकी प्रोफेसर राण्डी हालैंडले प्लाईस्टोसिन होलोसिन (Pleistocene and Holocene) कालका १२०० देखि ८००० मिलेनियम बी.पी.कालका सोअन (Soan tool Industry) प्रविधिका हतियार, माइक्रोलिथिक र नवपाषाण (Neolithic) युगका ढुंगाका हतियारहरू पाइएका छन् ।

---

[२०] हिमालयका पश्चिम र पुर्वका विभिन्न क्षेत्र र वस्तीमध्ये सांस्कृतिक र धार्मिक सम्बन्धहरूको केही निम्न उदाहरण प्रस्तुत छन् । पंजाबको एउटा नाउ जालन्धर थियो । जालन्धर जालंधरीपीठ, पंजाबमा र नेपालका खसक्षेत्रका अनेक ठाउँमा पाइएका छन् ।रासकोटको एउटा वंशावलीमा दुल्लुका प्रतापीराजा जालंधरीको उल्लेख छ जसका वंशज मलयवम्म थिए । यसबारे विशेष चर्चा परिशिष्टमा गरिएको छ । श्रीनगर नाउँको नगर कश्मीरमा सम्राट अशोकले बसालेका थिए । यसपछि अलकनन्दा नदीका किनारमा गढवाली राजा अजयपालले १३५८-१४१५ ई. संवतांतर श्रीनगर शहरको स्थापना गरेको विवरण पाइन्छ । कर्णाली नदी र ककनीकोट नजिक मुगवु जिल्लामा पनि गुम श्रीनगर छ । पाल्पाली सेनराजाका दरवार क्षेत्रको नाउँ पनि श्रीनगर डाँडा थियो । काठमाडौं उपत्यकाका छत्र चण्डेश्वर (ई. सं. ६२६-६३५) पशुपतिका अभिलेखमा 'भगवत छत्रचण्डेश्वरस्य' को उल्लेख भएको छ । व्यास-यमना-सतलज उपत्यकाका प्राचीन निवासी कुनिन्दहरूका तामाका मुद्रामा पनि छत्रचण्डेश्वर (भगवतः छत्रचण्डेश्वर-महात्मनः-दि बेशचन्द्र सरकार, एज आफ इम्पी., युनिटी, १९६८, १६१, बनर्जी, हिन्दु मुर्तिकला, १९७४ १२२) अभिलिखित पाइन्छ । यस्तै हालै पाटनको मानदेवकालको ई संवत् ४८९ को अभिलेखमा उल्लेख भएको भीमादेवीको मुर्तिको प्रतिरूप पंजाबको पुष्कलावती नगर नजीक भेटिएका कुरा महाभारतमा, युवानच्वांगको वर्णनमा (भीमादेवीका प्रतिरूप र खोतानबाट ५५-६० मील पुर्वस्थित भीमानगर) र तिब्बतका स्रातेबाट थाहा हुन आएको छ (वाटर्स, युवानच्वांगको वर्णनमा (भीमादेवीका प्रतिरूप र खोतानबाट ५५-६० मील पुर्वस्थित भीमानगर) र तिब्बतका स्रोतबाट थाहा हुन आएको छ (वाटर्स, युवानच्वांगको यात्राविवरण, १९७३, I, २२१, जीतेन्द्रनाथ बनर्जि, हिन्दुमुर्तिकला, १९७४, १३५, ४९५) । यस्तै शैवमतका शाक्ततन्त्रसँग सम्बन्धित वटुकभैरवको मुर्ति र मन्दिरहरू, काठमाडौंको पाटन, दुल्लुको धुलीश्वर तलडाँडामा रहेको बालेश्वर मन्दिर र सिलगढी बजार इन्द्रचौकमा रहेको वटुक भैरवको मन्दिरको प्राचीन रूप पंजावका तक्षशिला (सिरकप) बाट पाइएका अभिलेख (वडुस विश्वामित्रस्) र औदुम्बर प्रमुख धरघोषका चाँदीमुद्रामा रहेको वटुक भैरवको चित्र र अभिलेखमा पाइन्छन् । प्रंजावमा बानगंगा नदी छ भने नेपालको कपिलबस्तु जिल्लामा बानगंगा नदी पाइन्छ । (वि. भट्टराई, प्राचीन नेपाल सं. ३०-३९, पृ. ७०, थापर, १९८५, पृ. ८) । माथिका यी उदाहरणहरूले प्राचीनकालका अनेक देवता र नगरका नाउँहरू नेपालका लिच्छवीकालमा काठमाडौंमा र पश्चिम खसमल्ल प्रदेशमा पाइएकोले खस प्रदेश र काठमाडों उपत्यकामा ठूलो परिणाममा आर्यजातिको बसाई प्राचीनकाव्यमा सप्रसिंघवक्षेत्र (पंजाव सिंघ, राजस्थान) का साथै प्राचीन पाञ्चाल क्षेत्रबाट सरेको र तिनले त्यहाँका सांस्कृतिक धरोहरहरू नेपालमा पनि सारेको व्यहोरा थाहा हुन्छ ।

[२१] सी. के शर्मा, नेपालको भुगर्भ, काठमाडौं, १९७३, पृ. ३४-१४८

[22]विक्रम संवत् २०५२ सालमा पुरातत्व विभागका पुरातत्वविद् शुक्रसागर श्रेष्ठले त्यस उपत्यकामा गर्नु भएको पुरातात्विक सर्वेक्षणले पनि त्यहाँ प्रस्तरकालीन सभ्यताका पुरावशेष पाउने सम्भावनालाई प्रमाणित गरेको छ । त्यस अध्ययन अनुसार सुर्खेन खोलाको पूर्वमा इत्रामखोला र खोर्पी खोला छन् र यी खोलाहरू दक्षिणमा गएर भेरी खोलामा मिसिन्छन. । यिनका किनारमा अति प्राचीन मानवचिहानहरू (Burials) भेटिएका छन् । यस उपत्यकाको पश्चिम-दक्षिण र पूर्वतर्फ बांगेसीमल, गुप्तिपुरगाउँ, माछापोखरी, सुब्बाकुना आदि क्षेत्रमा नवपाषणकालका अवशेषहरू पाइने सम्भावना छ । बांगेसीमल अस्थायी प्रहरीचौकीबाट ३०० मीटर पश्चिममा रहेको प्राचीन अवशेषमध्ये हातले निर्माण गरिएको भाँडाकुँडा (Handmade potteries), डोरीको छाप भएका भाँडाहरू (Cord-marked potsherds) र कीमती प्रस्तरका मालाहरू (Precious stone beads) पाइएका छन् । बांगेसिमल भन्ज्याङ्ग देखि पश्चिम भेरी नदीको किनारमा पनि प्रागैतिहासिक स्थलहरू पाउने सम्भावनातिर शुक्रसागरले हाम्रो ध्यान आकर्षित गर्नु भएको छ । यस्तै सुर्खेत उपत्यकाको दक्षिण-पूर्वमा मनिका गाउँका माछापोखरीसँगै केही साना-साना ओडारहरू (Small rock-shelters) छन् । त्यहाँ एउटा ओडारमा तीन जनासम्म बस्न सक्ने ठाउँ छन् । त्यहीको एउटा ठूलो ढुंगा (Stone Boulder) माथि पशुचित्र गहिरो गरी कुदिएको (Deep animal engravings) पाइएको छ ।[23] दक्षिण मुस्तांगको तीनवटा गाउँहरूबाट ई. सम्वत् १९९२ र १९९५ का आफ्ना क्षेत्रीय ऐतिहासिक र पुरातात्विक अन्वेषणका सन्दर्भमा जर्मनका परदीता पोलले यस्तै चट्टानमा कूदिएका चित्रहरू भेटाएका छन् (प्राचीन नेपाल-१५३, २००३, पृ. १-१४) । उनले ती चित्रहरूका दृष्यहरूको रखांकन प्रस्तुत गरेबाट त्यसवखत त्यहाँ पाइने जनावरहरू मध्ये याक, गाईवस्तु, नीलो हरिण, घोडा र कुकुरहरूलाई चिन्न सकिन्छ । ती रेखांकनबाट त्यस वखत प्रयोग भएका आयुधहरू क्रमशः डमरू र चन्द्राकार आकारका परशुहरू, तीर-धनुष, भाला, आदि थिए भन्ने थाहा पाइन्छ । यस बाहेक जनावरका खूरहरू चन्द्राकार, गोलाकार त्रिभुजाकार, चतुर्भुजाकार, गोलाकार अथवा चतुर्भुज घेरा भित्र रहेका क्रसहरू, स्वस्तिक, पुष्प, सूर्य, स्तूप, विन्दुबाट निर्मित विभिन्न आकृतिहरू पनि पाइएका छन् । ती चित्रहरूद्वारा मान्छेहरू पैदल र घोडा माथि सवार भै पशु-शिकार गरिरहेका दृष्य पनि भेटिन्छन् । बालकृष्ण थापर (१९८५, २३-२४) का अनुसार भारतमा पाइएका यी शिला-भित्ति-चित्रहरू पूर्व पेलियोलिथ (८००० ई. पूर्व अगाडि) देखि मध्यकाल (८००-१३०० ई. सं.) सम्मका पाइएका छन् । यसै प्रसंगमा हिमाली पर्वतको तल्लो भागमा, कुमाउँ क्षेत्रमा पन केही प्रस्तरकालीन चित्रित ओडारहरू पाइएका र काश्मीरको बुर्जहोमबाट पाइएका ढुंगामाथि मानिसद्वारा जनावरको शिकारको दृष्य पाइनाले सुर्खेतमा पाइएका यी पशुचित्र कुँदिएका ढुंगा महत्वपूर्ण र नवपाषणयुगका हुन सक्ने सम्भावना छ ।[24] यस्ता नवपाषण युगका थुप्रै क्षेत्रहरू सिक्किमका उत्तरी भागबाट पनि पाइएका छन् र त्यहाँबाट कश्मीरका बुर्जहोम जस्तै एउटा अथवा दुईओटा प्वाल भएका किसानद्वारा प्रयोग गरिने ढुंगाका हतियारहरू (Harvesters and Celts) पाइएका छन् (थापर, १९८५, ३८) । उत्तर प्रदेशका हिमाली भूभागहरू अलमोडा र चमोली जिल्लाहरूबाट पनि नवपाषण कालका स्थलहरू (Prehistoric sites) पाइएका छन् (सी.बी. मिश्र, १९९५, पृ. ३१) कश्मीरका यी नवपाषण क्षेत्रहरूको कार्बन-१४ काल निर्धारण अनुसार २४००

---

[22] Gudrun Corvinus, Prehistoric discoveries in the foot-hills of Nepal, Ancient Nepal, Nos. 86-88, 1985, PP. 1-12; G. Corvinus, The Prehistory of Nepal, A paper presented at the 3rd World Archaeological congress, New Delhi, 1994; Randi Haaland, Report on the Archaeological Excavations in the Dang Valley; R. Haland, report on the Archaeological Survey in Dang Valley, No. 1993; Tara Nanda Mishra, Archaeological discoveries and field activities in Nepal during recent years, Journal of Nepalese Studies, Royal Nepal Academy, Kamaladi, Kath. 1996, Vol-1, No. 1, PP. 73-74.

[23] श्री शुक्रसागर श्रेष्ठ, सुर्खेत उपत्यकाको पुरातात्विक प्रतिवेदन, आषाढ २०५२ साल ।

[24] B. K. Thapar, Recent Archaeological Discoveries in India, Unesco, Paris, 1985, P. 10, P. 23 and P. 38, (Middle Paleolithic Cultures). Thapar has given the C-14 dates for the Middle Paleolithic Cultures as obtained from Indian Laboratories between 37000-11000 B.P (Agrawal, 1982). The fossils of Bos nomadicus, Elephas hysundricus antiquus and Equus were also discovered from the middle Paleolithic sites in Gujarat, Uttara Pradesh, Maharastra, Andhra Pradesh and Madhya Pradesh in India. From period IC at Burzahom a stone slah depicted a hunting scene (P. 31, figure-17). C.B. Mishra, Archaeological Activities in India, 1993-94, Proceedings of sixth south Asian Archaeological Congress, Feb., 1995, Kathmandu, P. 31, Mr. Mishra has reported about the rock engravings depictings hunting scenes, animal figures etc discovered from Trangtra and Lukung in the Laddakh region. Such engravings have been also found from Taho in Lahoul and Spiti.

देखि १५०० ई. पूर्व देखिएको छ । सुर्खेतमा पाइएका यी सामग्रीहरू र स्थलहरूको अझै गम्भीरतापूर्वक खोजी र अध्ययन भएमा पाषणयुगका पुरातात्विक अवशेष र सामग्रीहरू त्यहाँबाट पनि भेटिने सम्भावना निश्चय नै छन् । यस बाहेक वीरेन्द्रनगर स्कूलसँगै एउटा ठूलो पुरातात्विक स्थल छ, जहाँ पाँच देखि सात मीटरसम्मको सांस्कृतिक अवशेषका तहहरू (Cultural Occupational Layers) पाइएका छन् । सुर्खेतमा नवनगरहरूको निर्माण र भौतिक विकास हुनु अगावै यी भग्नावशेषहरूबारे उत्खनन् र अध्ययन आवश्यक छ, नत्रभने काठमाडौं उपत्यकाका नवपाषणयुगका सभ्यता जस्तै त्यहाँ पनि सबै नष्ट हुने छन् । यसरी विचार गर्दा प्रस्तर युग र प्रागैतिहासिक कालमा सुरक्षेत्र निश्चय नै कर्णाली उपत्यकाको सांस्कृतिक र आर्थिक केन्द्रस्थल रहेको हुनुपर्दछ, जसको चारैतिर अन्य वस्तीहरू तथा सांस्कृतिक समूहहरूको निवासस्थल थियो होला ।

## वैदिककालदेखि मध्यकाल अगाडिसम्म सुर्खेत क्षेत्र

ऐतरेय ब्राह्मणमा हिमाली भेकका उत्तरमद्र र उत्तरकुरूका राजालाई अभिषेक पछि विराटपद्वीले सुशोभित गर्ने परम्पराबारे उल्लेख छ ।[२५] यस्तै अशोकचल्लको गोपेश्वर त्रिशूल अभिलेखमा उनलाई 'वैराटकुलतिलक' का विरूद्ले सम्बोधन गरिएको पाइन्छ । यसै सन्दर्भमा आदित्य मल्लको शक सम्वत् १२४३ (१३२१ ई.) को दैलेखमा पाइएको ताम्रपत्रमा उनलाई 'विराटपीठाधिष्ठित देवता परायण' र शाके १३२२ को बलिराजको मुगुमा पाइएको ताम्रपत्रमा 'वैराटपुर नृपते' भनिएको छ । यस्तै दैलेखका राजा संसारीवर्माको शक संवत् १३१८ (ई. १३९६) को ताम्रपत्र लेखमा त्यस क्षेत्रलाई 'वैश्वानर ज्वालाक्षेत्र' भनिएको छ । शतपथ ब्राह्मण (१-४-१-१०, १७) मा वैदिक अग्निदेवतालाई 'अग्निवैश्वानर' भनी सम्बोधन गरिएको पाइन्छ, जुन विदेहराज माथवको विदेहभूमिविजयको प्रसंगमा आएको छ ।[२६] यसरी खस क्षेत्रको राजाहरूले वैदिक परम्परालाई अपनाएका पनि र त्यसै अनुसारका पदवीहरू धारण गरेका र क्षेत्रका नाउँ पनि परम्परा अनुरूप राखेका प्रमाणहरू पाइन्छन् । यद्यपि यी प्रमाणहरू मध्यकालका हुन् र त्यसले प्राचीन वैदिक संस्कृतिलाई अंगाल्ने कुरालाई बोध गराउँछ । वैदिक अथवा महाभारत-रामायण र बुद्धकालका अवशेषहरू र स्मारकहरू हालसम्म यहाँ नभेटिएका दुईओटा कारणहरू छन् । पहलो कारण यस क्षेत्रको गम्भीर अध्ययन र क्षेत्रानुसन्धान भएको छैन, दोस्रो कारण मध्यकालभन्दा अगाडिका सबै सांस्कृतिक निधिहरू यस क्षेत्रका बराबर भूकम्पको प्रकोपका कारण नष्ट भई भूमिगत भएको होला, जसलाई साना-साना अनेक ठाउँमा पुरातात्विक उत्खनन् गरी पाउन सकिने सम्भावना छ । सुर्खेत-दुल्लु-दैलेख क्षेत्र नजीकै दक्षिणी क्षेत्रमा ई. पूर्व ६००-३०० भित्र दोस्रो सांस्कृतिक जागरण र भौतिक विकासको लहर यस क्षेत्रमा पनि फैलिएको हुनुपर्दछ । मौर्य साम्राज्यको उदयकालमा अनेक साना-साना जातिका साथै अफगानिस्तान-ईरानसम्मका भू-भाग माथि त्यसको प्रभाव र आधिपत्य कायम भएको पाइन्छ । दिव्यावदान, अशोकावदानका साथै लामा तारानाथले समेत खस प्रदेशमाथि अशोक र उनको पूर्व वंशजको आधिपत्य तेस्रो श. ई. पूर्वमा कायम रहेको र एक पटक यहाँका निवासीहरूले विद्रोह गर्दा अशोक स्वयं त्यस क्षेत्रमाथि फेरि कब्जा गर्न आएका थिए भनी सूचना दिन्छ ।[२७] उनलाई खस प्रदेशका पहाडी प्रदेशको बाटो देखाउने उनका सेवामा कार्यरत दुई जवान खसमल्ल दाजूभाई थिए । अशोकले हिमाली खस प्रदेशलाई कब्जा गरेको प्रमाण उनका लुम्बिनी, गोटिहवा, कनकमुनि बुद्धका परिनिर्वाणस्थलमा रहेका स्तम्भलेखहरू र देहरादून नजीक कालसीमा रहेको उनको अभिलेखहरूले प्रस्तुत गर्दछन् ।

---

[२५] एतरेय ब्राहमण, अध्याय ८, १४, उपेन्द्र ठाकुर, मिथिलाको इतिहास, दरभंगा, १९५६, ६७, 'उदीच्या दिशि ये के च परण हिमवतं जनपदा उत्तरकुरू, उत्तर-मद्रा इति वैराज्ययैव तेअभिषिच्यन्ते विराडित्येनानभिषिक्तानाचक्षत्र ।'

[२६] जान इरविन, अशोककालका स्तम्भहरू, बलिङ्गटन पत्रिका, नम्वर १९७६, ७१८, राधाकुमुद मुकर्जी, हिन्दुसभ्यता, १९६५, ११०, पृथ्वीमल्लका १३५८ ई संवत्का ताम्रलेखमा पनि दुल्लुनगर परिक्षेत्रभित्र रहेका तीन ओटा 'वैश्वानर-ज्वालाक्षेत्र (शीर्षस्थान, नाभिस्थान र पादुकास्थान) बारे उल्लेख भएको पाइन्छ । ('अनिघन समिद्घोद गच्छ ज्वालाजलजिह्वाल प्रत्यक्ष वैश्वानर - त्रायधिष्ठान परम पावन-श्री दुर्लध्यनगरे ।') योगी नरहरिनाथ वैश्वानर ज्वाला पुराणम्, २०१२ काशी, इतिहास प्रकाश-सन्धिपत्र संग्रह, वि.सं. २०२२, पृ. ६९, राम निवास पाण्डे, पश्चिम नेपाल, १९९७, पृ. ५८४ र पृ. ६१९ ।

[२७] Lama Chimpa and Alaka Chattopadhyaya, Taranatha's History of Buddhism in India, Delhi, 1990, P. 51, footnote 12 and p. 53, 'Meanwhile, peoples of hilly countries like Nepal and Khasya revolted. Asoka was sent with army to subdue them. Without difficulty Asoka subdued the hilly races, imposed levy and annual tax on them. According to Asokavadana (Przyluski, The legends of Emperor Asoka, English translation, 1961, p. 111)' Asoka during his youth subdued the country of the Khasas and Taksasila. He brought under his rule the whole territory from the Himalayas to the Vindhya'. त्यस क्षेत्रमा बौद्धधर्मको प्रसार स्थविर मज्झिमको दलले गरेका थिए भन्ने उल्लेख पाइन्छ । (तारानन्द, प्रज्ञा ८२ ख, पृ. ७०-७४) । ए. एल. बासम (The wonder that was India, Bombay, 1963, 29) का मत अनुसार लगभग ९०० ई पुर्व मा भएको महाभारत युद्ध पछि राजनीतिक शक्ति र सांस्कृतिक केन्द्रहरूको विस्तार पुर्वतिर गंगा-यमुना दोआव र कुरू पांचालक्षेत्र (काम्पिल्य, कौशाम्वी, अहिच्छत्त, आसन्दीवत्, मृष्णार, अन्यकुब्ज, र कारोती आदि प्रमुख नगर) मा भएको पाइन्छ । सुर्खेत क्षेत्र कुरू-पांचालको उत्तरमा पहाडी क्षेत्र हो ।

यस पछि रूद्रदामनको गिरनारबाट पाइएको (ई. १५० का) अभिलेखमा 'कुकुरापरांत' प्रदेशलाई उनले विजय गरेको उल्लेख छ ।[२८] महाभारतमा चर्चा गरिएका यी कुक्कुर जातिलाई डा. मोतीचन्द्रले पंजाबका खोखर जनका रूपमा परिचय गराउछन् । यी कुकुर देशलाई भरतसिंहले चन्द्रभागा र झेलमभन्दा पनि पश्चिमसम्मका क्षेत्र भनी उल्लेख गरेका छन् । दिनेशचन्द्र सरकारले खसलाई हिमाली जनजाति भनेका छन् जसका पूर्वजहरू कश्मीरका आधुनिक खक्काहरू थिए ।[२९] यस पछि खसप्रदेश बारे अपरोक्ष चर्चा चौथो ई. सम्वत्तिर समुद्रगुप्तका अभिलेखमा (नेपाल-कर्तृपुरादि प्रत्यंत नृपतिभिर) पाइन्छ । खसमल्लबारे उल्लेख गर्ने पहिलो नेपाली अभिलेख हो मानदेवको चाँगुविजयस्तम्भ । ई. संवत् ४६४ को यस अभिलेखमा उनले आफ्ना मामासँगै गई सैयौं हात्ती-घोडा ली डरलाग्दो गण्डकी नदी तरी मल्लपुरीलाई जितेर फेरि आफ्ना देशभित्र फर्केका थिए (जित्वा मल्लपुरीन्ततस्तु ... जगाम स्वंकम देशम्) । मानदेवकालको यो मल्लपुरी कहाँ थियो त्यसबारे निश्चित प्रमाण पाइएका छैनन, तर यो नगर सुर्खेत वरिपरिनै कही पाइने अनुमान गर्न सकिन्छ । पाली तिपिटक र उनका अट्ठकथाहरूमा जम्वूद्वीप भन्दा अलग उत्तर कुरूद्वीपको उल्लेख छ । त्यहाँ उत्तरकुरूका राजाको नाउँ कुबेर भनिएको छ । सोणदण्ड जातकमा त्यस प्रदेशलाई हिमालयका उत्तरदिशामा तर अनोतत्तदह (मानसरोवर) का वरिपरिका क्षेत्र भनी वर्णन छ जहाँ एक पटक भगवान बुद्ध गएका थिए र भिक्षा मांगी अनेक भिक्षु समेत दिनभरी त्यहाँ वसेका थिए । ऐतरेय ब्राह्मण (८।१४।४) मा पनि त्यसलाई हिमालयपर्वत पारी (परेण हिमवन्त) र वाल्मीकि-रामायण (४।४३, ५६) मा त्यसलाई उत्तरका समुद्र (उत्तर: पयसां निधि) ले घेरिएको क्षेत्र भनी उल्लेख छ (भरतसिंह, बुद्धकालीन भारतीय भूगोल, १९९१, ५६-५७) । यसले हिमालपारी मानसरोवर दह बारे ब्राह्मणकाल र पाली तिपिटक काल (८००-२०० ई. पूर्व) मा थाहा थियो भन्ने ज्ञान हुन्छ र हिमाल क्षेत्रमा प्राचीनकालमा यो उत्तरतिरको समुद्र भएको इलाका थियो भन्ने पनि बोध हुन्छ ।

## मध्यकालदेखि शाहकालसम्म सुर्खेत क्षेत्र

पृथ्वी मल्लको दुल्लु कीर्तिस्तम्भ (शाके १२७९ तदनुसार ई. संवत १३५७) अनुसार खारी प्रदेशका नागराजले जुम्लाभेकको सेंजामा नगरको स्थापना गरी त्यहाँबाट शासन व्यवस्थाको स्थापना गरेका थिए ।[३०] त्यसपछि प्रामाणिक रूपमा राजा त्राचल्लको उल्लेख गर्न सकिन्छ किनभने उनका शासनकालका शक संवत् ११४५ (ई. १२२३) मा बालेश्वर महादेव (कुमाऊँ) स्थानबाट ताम्रलेख पाइएका छन् जसमा उनले आफ्ना शासनकालका सोह्रौ वर्षमा कतृपुरको विजय गरेका थिए भने उल्लेख छ । यसरी क्राचल्लको शासनकालको शुरूआतको प्रामाणिक मिति ई. संवत् १२०७ भन्दा केही बर्ष अगाडि देखि नै भएको कुराको बोध हुन आउँछ । यसैका आधारमा नागराजको शासनकालको अनुमान एघारौं ई. संवत् थियो भन्न सकिन्छ, किनभने यी दुई राज्यको बीचका माँझका शासकहरू क्रमश: चाप, चापिल्ल, काचल्ल, र क्रधिचल्लको हालसम्म कुनै अभिलेख र शासनको प्रमाण पाइएको छैनन् । प्रथम खसराजा नागराजाका अन्दाजी २००-२५० वर्षपछि कुँदिएको पृथ्वीमल्लको वंशलेखमा यी चारजना राजाका नाउँ काल्पनिक हुने अनुमान गर्न सकिन्छ ।[३१] क्राचल्लको बालेश्वर ताम्रपत्र दुल्लुबाट जारी गरिएकोले तिनको राजधानी सेंजा बाहेक दुल्लु पनि भएको कुरा यसले प्रमाणित गर्दछ । साथै यस ताम्रपत्रमा उनले कर्तृपुरका (कार्तिकेभपुर र हाल जोशीगढका नाउँले प्रसिद्ध) नगर र तिनका राजाहरूको नाश गरेको पनि उल्लेख गरिएको छ । उनका छोरा अशोकचल्लका तिन ओटा अभिलेखहरू बोधगयाबाट पाइएका छन्, जसमध्ये लक्ष्मण सेन संवत् ७४ वैशाखमा कुँदिएको अभिलेखमा उनलाई 'सपादलक्षशिखरि खसदेशराजाधिराज' (सवालखा पर्वत शिखर

[२८] वासुदेव उपाध्याय, प्राचीन भारतीय अभिलेखंका अध्ययन, दिल्ली, १९६१, II, पृ. ४५ ।

[२९] डा. मोतीचन्द्र,ज्योग्राफिकल एण्ड एकोनोमिकल स्टडीज इन दी महाभारत, पृ. ४६, डा. भरतसिंह उपाध्याय, बुद्धकालीन भारतीइ भुगोल, प्रयाग, १९९१, ३९०, D.C. Sircar, Cosmography and Geography in Early Indian Literature, Calcutta, 1967, P. 83.

[३०] 'भट्टारक नागराज' उल्लेख भएका एउटा बौद्धमुर्ति श्री राहुल सांस्कृत्यायन अनुसार गढवालको बाडाहाटमा पाइएको छ। राहुल, गढवाल, पृ. ११२, ३४९, धनवज्र बज्राचार्य, पुर्णिमा-६, २०२२, पृ. १९

[३१] नेपाल उपत्यकाभित्र लिच्छवि बंशका राजाहरूको विवरणमा पनि निम्नाननुसारका काल्पनिक नाउँहरू पाइएका छन् -

(क) मानदवको चाँगुमा रहेको सं. ३८६ ई. ४६४) को अभिलेखमा वृषदेव-शंकरदेव-धर्मदेव र मानदेवको नामोल्लेख पाइन्छ।

(ख) केवलपुरको ध्रुवदेव-जिष्णुगुप्त (ई संवत् ६२६-६३३ भित्र) का अभिलेखमा वसुराज-महीदेव-मानदेवका नाम पाइन्छन् ।

(ग) पशुपति जयदेव (ई. संवत् ७३५, संवत् १५७) का अभिलेखमा जयदेव-वृषदेव-शंकरदेव-धर्मदेव-मानदेव भनि कुँदिएका छन् । यसरी मानदेव देखि जयदेवसम्म जम्मा २७१ वर्षभित्र जयदेव प्रथम, वसुराज, महीदेव आदि अप्रामाणिक राजाका नाउँहरू पाइन्छन् र तिनको प्रामाणिकतालाई जयस्थिति मल्लकालका वंशावलीले कायम गर्न सक्दैन । पृथ्वीमल्लको यस अभिलेखमा पनि त्यस्तै चारओटा राजका अविश्वसनीय नाउँ उल्लेख भएका छन् ।

भएका खस देशका महाराज) भनिएको छ र उनले बोधगयामा विहार, बुद्धप्रतिमा र गन्धकुटि (बौधमन्दिर)) निर्माण गराएका थिए ।[३१क] यस कार्यको लागि उनका अनेक अधिकारीहरूसँगै, कश्मीरी पण्डित भदन्त गुचपथी पनि गएका थिए । शायद बोधगयाको मन्दिर निर्माण पछि बोधगया, खजुराहो र कांगडाका शिखरशैलीका मन्दिरहरूबाट प्रेरणा पाई उनले सुर्खेतको दक्षिणमा काँक्रे विहार क्षेत्रमा विशाल ढुंगाको मन्दिर निर्माण गरेको सम्भावना छ। तर अहिलेसम्म सुर्खेतबाट उनका एउटा पनि अभिलेख पाइएको छैन ।[३२]

अशोकचल्लका छोरा जितारीमल्लले आफ्नो राज्य पूर्वतिर विस्तार गर्ने प्रयास गरेको प्रमाण पाइन्छ। निजको शासनकालको शक संवत् १२१४ (ई.सं.१२९२) को एउटा अभिलेख सुर्खेत, वीरेन्द्रनगर क्षेत्रबाट चौधनचौरमा रहेको एउटा भग्न मन्दिर बाट पाइएको छ। यस मन्दिरका निर्माता आशा साहु र उनकी धर्मपत्नि रूद्रादेवी थिए। नेपालको वंशावली अनुसार जयतारी मल्लले काठमाडौं उपत्यकाको अन्यौल राजनीतिक वातावरणको अवसरमा यहाँ दुई अथवा तीनपटक सम्म आक्रमण गरेका थिए । केशर वंशावली (पत्र सं. १०) अनुसार उनले ने.सं. ४०८ (१२७८ ई) र नेसं. ४१४ (१२९३ ई) मा र गोपाल वंशावलीले उनको आक्रमण ने.सं. ४१२ (१२८९ ई) मा भएको उल्लेख गर्दछ । सुर्खेतको मंगलगढीमा रहेको आनन्ददेवको अभिलेखले ('श्रमीदानन्दमल्ल भूभुज ... देवा') उनको राज्य त्यहाँ कायम रहेको प्रमाणित गर्दछ ।[३३] उनको शक संवत १२२१ (ई. संवत् १२९९) को दुल्लु ज्वालाजी मन्दिरको अभिलेखले उनले खस राज्यमाथि शासन गरेको प्रमाण प्रस्तुत गर्दछ ।[३४] गोपाल राजवंशावली (पत्र-४४ र पत्र ४६) ले ने.सं. ४४१ चैत्र (ई.सं. १३२०) महिनामा संभवत: आदित्यमल्लले भक्तपुरको राजवास किल्ला, जसलाई रूद्रमल्लले ने.सं.४३९ (ई.सं. १३१८) मा निर्माण गराएका थिए, भत्काएको र ने.सं. ४४८ (ई.संवत् १३२७) मा फेरि उनले नवक्वाठ, शाखर क्वाठ (शिखरापट्टनको किल्ला) फोरेको, गाउँ-गाउँमा आगो लगाई ललितपुरको पुलचोक विहारमा बाइस दिनसम्म बसी सो नगरलाई घेरा हालेका थिए । सो आक्रमणबारे केशर बंशावली (पत्र सं. १२) ले पनि उल्लेख गर्दछ र त्यहाँ भनिएको छ कि उनले ललितपुरबाट निकै रकम (दण्ड) असूल गरी लगेका थिए । उनको गोरखा सन्नीगाउँ विहारको १३२१ ई. को ताम्रपत्रलेखबाट[३५] पनि सुर्खेत उपत्यकाको पूर्वमा गोरखा प्रदेश र गोपाल राजवंशावली (पत्र-४६ 'सं. ४४८.... खसिया राजा आदीतमल्लया कटकन वस्यम नवक्वाठ कास्यम्) अनुसार ई. संवत् १३२७ मा नुवाकोट प्रदेशसम्मका भूभाग खसराज आदित्यमल्लको अधीनमा रहेको प्रमाणित गर्दछ। साथै गोरखाको यस अभिलेखले भक्तपुरका राजवासकोट (राजदरवारसँगै रहेको किल्ला) भत्काउने उनी नै थिए भनी प्रमाणित गर्दछ। यसले सुर्खेत देखि काठमाडौं सम्मको एउटा पूर्व-पश्चिम राजमार्ग क्रमश: सुर्खेत-कपिलवस्तु-लुम्बिनी-रामग्राम हुँदै चितवन उपत्यकापछि माथि उक्ली क्रमश: पालुंग-चन्द्रागिरी-थानकोट भएर थियो भनि सूचना पाइन्छ। आदित्य मल्लको एउटा अभिलेख दुल्लुको पादुका ज्वालास्थानमा पाइएको छ। यस अभिलेखमा उनलाई आजितमल्ल (जनकलाल, प्रज्ञा-१४, वि.सं. २०३२, १३, धनवज्र, पूर्णिमा ६, २३, प्रयागराज, १९७२ ई., पृ. ४२) भनिएको छ र यो शाके संवत् १२२१ (ई. १२९९) मा कुँदिएको हो। आदित्यमल्लको अर्को अभिलेख सुर्खेतको नगर विकास योजना कार्यालयको आँगनमा रहेको चैत्य तथा बुद्धमूर्ति समेत कुँदिएको स्तम्भमा पाइएको छ जसमा 'जयादित्यमल्लदेव' भन्ने वाक्य कुँदिएका छन् । यस बाहेक उनको अर्को लेख दैलेख-दुल्लु माँझ रहेको एउटा गुफाको पर्खालमा छ । यसमा - 'उँ सत बुद्ध । स्रि (श्री)

---

[३१क] लामा तारानाथको चिगंलराज (चगलराज) बारे उल्लेख गर्दै उनले बज्रासान वा तुरूक्क (तुर्क) हरूद्वारा भत्काएको नवतले महागान्धोब (मुख्य मन्दिर) को माथिल्लो चार तल्लाको मन्दिर र अन्य मन्दिरहरूको पनि मर्मत गराएका र त्यहाँ धेरै धन दिएका थिए भन्ने व्यहोरा प्रस्तुत गरेका छन्। लामा तारानाथले चिंगलराजलाई वंगालका एउटा शक्तिशाली राजा भनेका छन्। वास्तवमा यी खस राजा अशोकचल्ल नै हुने बढी सम्भावना छ (चट्टोपाध्याय, तारानाथको भारतमा बौद्ध धर्मको इतिहास, १९९०, पृ. ३२०)।

[३२] यी तीन ओटा अभिलेखहरूमध्ये दुई ओटामा ल.सेन (संवत् ५१ भाद्र र ७४ वैशाखमा जारी गरिएका थिए भने तेस्रो अभिलेख बुद्धपरिनिर्वाण संवत् १८१३ मा जारी गरिएको थियो । श्री अनन्तशयनम अल्टेकरका मतअनुसार यिनलाई ई. संवत्मा लैजाँदा क्रमश: १२५१, १२७४ र १२६९ मा अभिलेखित गरिएको थियो। (G. Roerich, Biography of Dharmaswamin, Patna 1959, pp. XVI-XVIII); धनवज्र बज्राचार्य, पुर्णिमा-६, २०२२, २०) ले लं. सेन. सं. ५१ र ७४ लाई वि.सं. १३१२ (ई १२५५) र वि.सं. १३३५ (ई १२७८) भनी गणना गरेका छन्। तिव्वती भिक्षु धर्मस्वामीले १२३४ ई. मा मगधको राजधानी बोधगायमा राजा बुद्धसेनलाई भेटेका थिए। बुद्धसेन र उनका छोरा जयसेनका शासन अवधि १२३० देखि १२८५ ई सम्म कायम थियो र यी दुवै राजाहरू खसराजा अशोकचल्लका समकालीन थिए।

[३३] हरिराम जोशी, सुर्खेत-एक संक्षिप्त अध्ययन, मधुपर्क, जेष्ठ २०३५, बर्ष ११, अंक १, पृ. ४८। पुर्ण प्रकाश नेपालले (प्राचीन नेपाल, अंक ८१, जेष्ठ २०६१, पृ. ५), सुर्खेतवाट आनन्द मल्लको शाके सं. १२४४ को अभिलेख वारे उल्लेख गरेका छन्।

[३४] धनवज्र वज्राचार्य, पुर्णिमा ६, २०२२, पृ. २३, सो अभिलेख निम्न प्रकारको छ - 'श्री आजीत मल्ल राजा (स) परीवारश्चिरं जयतु श्रिनाथराउत (शाके १२२१)'

[३५] मोहनप्रसाद खनाल, मध्यकालीन अभिलेख, २०३०, पृ. १-८, रामनिवास पाण्डे, पश्चिम नेपालका राज्यहरूको इतिहास, कला र संस्कृतिको अध्ययन १९९७, पृ. १३४-३५।

आजितमल्ल राजपारिव? सपरिवारम् जयतु शक १२२१' लेखिएको छ।[३६] आनन्दमल्ल सँगसँगै आदित्यमल्ल र यक्षमल्ल (अक्षमल्ल-जक्षमल्ल) को शासन खस क्षेत्रमा रहेको प्रमाण तिनका एउटै मितिका अभिलेखहरू जारी गरिएकोबाट थाहा पाइन्छ। यक्षमल्लको गल्तीले मिति १०३७ वैशाख भनी नाउँ समेत उल्लेख भएको एउटा स्तम्भलेख सुर्खेतको राम्रीकाँडाबाट पाइएको छ जसमा उनकी रानी सत्यरूपादेई (देवी) को पनि नामांकित छ (अभिलेख निम्नप्रकार छ- 'राजाधिराजक्षदेवमल्ल', हरिराम, मधुपर्क, २०३५ जेष्ठ, पृ. ४९, जनकलाल, प्रज्ञा-१, पृ. १०)। हरिराम जोशीले यसको मितिलाई सच्याई शाके १२३७ (१२९५ ई) गर्ने प्रस्ताव गर्नु भएको छ। जुन सत्यको नजीक छ।

अगाडि नै उल्लेख भैसकेको छ कि रिपुमल्लका राज्यकाल (वि.सं. १३७० तदनुसार ई. १३१३) मा लेखिएको बौद्धधर्मबारे पुस्तक अभिसमयालंकार सुर्खेतबाट पाइएको छ (सुरक्षेत्रे। राजराजेश्वर .श्री रिपुमल्लदेव राज्ये)। यस पुस्तकको मितिभन्दा एक बर्ष अगाडि उनको अभिलेख निगिलसागरको अशोकस्तम्भमाथि पाइएको छ। सो निम्न प्रकारको छ - 'उँमणि पद्मे हुँ श्री रिपुमल्ल चिरं जयतु १२३४' (श्री रिपुमल्ल चिरायु रहुन्., ई. संवत १३१२)। उनको अर्को लेख जसमा मिति छैन, लुम्बिनी अशोक स्तम्भको माथिल्लो भागमा यस प्रकार कुँदिएको छ - 'उँ मणि पद्मे हुँ। श्री रिपुमल्लश्चिरञ्जयतु।' त्यसै अभिलेखको तल्लो पंक्तिमा - 'संग्राम (मल्ल:) जय: आदि वाक्यले रिपुमल्लसँगै लुम्बिनीमा उनका छोरा पनि आएका थिए भन्ने प्रमाण प्रस्तुत गर्दछ।

निगलिसागरको अभिलेख मुनि र माथि मजुर कुँदिएकोले रिपुमल्लको राज्यको राजकीय झण्डामा मयूर चिह्न थियो कि भन्ने एउटा महत्वपूर्ण सूचना दिन्छ। खस, यौधेय, कुनिन्द, त्रिगर्त आदि जाति लडाई गर्ने प्रख्यात जातिहरू थिए। यौधेयहरूका मुद्रामा स्कन्द (कार्तिकेय, कुमार) का वाहन मजूर अथवा कुकुट र कार्त्तिकेयको मूर्ति पाइन्छ। (कनिंधम, प्राचीन भारतीय मुद्रा, वाराणसी, १९६३, पृ. ७७, फलक, ६, सं. ६, ७, ८)। यसले खसमल्लहरूको केही सम्बन्ध यौधेय जातिसँग भएको अनुमान गर्न सकिन्छ। शायद रिपुमल्लकै बौद्धस्थलहरूको तीर्थयात्राका सिलसिलामा सेनामैनाबाट प्राप्त खसमल्लहरूको अभिलेख कुँदिने शिलापट्टिकामा 'उँमणि पद्मे हुँ' भनी लेखिएको, एउटा मन्दिरको ठूलो आमलक र एउटा बुद्धमूर्ति लुम्बिनी ल्याई राखिएको छ। उक्त शिलापत्रमा राजाको नाउँ उल्लेख भएको छैन र यो अभिलेख मेटिसकिएको छ। यहाँ यो स्मरणीय छ कि सैना-मैना शायद त्यही प्राचीन रामग्राम हो जहाँ भगवान बुद्धले मज्झिम- निकायका रामगाम-सुत्तन्तको उपदेश दिएका थिए। यसै गाउँमा भगवान बस्दा सारिपुत्रका भाइ चुन्दसमणुद्देसले पावामा निगण्ठ नाटपुत्त (महावीर) को निर्वाणवारे उनलाई सूचना दिएका थिए। यस ठाउँमा रिपुमल्लले एउटा विशाल बौद्ध मन्दिर निर्माण गराई यो प्रस्तरको बुद्धमूर्ति स्थापना गरेका होलान्। गोपाल वंशावली (पत्र(-४३) अनुसार नेपाल संवत् ४३३ फागुण (१३१२ ई.) मा रिपुमल्लले नेपाल उपत्यका भित्र आक्रमण गरेका थिए। तर उनको यस आक्रमणमा उनले यहाँ जयतारीमल्ल जस्तो गाउँ-गाउँमा आक्रमण गरेका, दण्ड असूल गरेको आदि जनतालाई दु:ख दिएको उल्लेख छैन। उनले आफ्नो काठमाडौंको अठार दिनको प्रवासमा बुँगमतीमा अवलोकितेश्वर देवताको दर्शन गरे, पशुपतिनाथको दर्शन गरे र स्वयम्भू चैत्यमा पनि पूजा गरी त्यहाँ ब्रतबन्ध गर्नेहरूलाई भोज ख्वाएका थिए। धनवज्रले उनलाई अत्यन्त धार्मिक प्रवृत्तिका राजा भनी विचार व्यक्त गरेका छन्। सिंजाको चोकी खोला नजीक रहेको उनको अभिलेख अनुसार उनले लोकेश्वरबारे लघुरत्नत्रय नाउँका पुस्तकको रचना गरेका थिए। उनका कालमा सुर्खेत एउटा बुद्धिजीवीहरूको केन्द्रस्थल र सांस्कृतिकारूपमा अत्यन्त जागृत थियो भन्ने थाहा पाइन्छ।

रिपुमल्लसँग राज्यशासन गर्ने उनका काकाका छोरा आदित्यमल्ल (ई.सं. १२९९ पादुकास्थान अभि-१३२७ ई) लाई हामी उनीभन्दा अगाडि शासन संचालन शुरू गरेको र उनी पछि पनि शासन गरिहेको पाउँछौं। आदित्यमल्ल पछि कल्याणमल्ल र उनका छोरा प्रतापमल्लका समयमा सुर्खेतको कस्तो स्थिति थियो यो थाहा हुन सकेको छैन। यिनका समकालीन कुनै अभिलेख हालसम्म नपाइएकोले यी दुवै खस राज्यका उत्तराधिकारीहरू राजा भै धेरै बर्ष शासन गर्न नपाएको भनि अनुमान गर्न सकिन्छ। भोटको वंशावली अनुसार प्रतापमल्लले राज्यत्यागी खोजरनाथका शाक्यविहारमा भिक्षु भईसकेका थिए। यसभन्दा अगाडि उनले आफ्नी छोरी शकुनीमालाको विहा गेलावंशका

[३६] हरिराम जोशी, मधुपर्क, २०३५ जेष्ठ, पृ. ४९, सुर्खेत नगरविकास योजना कार्यालयको र दुल्लु-दैलेख माँझको गुफालेख हरिराम जोशीले प्रकाशित गरेका छन्।

पुण्यमल्लसँग गरी उनैलाई साम्राज्य सुम्पेका थिए। पुण्यमल्लका एउटा ताम्रपत्र (वि.सं. १३९४, ई. सं. १३३७) गोररखाका ताध्वैविहारबाट पाइएको छ जसमा आदित्यमल्लले सो विहार लाई दिएको दानलाई फेरि पुष्टि मात्र गरेका छन्। पुण्यमल्लका पालमा पनि एकपटक ने.सं. ४५४ (ई. १३३३) ले सूचना दिन्छ (सं. ४५४ भाद्र-खसियान स्याङा -- लिस डण्ड कास्यंपिन सङ्का मे चोया)। यस आक्रमणको प्रतिध्वनी पुण्यमल्लको ई.सं. १३३४ को ताम्रपत्रमा उनलाई परमसौगातको उपाधि साथै अन्य देशहरू (जुन सत्यता नभएको अलंकार मात्र हो) सँगै नेपालसँग कर लिने राजा भनी पाइन्छ।[३७] गोपाल वंशावलीअनुसार पुण्यमल्ले ई. संवत १३३३ मा यहाँबाट कर संग्रह गरी साँखूमा आगो समेत लगाएका हुनाले नेपाललाई करद्राष्ट्र (करदीकृत नेपाल) भनिएको हो, तर यस अभियानमा उनी आफू न आई आफ्ना सैनिकहरू मात्र पठाएका थिए होलान्, किनभने गोपालवंशावलीले उनको नाउँको उल्लेख गरेको छैन। यसरी पुण्यमल्लको शासनकाल १३२८ ई. मा शुरू भई १३३७ तिर अन्त भएको थियो।

## पृथ्वीमल्ल

पुण्यमल्लपछि उनका छोरा पृथ्वीमल्ल खसदेशको राजगद्दीमा ई. संवत् १३३८ देखि बसेका थिए। उनकी दुईवटी रानीका नाउँ क्रमशः धर्ममाला र दीपमाला थिए। पृथ्वीमल्ल गेलावंशका प्रतापी राजा भए। उनको समयमा उनको राज्य विस्तार कुमाऊँ, गढवाल, डोटी, अछाम, बझाङ, रासकोट, कास्कीकोट (पोखराको उत्तर-पश्चिमी भाग) र पर्वतसम्म भएको पाइन्छ। उनको कास्कीकोट र पर्वतविजय अभियान पनि सुर्खेत उपत्यकाकै बाटोबाट भएको होला भनी अनुमान गर्न सकिन्छ। उनका दुल्लु वरपर रहेका अनेक अभिलेखले र दुल्लुमा रहेका ई संवत् १३५७ को कीर्तिस्थम्भले पनि उनको राज्यकालमा सुर्खेत-दुल्लु क्षेत्रको महत्वपूर्ण भूमिकाबारे प्रकाश पार्दछ। उनकै राज्यकालमा सत्यालवंशी देववर्माको ई. संवत १३५४ कोपाथर नाउली अभिलेखमा कुवाँ, विश्रामशाला र पञ्चध्यानीबुद्धका स्मृतिस्वरूप पाँचओटा चैत्यको निर्माण गरेको कुरा छ। यस अभिलेखबाट त्यस बाटोको अत्यधिक धार्मिक र व्यापारिक महत्व रहेको बारे प्रकाश पार्दछ।

## सूर्यमल्ल अभयमल्ल

पृथ्वीमल्लपछि उनका उत्तराधिकारी अभयमल्ल सेंजाको राजगद्दीमा बसे। तर उनीले धेरैकालसम्म सेंजामा बस्न नसकी उदम्बरपुरी नाउँको नयाँ नगर बसालेका थिए। अभयमल्लको ई संवत १३७६ को ताम्रपत्र अछामबाट पाइएको छ जसमा उनलाई उदम्वरपुरीका शासक, बालगोपाल, शेषनागका अवतार का साथै बहादुर राजा भनिएको छ। त्यस ताम्रपत्रमा उनको लागि कम्बोज, बाहलिक तथा इरानबाट घोडा नजरानाका रूपमा आउँथ्यो भन्ने पनि वर्णन छ। नरहरिनाथले उदुम्बरपुरीलाई डोटीको डुम्राकोटसँग चिनारी गराएका छन् (नरहरिनाथ, वि.सं. २०१३, ७७३, रामनिवास, १९९७, १४३[३८])। उनका बाजुरा र म्याग्दीका संजेल गाउँबाट पाइएका ताम्रलेखमा उनलाई - 'हिमाली क्षेत्रका बालगोपाल' र 'अञ्जननारायण राय' भनी सम्बोधन गरिएकोले उनको समयमा राजधर्म बौद्धबाट हिन्दूधर्मतिर ढल्केको भनी सूचना दिन्छ। मलयबम रावला उनका राजदरवारभित्रका एउटा कर्मचारी थिए। अभयमल्लको एउटा खंडित अभिलेख ज्वालस्थान पादुका देवलको पीठमा रहेकोले शाके संवत १३०७ (ई. १३८५) तिर दुल्लु-दैलेख क्षेत्रका साथै सुर्खेत पनि उनको नियन्त्रणमा रहेको थाहा पाइन्छ।[३९]

[३७] योगी नरहरिनाथ 'हिमवत्संस्कृति', १-१, पृ. ३४-३५, धनवज्र, पुर्णिमा ५, पृ. २६। गोपाल वंशावलीले १३५३ ई. मा दक्षिण देशबाट आएका जयस्थितिमल्लले राजल्लदेवीसँग विवाह गरेको उल्लेख गर्दछ। महादेवी देवलदेवीको मृत्यु पश्चात् एक वर्ष पछि १३६६ ई. मा उनी शक्तिशाली शासकका रूपमा देखापर्न थाले तर ने.सं. ४९२ (१३७१ ई) र ने.सं. ४९४ (१३७३ ई) को युद्धमा उनलेआफ्ना सारा शत्रुलाई नष्ट गरी नेपाल उपत्यकाका अत्यन्त शक्तिशाली शासकका रूपमा प्रतिष्ठापित भए। त्यसपछि यस उपत्यकाभित्र खसहरू मात्र नभई कुने पनि बाहिरी शक्तिको आक्रमण भएन (गो.रा.वंशा. फा-५३, ५५, र ५६)।

[३८] यहाँ अन्य देश र जातिहरूसँगै दुम्वरपुरीबारे उल्लेख गरेको छ। पाणिनि व्याकरणमा ग्रिक इतिहासकार प्लीनीले औदुम्बर जातिबारे चर्चा गरेका छन् तथा 'ओदुम्वर' लेखिएका प्रथम श.ई. पुर्वका मुद्राहरू कांगडाको ज्वालामुखी क्षेत्रबाट पाइएका छन् (कनिंघम्, प्रा. भारतीय भुगो, १९६३, ६६-६७)। महाभारत सभापर्वमा-'औदुम्वरा दुर्विभागाः' भनी उल्लेख छ, जहाँ उनलाई 'कौटुम्वा' पनिभनिएको छ। जीतेन्द्रनाथ बनर्जीले और्दुवर प्रमुख शिवदास, रूद्रदास धरघोषका पहिलो, दोस्रो श.ई. पुर्वका मुद्रामा परशु र त्रिशुल समेतको शिवमन्दिर र 'भगवती महादेवस्य राजराजस्य' भनी अभिलेख समेत पाइएको सुचना दिएका छन् (हिन्दु मुर्तिकलाको विकास, १९७४, ११८)। दिनेश चन्द्रसरकारले शाल्वजातिका ६ ओटा समुहमध्ये एउटा समुह ओदुम्वर भएको र तिनीकरू कांगडा, गुरदासपुर र होशियारपुर जिल्लामा बस्दथिए। साथै अहिलेका अजमेरकोटका जोहिया राजपुतसँग तिनको परिचय गराएका छन् (द एज अफ इम्पी. युनिटी, १९६८, १६)। विनयपिटकमा (भरतसिंह, १९९१, ३८५ 'कम्वोज-गान्धालेसु' र 'योनकम्वोज गन्धारान' भनी सँगै उल्लेखबाट यो देश गान्धार र बलोचिस्तान नजिक थियो भन्ने थाहा पाइन्छ। कम्वोजका घोडा र खच्चरहरू (कम्वोजका अस्सं, कम्वोजकै अस्सतरे) को उल्लेख जातक कथाहरूमा पाइन्छन्। महावस्तुमा कम्वोजका अत्यधिक राम्रा खालका घोडाहरू (कम्वोजक अश्ववर) वारे उल्लेख छ। यसैप्रकार जैनग्रन्थ उत्तराध्यायन सुत्रमा कम्वोजका खुव दौडने घोडाहरू भेटी चढाएको वर्णन छ। (भरतसिंह, १९९१, पृ. ३७८-३८१)। विमलचरण लाहाले कम्वोजलाई पाकिस्तानका रजौरी, हजारा आदि जिल्लासँगै काफिरिस्तानसम्म विस्तृत प्रदेश भनेका छन् (द एज अफ एम्पी, युनिटी, १९६८, १५)।

[३९] जनकलाल शर्मा, प्रज्ञा-१४, पृ. १३, मोहनप्रसाद खनाल, राजा अभयमल्लका अभिलेख, समीक्षा, २०२८,अंक ३०, पृ. ७।

## मेदिनी बर्मा (मेदिनीमल्ल)

अभयमल्लपछि मेदिनीमल्ल सेंजाको राजगद्दीमा बसी शासन गरेको व्यहोरा शाके संवत् १३१५ (ई. १३९३) को सेंजाबाट जारी गरिएको एउटा ताम्रपत्र प्रकाशित गरेका छन् जसमा उनलाई मेदिनीमल्ल भनिएको छ। (रामनिवास, १९९७, १६०)। माथिल्लो ताम्रपत्रका अनुसार उनले जुमला स्वर्णग्राम नगरमा विशाल सेतो चौघरा निर्माण गरेका थिए। रामनिवास पाण्डेले तिब्बती वंशावली र मेदिनी बर्माकै ताम्रपत्र लेखका आधारमा बलिराजलाई मेदिनी बर्माका ज्वाईं र उनका उत्तराधिकारी भनेका छन् । मेदिनी बर्मा जुमला र दुल्लुबाट शासन गर्ने मल्लवंशी नागराज र गेलावंशी पुण्य मल्लका अन्तिम शासक उत्तराधिकारी भए। उनीपछि सत्यालवंशका राजा बलिराजले सेंजाबाट शासन गर्न थाले। किनभने मेदिनी बर्माका छोरा थिएनन् र आफ्नो छोरीको बलिराजसँग विहा गरी उनले सन्यास लिएका थिए। यसै बखत उतातिर रासकोटी मलैवम्मले आफ्ना छोराहरूलाई बाईस भागमा राज्य बाँडेका थिए। मलैबर्माका शाके संवत् १३०० (ई.सं. १३७८) को ताम्रपत्रलेख र शाके १३११ (१३८९ई) को जाजरकोटबाट पाइएको ताम्रपत्रलेख, अभिलेख र वंशावलीबाट उनका शासन सुर्खेत, दुल्लु-दैलेख, जाजरकोट, कालिकोट, विलासपुर, सल्यान, सिन्जा र जुम्लामा रहेको कुरा प्रमाणित हुन्छ। यसैक्रममा शाके संवत् १३४२ (ई १४२०) को सुर्खेत फिनीकाँडा क्षेत्र र दुल्लु शिरस्थानको ज्वालादेवी मन्दिरको शाके सं. १३९१ (१४६९ ई.) को अभिलेखले त्यस प्रदेशमा त्यस वखत चन्द्र उपनाम भएका क्रमशः विद्याचन्द्र, उदयचन्द्र, उद्योतचन र महीचन्द्र राजाहरूको उल्लेख आउँछ । यी राजाहरूको नामोल्लेख भएका दुईवटा अभिलेखहरूलाई जनकलाल शर्माले 'अज्ञात राजाहरू' भनी तिनको परिचयबारे अनभिज्ञता व्यक्त गरेका छन् (प्रज्ञा-१४, पृ. १० र पृ. १२)। तिनको इतिहासबारे खोजी गर्न हामीले कुमायुँको इतिहासलाई केलाउनुपर्दछ। कुमायुँ प्रदेशका चम्पावत राजधानीबाट राज्य गर्ने उद्यानचन्द्रबारे एटकिन्सनले उल्लेख गरेका छन् र उनको राज्य १४२० ई तिर भएको व्यहोरा उल्लेख गरेका छन्। डोटी र कुमाऊँका बीच पछि १४५० ई. देखि सोह्रौं शताब्दि सम्म पटक-पटक युद्ध भएको र कहिले डोटी र कहिले कुमाउँको विजय भएको हामी पाउँछौं।[४०] सुर्खेत र दुल्लु ज्वालामाई मन्दिर अभिलेखका राजा उदाचन्द्र र उद्योतचन कुमाऊँका राजा उद्यानचन्द नै हुन् भने (जसको अत्यधिक संभावना, नाउँ र मितिको समानताले गर्दा छ) यस क्षेत्रमा ई संवत् १३९१ देखि १४२० सम्म उनको पनि उपस्थिती रहेको कुरा थाहा पाइन्छ। दुल्लुका मलैवर्मावंशज राजा प्रताप शाही र तिनका भतिजा मानसाहीको राज्यकालमा शाके संवत् १५०४) र श्री संवत् १६३९ (तदनुसार ई. संवत १५८२) मा नाथपंथी शैवयोगी लगननाथका चेला आतमनाथले लाटीकोइलीको मन्दिर वाराणसीबाट रामकृष्ण नाउँका सथपित बोलाई निर्माण गराएका थिए। महाराजाधिराज प्रताप साहीकी रानीले ई. संवत १६६८ मा देवानधारा (गोमतीधाराका नामले पनि प्रसिद्ध) लाई जीर्णोद्धार गराएकी थिइन्। यसै वंशका विलासपुरबाट शासन गर्ने राजा सुल्तान शाहीले ई.सं. १६३४ मा विलासपुर गढीको तल रहेको मकरधारा निर्माण गराएका थिए। वि.सं. १६२५ (तद्नुसार ई.संवत १५६८) मा दुल्लुका राजा प्रतापशाही, राजकुमार मानशाही र दैलेखका राजा संग्राम शाही मिलेर दुल्लु शीरस्थानमा एउटा पाटी बनाई ज्वालामाईलाई अर्पण गरेका थिए। तर सुर्खेत क्षेत्र दैलेखका राजाहरूको कब्जामा रहेको थियो भनी लाटीकोइली मन्दिरको ई. संवत् १५८२ को अभिलेखले प्रमाणित गर्दछ। रासकोटी वंशावली र दुल्लुका वंशावली बमोजिम दैलेखका प्रथम राजा संसार बर्मा थिए। १७८९-१७९० ईं मा श्री ५ रणबहादुर शाहका राज्यकालमा सरदार कालु पाण्डे र अमरसिंह थापाको नेतृत्वमा गोरखाली सेनाले सुर्खेतमा दुल्लुका सेनालाई परास्त गरेका थिए र सोही बर्ष (वि.सं. १८४६) मंसिर महिनामा गोरखाली सेना कालु पाण्डेको नेतृत्वमा दुल्लुभित्र पसेको थियो (नरहरिनाथ, इति.प्रकाश, अंक-२, भाग ३, पृ. ४३८[४०क])। यसरी दैलेख-

---

[४०] विश्वनाथ भट्टराई, प्राचीन नेपाल, अंक ३०-३९, वैशाख २०३४, पृ. ४६, Etkinson, Kumaun Hills, Delhi, 1974, P. 527. He writes-'His-Udayachand 1420 AD_Possessions-therefore extended from the Sarju on the north to the Terai on the south and from the Kali westwards to the Kosi and Suwal'. हुन त अर्को उद्योगचन्द्र नाउँका राजले त्यसैवंशमा १६८० देखि १६९८ ई) सम्म शासन गरेका थिए। डोटीका राजा अजुनमल्लका छोरा भुपतीन्द्रमल्लको शासन डोटीमा १५५८ ई. तिर थियो। उनले आफ्नो छोरीको बिहा कुमाउँका राजा कल्याणचन्दसँग गरेका थिए। तर उनको मृत्युपछि उनका छोरा हरिशाही र ज्वाई कल्याणचन्दका माँझशीरा क्षेत्रका लागि भयंकर युद्ध भयो जसमा कल्याणचन्दको मृत्यु भयो। पछि कल्याणचन्दका छोरा रूद्रचन्दले डोटीमाथि आक्रमण गरी शीरा क्षेत्रलार्य हरिशाहीको छोरा रामशाहीसँग खोसेका थिए। यस किसिमसँग डोटी, कुमाउँ र गढवालका शासकहरूका माँझमा बराबर लडाई भइरहने अनेकौ घटना छन् (रामनिवास पाण्डे १९९७, १७५)।

[४०क] नेपालदेशको इतिहास, प्राचीन नेपाल, अंक २४, २०३० (१९७३), पृ. १, मा सो बारे निम्न विवरण पाइन्छ 'शक्ति १७१२ मा सरदार अम्वरसिंह थापा, कप्तान गोणैयां, कप्तान रणवीर खत्री र सरदार शत्रुसाधन शाहीले कम्पनी २ र कास्कीका जयभद्र बोहरा, थरघर, उमराउ समेत साथमा लिई सुरखेतको लडाई मारी दैलेख सर गरे।'

दुल्लु-सुर्खेत क्षेत्र वृहद् नेपालराज्यमा गाभिएको थियो र सो समयमा त्यहाँका राजा उत्तम शाहीले नेपाल राज्यको आश्रय स्वीकार गरेका थिए । वि.सं. २०१७ सालमा राज्य-रजौटा उन्मूलन नभएसम्म त्यहाँ रासकोटी राजा मलय बर्माका वंशजहरूले नेपालराज्यका आश्रित राजाका रूपमा शासन संचालन गरेका थिए ।

सुर्खेत-दुल्लु क्षेत्रमाथि गोरखाली शाहवंशको प्रभुत्व कायम भएका अनेक प्रमाणहरू त्यहाँ पाइन्छन् । राजेन्द्रवीर विक्रम शाहको समयमा ई. संवत् १८१९ मा बालेश्वरमा धर्मशाला निर्माण गरिएको थियो भने समकालीन अभिलेखहरू पादुकास्थान र धूलीश्वर मन्दिरमा पनि पाइएका छन् । यसै दुल्लुका राजा विक्रम शाह, रामदत्त शाहदेखि बहादुर शाहसम्मका नाउँको उल्लेख भएको ई. संवत् १८३५ को अभिलेख ज्वालामाईको धूनिघरमा पाइएको छ । यहाँ राजा राजेन्द्र विक्रम शाहदेवका राज्यकालमा जारी भएको क्रमशः १८९६ र १८९८ वि.सं.को रूक्कामा दुल्लु, दैलेख र सुर्खेतमा रैतीलाई सहुलियत दिन नियमकानुन बारे निर्देशन पाइन्छ । (मोतीलाल पन्त, सुर्खेत: दैलेखको सेरोफेरो, २०५४, मुखपृष्ठ)। यसपछि ई.सम्वत् १८७७ मा काजी जयमानसिंहले धूलीश्वर मन्दिरमा चँदुआ राखेका थिए । यसै गरी ई सम्वत् १९०३ मा पृथ्वी वीर विक्रम शाहका शासनकालमा पादुका ज्वालास्थानमा चाँदीका चँदुआमा र बालेश्वर मन्दिरको घण्टामा ई. सम्वत् १९०४ को अभिलेख पाइएको छ । यसरी खसक्षेत्रमा पछि स्थापित सम्पूर्ण बाइसी राज्यमाथि बृहत् नेपालको शासन विस्तार हुन गएका प्रमाणहरू पाइन्छन् । वि.सं. १८५९, १८७९, १८८१, १८८५, १८९६, १८९७, १८९८ र १९०६ का रूक्का तथा पत्रहरू लाई पढ्दा सुर्खेतमा धेरै कम वस्ती थियो, जसको कारण औल लाग्ने रहेछ । ती पत्रहरू अनुसार शाहकालीन प्रशासक र भारदारहरूले सुर्खेत र दैलेखमा बस्ती बसाल्न र जग्गा आवाद गर्न निकै ठूलो प्रयास गरेका थिए । (सुर्खेत दर्पण, २०५४, ५६३-५८४) ।

यस प्रकार सुर्खेत-दुल्लुक्षेत्र र सुर्खेत उपत्यका प्रागैतिहासिक कालदेखि लिच्छवीकाल (९०० ई.) सम्म सम्पूर्ण खसराज्यको राजधानी र केन्द्रीय राजनैतिकस्थल रहेको अनुमान गर्न सकिन्छ । सुर्खेत उपत्यकाभित्र भविष्यमा गरिने अन्वेषण र उत्खनन कार्यले यस मतको पुष्टि गर्ने आशा छ । दशौं-एघारौं ईं पछि खस राज्यको विस्तार तिब्बतको अधिकांश पश्चिमी भागमा भएकोले खस राजधानीलाई क्रमशः दुल्लु र सेंजाका माथिल्ला पहाडी भागमा सारिएको प्रमाण उपलब्ध हुन्छन् । सुर्खेत उपत्यकाभित्र हालसम्म क्राचल्लको अभिलेख पाइएका छैनन् तर पछि खसराज अशोचल्लको दुल्लु पादुकास्थानमा रहेको मिति नभएको बुद्ध मूर्ति अभिलेख, जयतारी मल्लका दुईवटा सुर्खेत चौधनचौर र घरेलु मन्दिरमा रहेको ई.सं. १२९२ का अभिलेखहरू, आनन्द मल्लको मिति नभएको सुर्खेत मंगलगढीको अभिलेख, यक्ष मल्लको (गल्तीले शाके १०३७ अंकित) सुर्खेत राम्री काँडा (१२९२ ई.आसपास) को अभिलेख, रिपुममल्लको शासनकालमा वि.सं. १३७०.मा लेखिएको अभिसमयालंकार नाउँको बुद्धधर्म विषयको पुस्तक जसमा लेखिएको छ-'सुरक्षेत्रे राजराजेश्वर ..... श्री रिपुमल्लदेव राज्ये', का साथै आदित्यमल्लको समेत नगरविकास कार्यालय, सुर्खेतको अभिलेख पाइएका छन् ।राजा विचोजी, उदाचन्द्र र महीचन्द नाउँ भएका कुमायुँ चम्पावतका राजा 'उद्यानचन्दको (ई. सं. १४२० वरिपरिका) सुर्खेत फिनीकाँडाको अभिलेख, बागढुंगा शिवालय सुर्खेतबाट शाके १३५४ (ई.सं. १४३३) को राजा पृथ्वी मल्ल कालका अभिलेख, लाटीकोयली सुर्खेत शिवमन्दिरबाट पाइएका शाके १५०४ (ई. १६३९) को दुल्लुका रास्कोटी मलय वर्मा वंशका राजा प्रताप शाही र मान साही कालका अभिलेख र डोटेली राजा दीप शाहीको ई. संवत् १८०० को ताम्रपत्र लेखमा सुर्खेत भएर गोर्षालीहरूले उनलाई लडाईमा हराएको उल्लेख छ । यसरी खास सुर्खेतबाट नौवटा अभिलेख पाइएका छन् र अभिसमयालंकार ग्रन्थमा तथा दीप शाहीका ताम्रपत्रमा सुर्खेत उपत्यकाको उल्लेख पाइएको छ । यसरी खस मल्लकालमा सुर्खेतमा विद्वत्वर्गसमेत भएको र यो भौतिकरूपमा विकसित नगरको रूपमा रहेको थाहा पाइन्छ ।

खसक्षेत्रमा वास्तुको शुरूआत प्रस्तरकालको अन्तिम चरणमा भएको प्रमाण पाइएका छन् । ब्रह्माण्ड पुराण (अध्याय-७, आचार्य, वास्तुशब्दकोष, १९९५, ८) ले भन्दछ कि मानवको पहिलो वसोवास गुफामा भएको थियो र पछिमात्र उसले आफूलाई चीसो र गर्मीले सुरक्षाका निमित्त (शीतोष्ण-वारणात्) घरको निर्माण गरेको थियो ।[४०ख] त्यसपछि उसले खेत, पुर,

[४०ख] यस्तै विवरण बौद्ध साहित्यमा विनयवस्तुका महावग्ग (१-३०-४) र चुल्लवग्ग (६-१-२) मा पाइन्छ । जहाँ भिक्षुहरुका लागि पाँच किसिमका आवास घर क्रमशः विहार, अद्वयोग, प्रासाद, हर्म्य र गुहा (पंचलेना नि) को दान गर्न स्वयं भगवान बुद्धले भक्तजनलाई आग्रह गरेका छन् (आचार्य, मानसार शिष्पशास्त्र, इलाहाबाद, १९२७, १०) ।

ग्राम र नगरहरूको निर्माण गऱ्यो । माथिको यो वाक्य खसक्षेत्रका लागि पनि साँचो भएको पाइएको छ । सम्पूर्ण नेपालका खसक्षेत्रमा मात्र होइन, कश्मीर, पंजाब, स्फ्रीति, कुमाऊँ-गढवाल, तिब्बत र भूटानमा पनि प्रस्तरकालीन गुफाहरू पाइएका छन् । यी गुफाहरू अनेक नदीका किनारमा अग्ला पहाडको मुखमा, पर्वतभित्र निर्माण गरिएका छन् । यिनका भित्री भागमा तीनदेखि पाँच-५ ओटासम्म कोठाहरू र पूजाकोठासमेत निर्माण भएका छन् । मृत्युपछि लाशलाई राख्नका लागि पनि विशेष गुफाहरू बनाइएका थिए । यी गुफाहरूको निर्माण समय ९०० ई. पूर्व देखि १७ औं श.ई. सम्म हो ।[४१] सातौं श.ई. मा आउने चिनी यात्री युवान-च्वांगले पनि यी गुफाबारे चर्चा गरेका छन् जहाँ उनका समयमा केही गुफाभित्र बौद्ध भिक्षुहरू समाधिमा बस्दथे र तपस्या गर्दथे (बाटर्स, १९७३, I, पृ. १२५) । उनले गान्धार क्षेत्रका केही मन्दिर (शिव मन्दिर र भीमादेवी मन्दिर) बारे पनि चर्चा गरेका छन् ।

## सुर्खेत-दुल्लु-दैलेखका मन्दिर तथा मूर्तिहरू

पश्चिम नेपाल र पछि सम्पूर्ण नेपाल देशमा समेत आफ्ना भाषा, संस्कृति, खसहरूको परिचय, धार्मिक विश्वासका अमिट छाप र प्रभाव पार्ने यी खसहरू को हुन् यस बारे अलि छलफल गरौं । सम्पूर्ण हिमाली क्षेत्रको एउटा प्राचीन शिव मन्दिर भरमौर (लाहौल उपत्यका) भन्दा पश्चिम गद्दियान क्षेत्रमा छ । प्राचीन कालमा भरमौर (ब्रह्मपुर) चम्बा राज्यको राजधानी थियो । भरमौरका राजा मेरूवर्माले सातौं श.ई. मा यहाँ एउटा अग्लो शिवमन्दिर, चन्द्रशाल (दुई तल्ले भवनमा आँखीझ्यालहरू भएका भवन), मण्डप र विशाल सुवर्णलेप भएको तामाको नन्दीको निर्माण गराएका थिए (जसको ताम्रलेख निम्नप्रकार छ - 'प्रासाद मेरू सदृशं हिमवन्त मूर्ति ... तच्चन्द्रशाल रचितं नवनाभ नाम । तस्याग्रतो वृषभ ... श्री मेरूवम्मं चतुरो ... ) । भारतीय विद्वान कृष्णदेवले हिमाचल प्रदेश, कुल्लु जिल्लामा रहेको मनालीनजिक आठौं श.ई. को प्रतिहार शैलीमा जगतसुखमा निर्माण भएको सानो शिवमन्दिरवारे उल्लेख गरेका छन् । यस मन्दिरको त्रिरथाकार गर्भगृह र चैत्याकार तेर्छो झ्यालहरू भएको शिखर उल्लेखयोग्य छ । त्यस्तै आठौं श.ई. का जगेश्वर, गोपेश्वर र लखमण्डलका शैवमन्दिरहरू पनि त्यस हिमाल क्षेत्रमा शिखराकार अथवा पञ्चरथाकार छन् र तिनका अगाडि साना मुखमण्डप र कहिलेकाही पूर्णमण्डप पनि छन् । गोपेश्वर र जगेश्वर मन्दिरमा वर्गाकार गर्भगृह र शिखर हस्तिपृष्ठाकार छन्, जुन ग्वालियरको प्रतिहार शैलीका तेलीका मन्दिरमा पाइन्छ । कुल्लुका बजौरामा बहेश्वर महादेव मन्दिरमा चतुर्द्वार छ र यो अलि विकसित वास्तुशैलीको छ । यसको निर्माण नवौं श.ई. मा भएको थियो (कृष्णदेव, उत्तर भारतका मन्दिरहरू, १९६९, पृ. २४) । बजौरा मन्दिरको समकालीन काठबाट निर्माण गरिएका छत्ररहित शक्ति देवीको मन्दिर र ब्रह्मौर (भरमौर) चम्बाक्षेत्रका लक्षणदेवी मन्दिरहरू छन् ।

खसराज क्राचल्ले कुमाउँ बालेशवर महादेव मन्दिरको निर्माण १२२३ ई. (शके सं. ११४५) मा गरेका थिए । यसपछि अशोक चल्लले कुमाऊँको गोपेश्वर मन्दिर ई. संवत् १२६९ (शाके ११९१) मा निर्माण गराएका थिए । उनको राज्यकालका तीनओटा अभिलेखहरू क्रमशः ल.सं. ५१, ७४ र परिनिर्वाण संवत् १८१३ (ई.सं. १२५१, १२७४ र १२६९, डा. अल्टेकरको भूमिका, रोरिक, १९५९) अंकित बोधगयाबाट पाइएका छन् जसमा उनले त्यहाँ बुद्धमूर्ति, गंधकुटी र बौद्ध विहार निर्माण गराएको वर्णन पाइन्छ । ('वीहारीयं बुद्ध प्रतिमा सहिता कारिता ... । नैवेद्यार्थ ये .. श्रीमन्यहानोघौ सिंघलसंघाद प्रत्यहं देयं -' पूर्णिमा ६, पृष्ठ २०, एपि. इंडिका, भाग-१२, पृ. २९, रोरिक, धर्मस्वामीको आत्मकथा, १९५९, भूमिका-२३ ।) यस तथ्यले उनको मूर्तिकला, र स्थापत्यकलामा निकै अभिरूचि रहेको तथ्यलाई हाम्रो अगाडि ल्याउँछ । अशोकचल्लकै शासनकालमा पद्माशनमा बसेका र भूमिस्पर्शमुद्रामा बुद्धमूर्ति पादुकास्थानमा पाइएकोले र त्यसमा साउना कार्की र साउका कर्क्यानिले निर्माण गराएको त्यो देवल हो भनी अभिलेख छ । (सूर्यमणि अधिकारी, २०४३, ५) । तर त्यो देवालय कस्तो थियो भन्ने थाहा हुन सक्दैन किनभने त्यसको अवशेष बाँकी छैन ।

## काँक्रेविहार बौद्ध मन्दिर

यो मन्दिर सुर्खेत बजारबाट दक्षिण कुनातर्फ छ र यस ठाउँको सबैभन्दा प्राचीन र विशाल स्थानीय ढुंगालाई तासिएर निर्माण गरिएको शिखर शैलीको मन्दिरको भग्नावशेष हो । स्थानीय

[४१] K.P. Nautiyal, The Archaeology of Kumaon, 1969, Varanasi, G. Tuchhi, Preliminary Report onf Two scientific Expeditions in Nepal, 1956, Roma; F. Haimendorf, Megalithic Elements in Nepal and their relations to Indian Megalithic Movements, International conference in Asia Archaeology, 1961; D.N. Tiwari, Ancient Nepal No-85, Angela Simons, Ancient Nepal Nos, 130-133; Nos, 136, 138, 140; T.N. Mishra, Ancient Nepal No-136, pp. 147-160; Christoph Cuppers, Short Remarks on the caves of Tabo in Spiti, Ancient Nepal No-138.

जनता यसलाई काँक्रेविहारको नाउँले सम्बोधन गर्दछन् । सम्भव छ यसै ठाउँमा एउटा विहारको पनि निर्माण गरिएको थियो जसबाट यो ठाउँ विहारको नाउँले अझै सम्बोधन गरिन्छ । यी तासिएका ढुंगा च्याप्टो फलामका डन्डीहरूले जोडिएका थिए र यिनका बाहिरी भागमा अनेक किसिमका बुट्टाहरू छन् । यहीको भग्नावशेषमा दुइटा शिखरशैलीका मन्दिरका आकार कुँदिएका छन्, जसमध्ये एउटाले पञ्चरथशैलीको शिखराकार र लम्बरेखाकार मन्दिरलाई प्रदर्शित गर्दछ भने अर्कोमा जगमाथि दुईतल्ले शिखर मन्दिरको प्राचीनरूपलाई देखाउँछ । यस मन्दिरको शिरोभागमा आमलक, घटकलश र बीजपूरक थियो भन्ने मन्दिरको सानो प्रतिरूपबाट र ढुंगाको समूहमा रहेको विशाल आमलकले प्रमाणित गर्दछ । प्रयागराज शर्माले पनि काँक्रेविहारबारे एउटा तेस्रो सानो मन्दिरको प्रतिरूप आफ्नो पुस्तकमा प्रस्तुत गर्नुभएको छ, जुन लम्बाकार रेखादेवलको शिखरशैलीको मन्दिरको चित्रण गर्दछ (कर्णालीघाटीका मूर्ति र वास्तुकला, १९७२, चित्रफलक-६ बी) । यस मन्दिरका अधिष्ठानमाथि शिखरभागसम्म यसका सम्पूर्ण अंगमा अर्धचन्द्राकार फूलबुट्टा (शोभनैः पत्रवल्लिभिर अण्डकैश्च विभूपितः- मत्स्यपुराण, अध्याय, २६९, २०, आचार्य, वास्तुशब्दकोष, १९९५, ३३५, छ) । यस्तो पत्रांकित ढुंगाहरू (पत्रवल्लि) को प्रयोग जगतीमा गर्ने चलन थियो (मानसार, अध्याय-१६, श्लोक ५४, पाद-विस्तार संयुक्तम पत्रवन्धम इति स्मृतिम्-कामिकागम, LIV, ६), चौकोणबुट्टा, कोण आमलक, अष्टकुने चक्र, पत्रमालिका (यसलाई शिशुपालवध नाटकमा - 'कृत्रिम पत्रिपंक्ति' भनी उल्लेख गरिएको छ'), साना साना शिखर प्रासादहरू, हिंडिरहेका हंसपंक्ति (जसलाई मेदिनी वर्माको ताम्रपत्रमा-'सरोवर राजहंश' भनिएको छ ।) द्वारा सजाइएको पाइन्छ । कोण आमलकको प्रयोग प्रतिहारहरूका मन्दिरमा, पुष्पका माथि राजहंशको चित्रण छैठो शताब्दिको सारनाथको घम्मेक स्तूप प्रस्तर पट्टमाथि पाइन्छे (कुमार स्वामी, यक्ष, II, ८२) । उडिसाका मन्दिरमा र कुमाऊँ-गढवालका मन्दिरहरूमा पाइन्छन् भने नेपालका खसक्षेत्रमा यसको प्रयोग ई. सम्वत् १२८० (शाके. १२०२) को अभिलेखसमेत भएको अछामका विनायक (चार मन्दिरको समूह) का चारवटै मन्दिरमा, रावतकोटका मन्दिरमा र किमू गाउँ (दैलेख) का मन्दिरहरूमा पाइएका छन् (प्रयागराज, (१९७२, प्लेट २, ३ र ५) । यी मन्दिरका विभिन्न भागका ढुंगाहरूमध्ये एउटामा योगासन ध्यानमुद्रामा बुद्धको मूर्ति कुँदिएको छ, भने अर्को ढुंगामा पद्मपाणिलोकेश्वर बसेको र बायाँभागमा दुईओटा बोधिसत्व मूर्तिहरू चित्रित छन् । यी मूर्तिहरूलाई मन्दिरका शिखरहरूका अर्धजंघाहरूभित्र प्रदर्शित गरिएको थियो । यी ढुंगाहरूमध्ये एउटा ढुंगामा महापद्म कुँदिएको छ, शायद यस ढुंगाको प्रयोग गर्भगृहको भित्री माझछानामा गरिएको होला । यस विशाल बौद्ध मन्दिरको निर्माण पनि अशोक चल्लकै शासनकालमा (१२५५-१२७८ ई भित्र) भएको हुनुपर्दछ किनभने यत्रो ठूलो बौद्धमन्दिरको निर्माण गरिने प्रविधि र क्षमता उनके शासनकालमा मात्र थियो ।

## लाटीकोइली मन्दिर

यो मन्दिर १५८२ ई. (शाके १५०४ श्रीसंवत १६३९) मा मलै वर्माका वंशज राजा प्रताप शाही र मान शाहीको राज्यकालमा नाथसंप्रदायका साधु आत्मनाथले निर्माण गराएका थिए । यस मन्दिरका स्थपति (थवई) वाराणसीका रामकृष्ण थिए । यो मन्दिर ताशिएको ढुंगाबाट निर्माण गरिएको छ र यसमा ३.३० मीटर आकारको चोकोर गर्भगृह माथि अर्धचन्द्राकार गुम्बज र त्यसमाथि गजुर छ । यो मन्दिर पूर्वगुप्तकालका साँची (मन्दिर संख्या १७, पाँचौ श.ई) र एरण (सागर जिला) का मन्दिरहरूको पछिल्लो कालका अनुकरण हो (पर्सि ब्राउन, बम्बई, १९५९, चित्र सं. एक्स एल ११, १-२, कृष्णदेव, उत्तरी भारतका मन्दिरहरू, १९६९, पृ. ८) । यस मन्दिरको तुलना दोस्रो-पहिलो श.ई. पूर्वका औदुम्बरहरूका मुद्रामा देखाइएको शिवमन्दिरसँग पनि गर्न सकिन्छ (कनिंघम, प्राचीन भारतीय मुद्रा, १९६३, पृ. ६८, कुमारस्वामी, यक्षहरू, १९७१, I, पृ. १९, जी नाथ बनर्जी, हिन्दू मूर्तिकला, १९७४, ११८) । यस मन्दिरभित्र शिवलिंग छ र यहाँ धातुका पार्वती, र ढुंगाका गणेश मूर्तिहरू पनि राखिएका छन् ।

## घरेलु प्राङ्गणका मन्दिर

यो मन्दिर सानो भएपनि यहाँ शाके संवत् १२१४ (ई १२९२) को एउटा शिलालेखले यस ठाउँमा प्राचीन कालमा पनि मन्दिर रहेको प्रमाण प्रस्तुत गर्दछ । जनकलाल शर्माले यस ठाउँमा रहेको नयाँ मन्दिरले गर्दा त्यस अभिलेखलाई हिजरी संवत् भनी अनुमान गरेका छन्, तर सुर्खेत चौघनचौरमा जयतारि मल्लको यही मिति १२१४ शाके संवत् भएको अभिलेख पाइएकोले घरेलु प्राङ्गणमा पाइएको अभिलिखित मन्दिर पनि उनैका पालाका हुन् भन्ने निश्चित छ । यस मन्दिरमा भैरवको एउटा पुरानो मूर्ति छ । यसले यो ठाउँ शैवशाक्त अथवा बौद्ध सम्प्रदायसँग सम्बन्धित रहेको अनुमान गर्न सकिन्छ ।

## सुर्खेतका अन्य मन्दिरहरू

वीरेन्द्रनगरको खावासमेत भएको मंगलगढीमा एउटा टाउको नभएको खिइएको र काँक्रेविहारको समकालीन मूर्ति र मन्दिर को भग्नावशेष छ । हाल सुर्खेतको सदरमुकाम रहेको ठाउँ नजिकै राम्री काँडा र रानी सत्यरूपा देईमा यक्ष मल्लको नाउँ भएको एउटा स्तम्भ छ जसमा शाके संवत् १०३७ लेखिएको छ तर यो १२३७ (ई.सं. १३१५) हुनुपर्ने देखिन्छ । उनको अर्को पादुकास्थानको अभिलेख ई. संवत् १२९९ को पाइएको छ । वागढुंगानजिक एउटा शिवालयबाट राजाको नाउँ नभई त्यसमा शाके संवत् १३५४ (ई १४३३) मात्र कुँदिएको अस्पष्ट अभिलेख छ। यो अभिलेख कुमाउँका कुनै चन्द राजाका अथवा मलेवंशका सुमेरस वर्माका सन्तान संसारीवर्मा (दैलेख दुल्लुका राजा) को हुन सक्दछ। वीरेन्द्रनगर र ढोलढुंगाका माझमा गंगा मालादेवीको एउटा सानो मन्दिर छ।[४२] सुर्खेत उपत्यकामै इतराम नाउँको ठाउँमा एउटा सानो स्तम्भमा बुद्ध, तारा, मैत्रेय, र लोकेश्वर का मूर्तिहरू कुदिएका छन् । यसमा राजाका नाउँ 'जयादित्यमल्लदेव' लेखिएको र यो अभिलेख ई. संवत् १२९२ को हो । यस्तै चौघन चौरमा दुईओटा महाकाल मूर्तिहरूमध्ये एउटा वसेको र अर्को उभेको मुद्रामा छन् । दुवै मूर्तिहरूका चार-चारओटा हात छन् (प्रयागराज, १९७२, प्लेट सं. ८, सी, हरिराम, मधुपर्क, पृ. ५०) ।

## दुल्लु दैलेखका मन्दिर र मूर्तिहरू

दुल्लु-दैलेख माँझमा अजित मल्लकालको अथवा उनैले निर्माण गराएको शक संवत् १२२१ (ई. १२९९) मिति समेत अंकित गुफा छ (सो अभिलेखनिम्न प्रकारको छ - ऊँ सत बुद्ध सि (श्री) अजीत मल्ल राजपारिवः सपरिवारम् जयतु शक १२२१' - हरिराम, मधुपर्क २०३९/४९) । दैलेख बजारबाट अन्दाजी दुई मील टाढा भूर्तिनाउँको ठाउँमा अन्दाजी उन्तीस ओटा ढुंगाका शिखरशैलीमा निर्माण गरिएका मन्दिरहरू छन् । यी मन्दिरहरू एक ठाउँमा चौबीस ओटा र अर्को ठाउँमा पञ्चदेवल समूहमा छन् । भूर्तिबाट अन्दाजी आधाकोस पर माथि विलासपुर गढी छ जसको छेउमा एउटा मकरधारा छ । यस धाराभित्र त्यहीका राजा सुर्तान शाहको ई. संवत् १६३४ (शाके १५५६) । को एउटा अभिलेख छ । राजा सुर्तान शाहको नाउँ योगी नरहरीनाथले उल्लेख गरेका दुल्लुको राज्यवंशवृक्षमा पाइदैन ।

दैलेखबाट दुल्लु जाँदा लगभग तीन मील पर दुईओटा नदीका दोभानमा शिरस्थान नाउँको पवित्र तीर्थस्थल छ । यस ठाउँमा मध्यकालदेखि आधुनिक कालका समेत थुप्रै मूर्तिहरू छन् । यहाँ प्राकृतिक ज्वाला बलिरहेको छ जसलाई ज्वालादेवीको स्थान भनिएको छ । यसमाथि ढुंगाका शिखरशैलीका मन्दिर निर्माण गरिएका छन् । यहाँ अरू मन्दिरका भग्नावशेषहरू पनि छन् । शिरस्थान ज्वालामाई मन्दिर छेउमा गुमटीघर र धूनीघर छन् । पछि बाईसे राज्यसंगठन भएपछि वि.सं. १६२५ (१५६८ ई.सं.) को ताम्रपत्रलेखअनुसार दुल्लुका राजा प्रतापसाही र राजकुमार मानसाही र दैलेखका राजा संग्रामसाही मिलेर यस ठाउँमा एउटा पाटी निर्माण गराएका थिए (सूर्यमणी, २०४३, १५१) । यस ठाउँमा उमामहेश्वर, धर्मराजका मूर्ति, बुद्धमूर्ति, धातुका मन्जुश्री, वसुन्धरा, महाकाल र केही भक्तजन, (मल्ल राजा र रानी) का मूर्तिहरू छन् ।

शिरस्थानबाट माथि दुल्लुतिर गएपछि नाभिस्थानको ज्वालामन्दिर आउँछ । यहाँभित्र पनि एउटा लक्ष्मीनारायाण्को मूर्ति, अर्को नारी मूर्ति र राजाका मूर्तिहरू छन् । शिरस्थान जस्तै नाभिस्थानमा पनि मुख्य देवता ज्वालामाई नै छन् । शिर स्थान र नाभिस्थान दुवै तल छन् भने त्यसको माथिल्लो भागमा दर दुल्लुको समानान्तरमा धूलीश्वरस्थान छ । यस स्थानमा पृथ्वीतलबाट कहिलेकाँही धूलो फ्याँकिने भएकोले यसको यो नाउँ भएको हो, तर अब धूलो अथवा ग्यास आउन बन्द भएको छ । यसै स्थानमा एउटा मन्दिरभित्र धूनी बाल्ने चलन छ, जसलाई पाटनको हिन्दूअग्निमठ अथवा स्वयम्भू र बोधनाथ स्तुप नजिक आदिबुद्धको प्रतीकात्मक रूपमा बालिने गरिएको अग्निमठसँग तुलना गर्न सकिन्छ । धुलीश्वरको नयाँ

[४२] सुर्खेतमा जस्तै दैलेखको पुर्वमा वसन्तमालाको मन्दिर छ। खसक्षेत्रका अनेक बंशमा (मल्ल, सत्याल र गेलावंशमा) काठमाडौंजस्तै रानीका नाउँपछाडि लक्ष्मी जोड्ने परमपराजस्तै, त्यहाँका नाउँ पछाडि माला जोड्ने चलन थियो। उदाहरणका लागि गेलाब्रंशका पुण्यमल्लकी रानी र खसराज कल्याणमल्लकी छोरीको नाउँ शकुमाला थियो। पुण्यमल्ल र रानी शकुनमालाकी छोरी खण्डमाला थिइन् (ततः शकुमालायाः खण्डमालाधा सुता-दुल्लुस्तंम लेख)। यस्तै पृथ्वीमल्लकी दुइटी रानी धर्ममाला र दीपमाला थिइन् (पर्थव्मल्लेन भुमत्री .. तस्यैका धर्ममालाख्या दशपमालाह्वयापरा उभे देव्यौ विराजेते - दुल्लुको कीर्तिस्तंभ)। यस्तै राजा मलयवर्माकी रानीको नाउँ रत्नमाला थियो। यसले माथि उल्लेख भएको सुर्खेतको गंगामाला र दैलेखको वसन्तमाला मन्दिरहरू त्यसभेकका कुनै राजाकी रानीका नाउँमा स्थापित भएका थिए भन्ने अनुमान गर्न सकिन्छ। जनकलाल शर्माले नाउँको अन्तमा माला जोड्ने परम्परा मालवक्षेत्र र राजस्थानमा रहेको भनि लेख्नुभएको छ (प्रज्ञा-१४, पृ. १०)। युवानच्वांग (वील्स, १९८१, II, १४१) ले तक्षशिलाको वर्णन गर्दा अशोकका छोरा कुणालको पत्नीको नाउँ कञ्चनमाला थियो भनी लेखेका छन्। यसरि प्राचीन पंजावमा सातौं शताब्दि ई. सम्वत्मा समेत राजपत्नी र राजकुमारीहरूका नाउँ पछाडि माला लगाउने चलन रहेको थियो भन्ने थाहा पाइन्छ।

तल्लाकार मन्दिर कुलमानसिंह बस्नेतले ई संवत् १८२६ (वि.सं. १८८३) मा राजेन्द्रविक्रम शाहका शासनकालमा निर्माण गराएका थिए। यस ठाउँमा खसमल्ल कालका एउटा बुद्ध मूर्ति र मल्लकालपछिका हरगौरी प्रतिमा छ। यहाँका प्राचीन मन्दिरहरू जसलाई हरगौरी र बुद्धका लागि निर्माण गरिएका थिए सबै ध्वस्त भइसकेका छन् । धूलीश्वरभन्दा दुईकोश तल झरेपछि पादुकाज्वालामाई स्थान छ । पादुकादेवलको पीठमा अजित मल्लको शाके संवत् १२२१ (ई १२९९) को अभिलेख छ। यहाँको अर्को अभिलेखमा सत्यालवंशी मलय वर्माको शासनकालमा शाके संवत् १३०७ (१३८५ ई.) कुँदिएको छ । यस ठाउँमा रहेको कायापाली नाउँको भवनमा राजेन्द्रविक्रम शाह र पादुका मन्दिरको चाँदीको आसामा पृथ्वी वीरविक्रम शाहको संवत् १९६० (१९०३ ई.) का अभिलेखहरू छन् । यसस्थानमा एउटा लक्ष्मीनारायणको मूर्ति, उभेको मुद्रामा कमलको फूल समातेको सूर्यमूर्ति, अर्को सूर्यमुर्ति बसेको मुद्रामा, विष्णुमूर्ति, गणेशमूर्ति र बुद्धका मूर्तिहरू छन् ।

धूलीश्वर र दुल्लुका माझमा एउटा होचो डाँडामा बालेश्वरको मन्दिर छ। यस ठाउँमा केही भत्केका मन्दिरहरू र उमामहेश्वर तथा बुद्धमूर्तिहरू छन् । यसै ठाउँमा छाने शैलीमा निर्माण गरिएको एउटा धर्मशाला (पौवा) छ, जसको निर्माण राजेन्द्रविक्रम शाहका समयमा ई. संवत् १८१९ मा जसपाल थापाले गराएका थिए। दुल्लु बजारको देवानधारा मा ई. संवत् १६६८ (शाके १५९०) मा राजा प्रताप साहीकी रानीले त्यस धाराको जीर्णोद्धार गरेको अभिलेख छ ।

दैलेखनजिक व्यावली नाउँको ठाउँमा ढुंगाबाट निर्माण गरिएको एउटा पाटी छ। दैलेख बजार भैरवस्थानमा विष्णुमूर्ति, उमामहेश्वर र सूर्यका मूर्तिहरू छन् । यस्तै गरी दैलेखकै किमूगाउँ, कुइकना, दाहा, ढुंगुश्वर आदि ठाउँमा मन्दिरहरू र प्राचीन मन्दिरका भग्नावशेष छन्। यस्तै पादुकास्थानमा चार वटा वीरस्तम्भहरू पाइएको सूचना प्रयागराज शर्माको विवरणबाट पाइन्छ।[४३] रामनिवास पाण्डेले पश्चिम नेपालका मूर्तिकलाको परम्परा विषयको लेखमा असीग्राम, डँडेलधुराबाट यस्तै मृत सैनिकको मूर्ति प्रस्तुत गर्नुभएको छ (इजीइआओ, रोम, १९९७, पृ. १२१२, फोटो-१६)। प्रयागराजले एटकिन्सनलाई उद्धृत गर्दै सो परम्परा कुमाऊँ र राजस्थानबाट पनि पाइएको सूचना दिएका छन्। वास्तुशास्त्रहरूमा पनि यिनको चर्चा गरिएको पाइन्छ र यिनलाई 'वीरगल' तथा 'वीरशासन' नाउँले सम्बोधन गरिएका छन्। वीरस्तम्भलाई सुप्रभेदागम (अध्याय-३१, प्रक्ति ५९), स्तम्भ परिच्छेदमा 'वीरकण्ठ' भनिएको छ। मानसार शिल्पशास्त्रले यसलाई 'वीरकण्ठ' को नाउँ दिएको छ (अध्याय-१५, श्लोक-४९, ८१, १४२, आचार्य, वास्तुशब्दकोश, १९९५, पृ. ५६१-५६२) । यी वीरस्तम्भ अथवा वीरगलहरू प्रफुल्लकुमार आचार्यअनुसार मृतसैनिकका स्मृतिमा निर्माण गरिएका थिए र यो चालुक्य वास्तुकलाका अवशेषहरूमा पाइन्छन् (चालुक्य वास्तुकला, आर्क्योलजिकल सर्वे न्यू इम्पीरियल सेरिज, भोल्युम-२१, पृ. ४०), आचार्य, मानसार शिल्पशास्त्र, १९२७, पृ. ४५, अध्याय १५, स्तम्भ लक्षणविधान)।

दुल्लु बजारमा पनि भैरवस्थान छ जहाँ पृथ्वी मल्लका अभिलेख र अनेक मूर्तिहरू छन् । यहाँ बसेको मुद्रामा एउटा अवलोकितेश्वर मूर्ति, अर्को अवलोकितेश्वरको घाँटीसम्मका भाग र अर्को एउटा अर्धसमाप्त (निर्माण गर्दा गर्दै छाडिएको) मूर्तिहरू छन् ।

दुल्लु बजारबाट लगभग आधा मीलपूर्वमा एउटा पाथरनावली नाउँको कुवा (वापी) छ, जसको निर्माण शक संवत् १२७६ पौष (१३५४ ई.) मा छत्यालवंशी ग्रन्थ वर्मा र नावलदेवीका छोरा देव वर्माले गरेका थिए। यसको निर्माण खसराज पृथ्वी मल्ल र उनका मन्त्री यशोबर्माको राज्यकालमा भएको थियो। यस वापीको माथिल्लो भागमा पाँचओटा चैत्यको निर्माण गरिएको छ। यसैसँग पाटी पनि बनाइएको (देव बर्मा महामतिः तेना पूर्वतरा वापी निर्मिता अमरवल्लभा चैत्य पञ्चसंयुक्त ... विश्रामभूमिः श्रान्तानां जीवितं सर्वदेहिनां-संस्कृत सन्देश, भाग १-१२, २०१० साल, पृ. ५४) थियो । यो पोखरी र पाटी यति प्रख्यात भएको थियो कि यसैका नाउँबाट त्यस भेकका अनेक ढुंगेधारालाई नावली का नाउँले सम्बोधन गरिने परम्पराको शुरूआत भएको पाइन्छ। दुल्लुमै राजा यक्ष मल्लका राज्यकालमा निर्मित शाके संवत् १२३४ (ई १३१२) को कपूरनावली छ । पाथर नावली भन्दा डेढ कोस दक्षिण-पश्चिम दिशामा बाटोकै छेउमा सातओटा ढुंगाका स्तम्भहरू छन्, जसलाई सतखम्बा

[४३] प्रयागराज शर्मा, कर्णाली अंचलका मुर्तिकला र बास्तुकलाको प्रारम्भिक सर्वेक्षण, पेरिस, १९७२, प्लेट-१६, पृ. ३१। यी स्तंभहरूमा निम्न बमोजिम लेखहरू छन् - १. ऊँ स्वस्ति विशुको वीरास्तंभः। २. ऊँ स्वस्ति तानेको वीरस्तंमः ३. ऊँ स्वस्ति तातेको वीरस्तम्भः। ४. सीधा रावतको वीरास्तंभ :।

भनिन्छ। यी खम्भाहरूमा पनि शाके संवत् १२५७ (ई. १३३५) देखि शाके संवत् १२६४ (ई. १३४२) सम्मका अभिलेखहरू छन् र यो गेलावंशका राजा पृथ्वीमल्ल र सूर्यमल्लको शासनकालभित्र पर्दछ।

यसरी सुर्खेत-दुल्लु-दैलेख क्षेत्रमा राजधानी, नगर, गाउँ, थान, पीठ, विहार, गढी, राजप्रासाद, मंडप (मांडू), कुँआ, ढुंगेधारा (जलप्रणाली, नाउली), वापी, बाँध, कुलो, धर्मशाला, विश्रामशाला, सभा, रंगमण्डप, चैत्य, कीर्तिस्तम्भ, वीरस्तम्भ, हात्तीसार, घोडातबेला, सिंहासन (आसन), शिलापत्र, तांबापत्र, आदि विविध किसिमका वास्तुहरू पाइन्छन्। त्यस क्षेत्रमा पाइएका अभिलेख अनुसार वास्तुको निर्माण प्राचीन वास्तुशास्त्रअनुसार गरिएको व्यहोरा पनि ज्ञात हुन्छ। अलिखहरूमा खसदेश, राजस्थान, विषय, वास्तुपूजा, शिलासंकलन, शिलास्थापना, शिलाप्रवेश (प्रथमेष्टक स्थापन), गृहप्रवेश, जीर्णोद्धार, शिल्पिपुरस्कार, (वनयात्रा, देवयात्रा) यात्रा आदिवारे उल्लेख पाइन्छन्। वास्तु विशेषज्ञहरूमध्ये स्थपति (थवई), सूत्रधार आदि बारे विवरणहरू दिइएका छन् र वास्तुनिर्माणमा ढुंगा, ईट, माटो, काठ र धातुको प्रयोग भएको प्रमाण भेटिएका छन्। त्यहाँका अभिलेखहरूमा देवालय, गन्धकुटि आदि शब्दहरूको प्रयोगको साथै राजप्रासादहरूका किसिममा स्वस्तिकर नंद्यावर्त[४४] (छतल्ले दरबार, सुमति वर्माको ई.सं. १४२१, शाके १३४३ माघको बझांग दुर्ग अभिलेख) को उल्लेख छ। गेलावंशका प्रतापीराजा पृथ्वीमल्लको ई. संवत् १३५७ (शाके १२७९) को दुल्लु कीर्तिस्तम्भमा उनको राज्यमा भिक्षु, ब्राह्मण, धर्मोपदेशक र सूत्रधार (स्थपति) हरूलाई करमूक्त गरिएको (सूत्रधारकाणां च निजराज्येसर्वकरास्तेन ... त्यक्तः। शिवराज शिवराजसूत्रधार श्च ... कीर्तिस्तम्भोधिरोपितः) थियो। यसैगरी सुर्खेतको लाटीकोइली शिवमन्दिरका स्थपति वारणसीका रामकृष्ण (मठमा वारानसीके थवई कीन्हा रामकीस्न) थिए भने, शक संवत् १२०२ (ई १२८०) मा विनायक देवल निर्माण गराउने जयराज र स्थपति नागदेव थिए (प्राचीन नेपाल, अंक ३०-३९, पृ. ५०, 'जयराज प्रसादकरायो सूत्रधार नागदेव नाम कमायो')। वैजनाथ नजीक सिरकोटको महिषमर्दिनी दूर्गामूर्तिको पाद्पीठ अभिलेखअनुसार त्यस मूर्तिको जीर्णोद्धार गराउने मदनसेन थिए भने जीर्णोद्धार गर्ने सूत्रधार स्थपति राम थिए (प्रयागराज, १९७२, २९-३०, 'भग्ना कालवशेनैवमूर्तिरिषा मनोरमा। श्रीमान् मदन सेनेनानुधृत पुण्यकारिणा। थवित सूत्रधार रामेन।')।

अधिकांश मन्दिरहरू यस क्षेत्रमा स्थानीय ढुंगाबाट निर्माण गरिएका सादा शिखराकार रेखादेवल छन्, जसका अगाडि सानो मुखमण्डप पाइन्छ। मन्दिरहरू कहीं एक्लो, कहीं दुइओटा समूह, कही पञ्चदेवल समूह र त्यहाँभन्दा पनि बढी संख्यामा एकै ठाउँमा पाइन्छन्। वास्तुशास्त्रहरूमा पनि यस किसिमसँग समूहगत मन्दिर निर्माण गर्ने विधान छ। मानशास्त्र शिल्पशास्त्र परिवारविधान (अध्याय ३२) अन्तर्गत एउटै आकार र प्रांगणभित्र क्रमशः आठ मन्दिर-समूह, सोह्र मन्दिरसमूह र बत्तीस मन्दिर समूहको निर्माण बारे सिफारिस गरिएको छ (आचार्य, १९२७, ५१-५२)। परिवारालयबारे उल्लेख कामिकागमले पनि निम्न बमोजिम गर्दछ - 'मण्डपे गोपुरे वप्रे परिवारालयादिशु' (आचार्य, वास्तुशब्दकोष, १९९५, पृ. ४१३)। यस्ता पाँच मन्दिरको समूह भारतको वृन्दावनमा सोह्रौ-सत्रौं श.ई. तिर निर्माण गरिएका छन् र तिनका नाउँ क्रमशः गोविन्ददेवी, राधावल्लभ, गोपीनाथ, जुगलकिशोर र मदनमोहन राखिएको छ (पर्सीब्राउन, १९५९, १२९)। भारतको मध्यप्रदेशमा रहेको खजुराहोबाट विश्वनाथ र चतुर्भुज मन्दिरका चारैतिर कुनामा चार-चार ओटा साना-साना मन्दिर समूह पाइएका छन्, जसलाई पञ्चायतन (पाँच मन्दिर) समूहमा दशौं श.ई. मा निर्माण गरि एका थिए (पर्सीब्राउन, १९५९, ११२)। राजस्थानको ओसिया (जोधपुर नजिक) गाउँबाट पनि आठौं श.ई. भित्र निर्मित यस्ता आठओटा मन्दिरका समूह राजस्थानकै तथा कांगडाका मसरमा आठौं श.इ.मा निर्मित पथरी र उदयपुरमा पाइन्छन् (ब्राउन, १९५९, ११६)। यसरी नेपालका सम्पूर्ण, खस क्षेत्रका शिखराकार मन्दिरहरू राजस्थान, प्रतिहारवास्तु समूह (खजूराहो), र कांगडाका वास्तुबाट प्रभावित भएको पाइन्छन्। जुम्लाका राजा बलिराज (कल्यालवंशी) का पुर्खा चितौडका सिसौदिया राणाहरू थिए, जसले गर्दा यहाँ राजस्थानको वास्तुको प्रभाव पाइएको छ।

[४४] नंद्यावति प्रासादवारे मानसार शिल्पशास्त्र, अध्याय. २०-३० मा विवरण पाइन्छ र यसलाई छ तले प्रासाद भनिएको पाइन्छ (आचार्य, १९२७, पृ. ५०) र वृहतसंहिता, L III, मा, कामिकागम अध्या. ३५, ८८-९०, सुप्रभेदागम, अध्या.३१, ४८-४९, मा वर्णन पाइन्छन्। सुप्रभेदागमले यसलाई - 'चतुकुटा चतुःशाल चत्वारः पार्श्व-नाशिकाः। चतुःसोपान-संयुक्तम भुमौ-भुमौव विशेषतः। नन्द्यवर्तम इदमवत्स, भनेको छ। आचार्य, हिन्दु वास्तुशब्दकोष, १९९५, पृ. २९५-९६। मानसार शिल्पशास्त्रमा ३६ ओटा स्तम्भ भएको मण्डपलाई नंद्यावर्त भनिएको छ। मानसार शिलाशास्त्र, अध्या. ३, श्लो. १०३)।

## खसदेशको धार्मिक तथा सांस्कृतिक अवस्था

मल्लकालमा यस क्षेत्रभित्र महायान र बज्रयान बौद्धधर्मको प्रचलन रहेको र महायान धर्मअन्तर्गत बुद्ध, अवलोकितेश्वर, तारा, महाकाल, भैरवका मूर्तिहरू र पञ्चध्यानी बुद्धको नाउँमा निर्मित चैत्यहरू पाइन्छन् । क्रचल्लको कुमाउँ बालेश्वरको शकसंवत् ११४५ (ई १२२३) को अभिलेखअनुसार उनले शिवमन्दिर स्थापना गरी शिवपूजा गरे पनि उनलाई 'परम सौगत' भनिएको छ । उनका छोरा अशोक चल्लले बोधगयामा बुद्धको मन्दिर र प्रतिमाका साथै बौद्ध विहारको स्थापना (१२५४-५५ ई तिर) गरेका थिए । यसका साथै उनलाई प्रवर महायानी र हेवज्रका उपासक भनिएको छ र त्यस कार्यका लागि उनले बोधगयामा अन्य राजकीय व्यक्तिका साथै काश्मीरका भिक्षु भदन्त गुचपथीलाई पनि पठाएका थिए भन्ने थाहा हुन्छ । रिपुमल्लको राज्यकालमा लेखिएको बौद्धमहायानी हस्तलिखित पुस्तक 'अभिसमयालंकार' र उनले बौद्धग्रन्थ 'लघुरत्नत्रय' को रचना गरेका थिए । उनको निग्लीसागर र लुम्बिनीमा रहेका अशोकस्तम्भ माथिका लेख र सैनामैंनाका 'ऊँ मणि पद्मे हुँ' अभिलेखले तथा गोपालवंशावलीअनुसार उनले १३१२ ईं मा ती क्षेत्रहरूका साथै काठमाडौंमा बुंगमलोकेश्वर र स्वयंभूनाथको दर्शन तथा पूजा-आराधना गरेका थिए । संभवतः अशोकचल्ल अथवा रिपुमल्लले सुर्खेत काँक्रेविहारका विशाल बौद्धमन्दिरको निर्माण गराएका थिए तर सैनामैनाको ढुंगाको बौद्धमन्दिर निर्माण र बुद्धमुनि मूर्तिका निर्माणकर्ता रिपुमल्ल नै थिए भन्ने अत्यधिक सम्भावना छ । यसपछि पुण्य मल्लको १३३४ ईं को ताम्रपत्र लेखमा पनि उनलाई 'परम सौगत' को उपाधिबाट विभूषित गर्नाले १२२३ ई. देखि १३३७ ई.(सम्म खसक्षेत्रको राजकीय धर्म बौद्धधर्म रहेको व्यहोरा प्रमाणित हुन्छ । तर त्यहाँ शैवधर्मको अस्तित्व पनि थियो भन्ने अभिलेखहरूबाटै थाहा पाइन्छ । खसियामल्लपछि त्यस क्षेत्रमा हिन्दू धर्मका विभिन्न सम्प्रदायहरू संप्रति-शैव, वैष्णव, शक्ति र सौर्य सम्प्रदायको प्रभाव र यिनका मूर्तिहरू भेटिन्छन् । यहाँका मध्यकालीन धार्मिक विश्वासमा बौद्धतन्त्र र शैवतन्त्रको पनि अत्यन्त प्रभाव भेटिन्छ । बौद्धधर्मको तन्त्रयानमा पनि योगिनीपूजा र पीठपूजा थियो । विनयतोष भट्टाचार्यका अनुसार मगी ब्राह्मणको प्रभावबाट यस्तो हुन गएको हो ।[४५] अर्को जन्म, मोक्ष तथा निर्वाणका कुरा बुद्धिजीवीका लागि मात्र लिए, साधारण मानिसलाई यसै जन्ममा भोग, धन र आरोग्य चाहिएकोले मन्त्र, धारणीमुद्रा र मण्डल आदिको साधनाबाट प्राप्ति हुने बाटो तन्त्रयानले देखाएको थियो । नालन्दामा दशौं श.ई. तिर आदिबुद्ध (अथवा बज्रधर) को कल्पना भयो र आदिबुद्धबाट ध्यानीबुद्धहरूको उत्पत्ति भएको पनि धारणा छ । आदिबुद्धको पहिचान अग्निज्वालाका रूपमा पनि गरिएको छ र स्वयम्भूपुराण अनुसार आदिबुद्धको उत्पत्ति नेपालमा अग्निज्वालाका रूपमा भएको थियो, जसको संरक्षणका लागि मञ्जुश्रीले मन्दिर निर्माण गराएका थिए । बज्रयानमा आदिबुद्धको सर्वाधिक महत्व छ र यिनका शक्तिलाई प्रज्ञापारमिता भनिएको छ । साधनमालामा चारओटा पीठहरू क्रमशः कामरूप, श्रीहट्ट, पूर्णगिरी, (पूना) र उड्यानमा भएको उल्लेख छ (पीठोपपीठ क्षेत्रेपुकुरूसृष्ट मनेकधा) । हेवज्रतन्त्रका लेखक सरोरूहवज्र थिए र यसका भाष्य जालंधरीपाले तैयार गरेका थिए । द्वारिकपाले ७५३ ई. तिर चक्रसम्वरतन्त्र, कालचक्रतन्त्र र बज्रयोगिनीतन्त्र लेखेका थिए । कारण्डव्यूहमा अवलोकितेश्वरले सबै मानवप्रति दर्शाएको करूणा र मायाबारे चर्चा पाइन्छ । यसै ग्रन्थमा उनलाई विष्णु, शिव र गणेशको रूप धारण गर्ने छन् भनी भविष्यवाणी गरिएको छ । समयको मागबमोजिम बज्रयानीगुरूहरूले अष्टसाहश्रिक प्रज्ञापारमितालाई छोटो पारी शतश्लोकी प्रज्ञापारमिता र त्यसपछि अझै संक्षेपमा प्रज्ञापारमिता धारणी बनाए । तिब्बतमा त्यसलाई झन् सजिलो पार्नका लागि प्रार्थनाचक्र बनाइयो । यो प्रार्थनाचक्र खस क्षेत्रमा पनि चलनमा आयो ।

खस क्षेत्रका अनेक अभिलेखहरूमा 'विराटपीठ' को उल्लेख पाइन्छ ।[४६] जसलाई ज्वालामुखी-जालंधरपीठ भनि पद्मपुराण र जालंधरी पुराणमा भनिएको छ । दुल्लु वरिपरि शीरस्थान, नाभिस्थान, पादुकास्थानमा ज्वाला निस्केको छ, यसका साथै

[४५] B. Bhattacharya, An Introduction to Buddhist Esoterism, 1970, Delhi, p. 53.

[४६] विराटपीठको उल्लेख आदित्यमल्लको ई. सं. १३२१ को ताम्रपत्रमा, पृथ्वीमल्लको ई. सं. १३४९ को ताम्रलेखमा, मेदिनीवर्माको ई. संवत् १९९८ को तामापत्रमा, कल्यालवंशी वलिराजको शाके १३२२ (ई.सं. १४००) को तामापत्र आदिमा पाइन्छन् । गोपथ ब्राह्मणमा विराटराजको उल्लेख छ र उनका लागि त्यहाँ पुरूषमेधयज्ञ गर्न सिफारिस गरिएको छ । जयपुर राजस्थानवाट ५२ मीलपर वैराटपट्टन, मत्स्यदेशको राजधानी थियो र यो ठाउँ कुल्लुबाट १०० मील दक्षिण र दिल्लीवाट १०५ मील दक्षिण-पश्चिममा छ । जहाँ पंच पाण्डवहरू आफ्ना गुप्तवासका दिन वसेका थिए । यहाँ अशोकस्तंभका टुक्राहरू, स्तंभलेख, एउटा गोलो स्तुपघर आदि पाइएका छन् । पछि गढवाल क्षेत्रमा लगभग ८२०-८२३ ई. मा विरापट्टन कत्युरी सूर्यवंशी राजाको र ाजधानीका रूपमा प्रख्यात भएको थियो (कनिंघम, भारतको प्राचीन भुगोल, १९६३, २८४-९०, उपेन्द्र ठाकुर, मिथिलाको इतिहास, १९५६, ५६ । वलिराजको शाके १३२२ (१४०० ई सं.) को मुगुवाट पाइएको ताम्रपत्रमा उनलाई वैराटपुरका राजा (वैराटपुर नृपतेश्री वलिराज) भनिएको छ (सुर्यमणि, २०४३, ३३) ।

धुलेश्वर, डुंगेश्वरमा पनि कुनै समयमा ज्वाला निस्किन्थ्यो होला र यी पाँचओटै क्षेत्र त्यस भेकका अत्यन्त पवित्र तीर्थस्थल, अग्निदेव (वैश्वानर त्रयः'- पृथ्वी मल्लका ई. सं. १३५८ को ताम्रलेख) को प्रतीकस्थल र प्रख्यात शक्तिपीठहरू (विराटपीठाधिष्ठित देवता'- दैलेखको आदित्य मल्लको ई.सं. १३२१ को ताम्रलेख) थिए । दुल्लुलाई वैराटपुर र बलिराजको शाके सं. १३२२ को ताम्रलेखमा उनलाई- 'वैराटपुरनृपते' भनिएको छ। यस्तै ज्वालाक्षेत्र, भारतको कांगडामा र नेपालको मुक्तिनाथ (मुस्तांग जिल्ला) मा पनि छ । जीतेन्द्रनाथ बनर्जि अनुसार शक्तिपीठ र शक्तिपूजाको ख्याति सातौं ई. मा भैसकेको थियो किनभने बृहत्संहितामा मण्डल क्रममा मातृका मूर्ति राख्नेबारे निर्देशन पाइन्छ (हिन्दूमूर्ति कला, १९७४, ४९०-५००) । हुन त ऋग्वेदको देवी-शूक्त, ब्राह्मणग्रन्थ तथा उपनिषद्हरूमा मातृकाबारे वर्णन पाइन्छ । कैन्य उपनिषद्मा उमा-हैमवतीलाई ब्रह्मविद्याको भौतिकरूप भनिएको छ । यस्तै मुण्डक-उपनिषदमा अग्निका सातओटा जिभ्रोमध्ये दुईटाको नाउँ काली र कराली भनिएको छ । अरू अंगहरू हुन् - मनोजवा, सुलोहिता, सुधूम्रवर्णा, स्फुलिंगिनी, र विश्वरूची, (जे.एन.: बनर्जि, १९७४, ४९१) । अग्निका सातओटा जिभ्रोले सप्तमातृकाबारे पनि जनाउँछ । महाभारतको दुर्गास्तोत्र, हरि वंश, मारकण्डेय पुराणको देवीमहात्म्यमा र अनेक पुराणमा शक्तिपीठ र मातृकाबारे सूचना पाइन्छन् । राष्ट्रिय अभिलेखालयमा रहेको नेवारी भाषामा लेखिएको हस्तलिखित ग्रन्थ कुब्जिकापूजापद्धतिः एउटा पशिचमातंत्र पद्धतिको कौशसंप्रदायसँग सम्बन्धित पुस्तक मा ६४ योगिनीका नाउहरू मध्ये बाइस संख्यामा ज्वालामुखी नाउँको पनि उल्लेख पाइन्छ (वेजलर १९८९, ५५८) । अग्निलाई विष्णुपुराण (१८-२०-२२, इन्दूमती मिश्र, प्रतिमा विज्ञान, १९७२, १६३) मा विष्णुको पत्नि स्वाहा भनिएको छ। महाभारत अथवा रामायणमा बाख्रोको आकृति भएको गणेशलाई अग्निको एउटा रूप भनिएको छ । (Winternitz, GRAS, 1985, PP 149 ff; Keith, Religion and Philosophy of the Veda, P. 242; Coomara Swamy, Yaksas, 1971, 12, Footnote-2) । गणेश, दक्षप्रजापति र कुमारको पनि आउनसँग सम्बन्ध भएको कुरा पनि स्मरणीय छ (बनर्जि, १९७४, पृ. ५६२) । श्रीदुर्गाप्रशंग, गीता प्रेश, २०५५, ११) । श्री विश्वसारतन्त्रमा दुर्गाका एकसय आठ नाउ मध्ये एउटा नाम हो अग्निज्वाला । दक्षप्रजापतिको यज्ञमा रूद्रको अपमानलाई सहन नसकी देवीले आत्मदाह गर्नु र शिवले उनको मृत-शरीर बोकी ठाउँ-ठाउँ हिंड्दा हिंड्दै विष्णुद्वारा चक्रले उनको जिउलाई टुक्रा पार्नु र विभिन्न ठाउमा जिउको भाग झरेपछि शक्तिपीठका रूपमा प्रसिद्धि प्राप्त गर्नुबाट, शक्तिपीठको ख्याति भएको हो । दुल्लु क्षेत्रका पादस्थान, नाभिस्थान र शिरस्थानका नाउँ पनि त्यस्तै शक्तिपीठको ख्यातिलाई जनाउँछ । महाभारतमा तीन शक्तिपीठहरू क्रमशः योनि (योनिकुण्ड), स्तन (स्तनकुण्ड) झरेका शक्तिपीठहरू पंजाबका पञ्चनद क्षेत्र र अन्त पनि रहेको वर्णन तीर्थयात्रा खण्डमा पाइन्छ । राष्ट्रिय अभिलेखालयमा रहेको एउटा १०८० ई. सम्वतमा लेखिएको शैव तान्त्रिक पुस्तक कुब्जिकामत (वेजलर, १९८९, ५४) मा पाच ओटा पीठहरू-ओदियान (उडीसामा), जाल (जालंधरमा), पूर्ण (मर हट्ट देशमा), मातंग (श्रीशैल देशमा) तथा कामाख्यां (आसाम) मा रहेको वर्णन पाइन्छ ।[४७] त्यस्तै, बौद्धसंस्कृतग्रन्थ महाथुरीमा भीमा (अर्को नाउँ भीसना) र शिवभद्रको मन्दिर भारतको उत्तर पशिचम किनारमा रहेको बारे सुचना दिन्छ (बनर्जि १९७४, ४९५) । देवीमहात्म्यमा देवीका ६ ओटा अंगहरू (षडंगन) बारे उल्लेख पाइन्छ । महाभारतअनुसार शक्तिका अंगहरू झरेका ठाउँमा शिवजी भैरवहरूका रूप धारण गरी आफ्नी अर्धाङ्गिनीको अंगरक्ष निमित्त वसेका थिए । आगममा अग्निदुर्गाको वर्णन छ (इन्दूमती मिश्र, १९७२, १७७) भने अर्कोतिर अग्नि गणपति जसलाई स्पकर्णका नाउँबाट पनि चिनिन्छ, उनले अग्निलाई ऋषिहरूको श्रापबाट रक्षा गर्न आफ्ना चाक्ला कानद्वारा हम्केर उनको रक्षा गरेका थिए (गोपीनाथ राव, हिन्दू मूर्तिकला, भल्यू. १, पार्ट-१, पृ. ६०) । यस्तै कालिका पुराणमा त्रिपुराभैरवी र महामायाको वर्णन पाइन्छ ।

खस देशमा यी मातृका मूर्तिबाहेक शिवपरिवार, नाथ संप्रदाय, बालभैरव, भारशिव संप्रदाय, ब्रह्मा र कृष्णका साथै आदि देवताको प्रभाव पाइन्छ । विनायक नाउँ अथर्वशीर्ष उपनिषद्मा मानवगुह्यसूत्र माज्ञवल्कस्मृति र महाभारतमा गणेश्वर विनायकहरूका उल्लेख पाइन्छन् । यहाँ अनेक ठाउँमा ब्रह्मा र मस्ताको पूजाको व्यहोरा पनि पाइएको छ । पञ्चायन पूजा, हरिशंकरी यात्रा[४८], हरिहरमूर्ति, त्रिमूर्ति (ब्रह्मा, विष्णु, महेश) पूजा आदिवाट विभिन्न धर्म र विश्वासमा समन्वय ल्याउने प्रयासबारे थाहा पाइन्छ ।

---

[४७] A. Wezler, Publication of the Nepal German Manuscript Project, Stuttgart, 1989, Preface LXXX; It reads - 'गच्छत्वं भारते वर्षे कुरू सृष्टिस्त्व भीदृशः पञ्चवेदाः पञ्चैन योगीन पीठपञ्चकं ॥'

[४८] हरिशंकरी यात्राको प्रचलन उल्लेख नेपाल उपत्यकामा पनि भएको प्रमाण भएका हस्तलिखित ग्रन्थले गराएको छ । वेजलर, १९८९, भुमिका पृ. ३८ र पृ. ३६४, रामायण नाटकम, लेखक धर्म्मगुप्त, 'जययुथ सिंगदेवेन आस्माकं हरिशंकररथ यात्रामहोत्सव प्रसङ्गेन... धर्म्मगुप्तस्या भिन्न कृतं-नाटक ।

## सहायक ग्रन्थ तथा लेखहरूको सूचि


१. Ram Niwas Panday, 1997, Making of Modern Nepal, A study of history, art and culture of the principalities of Western Nepal, Delhi.

२. Prayag Raj Sharma, 1972, Preliminary Study of the Art and Architecture of the Karnali Basin, West Nepal, Paris.

३. जनकलाल शर्मा २०३२, श्री ५ वीरेन्द्रको वृहत हिमाली संस्कृतिमा चाख, प्रज्ञा, पूर्णाङ्क ५९, कमलादी, काठमाडौं, पृ. १-१३।

४. हरिराम जोशी, मधुपर्क, जेष्ठ २०३५, सुर्खेत एक संक्षिप्त अध्ययन, वर्ष ११, अंक-१, पृ. ४७-५२।

५. धनवज्र बज्राचार्य, श्रावण-२०२२, कर्णाली प्रदेशको इतिहास, एक झलक, पूर्णिमा-६, पृ. १४-२९।

६. सूर्यमणि अधिकारी, २०४३, पश्चिम नेपालको ऐतिहासिक अन्वेषण, त्रि.वि. कीर्तिपुर, काठमाडौं। Adhikary, 1997, The Khasa Kingdom, New Delhi

७. Luciano Petech and G. Verardi, 1997. The History of Nepal as seen by the Italian Scholars, Nepalese and Italian contributions to the history and archaeology of Nepal, ISIAO-Roma, PP. 23-24; Luciano Petech, 1988, Yatshe, Guge, Purang, a new study seric orientale roma 60, Rome 369-394

८. Giuseppe Tucci 1962, The Discovery of the Mallas; Preliminary report on two scientific expeditions in Nepal, 1956, ISMEO, Roma; Journey to Mustang 1952, Kathmandu 1953, Reprint, 1977.

९. Ram Niwas Pandey, 1977, The sculptural tradition of Westen Nepal, Ed. by Giovanni Verardi, Nepalese and Italian contributions to the History And Archaeology of Nepal, pp. 119-129.

१०. J.S. Strong, 1983, Legends of King Asoka, Princeton, PP. 220-21.

११. R. Shafer, 1954, Ethnography of Ancient India, Wiesbaden, P. 43.

१२. G.A. Grierson, 1968, Linguist Survey of India, Vol-IX, Pt. IV, Delhi

१३. F. Hamilton, 1819, An account of the Kingdom of Nepal, V.S. 2012-1

१४. Yogi Naraharinath, Itihasprakash, all the vols; 2012-2013, Sandhipatra Sangraha, Pt I; V.s. 2022

१५. शुक्रसागर श्रेष्ठ, २०५२, सुर्खेत उपत्यकाको पुरातात्विक प्रतिवेदन, पुरातत्व विभाग।

१६. E.T. Atkinson, 1974, Kumaon Hills, Delhi.

१७. K.P. Nautiyal, 1969, The Archaeology of Kumaon, Varanasi

१८. H.H. Risley, 1915, The People of India, Calcutta.

१९. सत्यमोहन जोशी, २०२८, कर्णाली लोक संस्कृति, प्रज्ञा-प्रतिष्ठान, खण्ड-१

२०. A.Cunningham, 1963, The Ancient Geography of India, Varanasi, P. 78, PP. 109-130.

२१. Nando Lal Dey, 19.., Geographical Dictionary of Ancient and Mediaval India

२२. Luciano Petech, 1984, Medieval History of Nepal, Roma, PP. 77-79.

२३. Dhanavajra Vajracharya, K.P. Malla, 1985, The Gopalraj vansavali, Wiesbaden

२४. Vinod Bihari, 1913-1914, Two Inscriptions of Asoka Challa at Boudhagaya, Epigraphiaindica, Vol-XIII, PP. 27-30.

२५. P.R. Sharma, 1977, The Matwali chetris of Western Nepal, The Himalayan Review, Vol-IV.

२६. Lama Chimpa, Alka Chattopadhyaya, 1990, Taranatha's History of Buddhism in India, Delhi, P. 51.

२७. तारानन्द मिश्र, २०५३, सम्राट अशोक र नेपालसँग उनको सम्बन्ध, प्रज्ञा ८२ ख, फागुण-जेठ, पृ. ६१-६४, T.N. Mishra, 1994, The Archaeological Research in the High Mountains of Mustang District, Ancient Nepal-136, PP. 147-160.

२८. J. Prjluski, 1967, The Legends of Emperor Asoka in Indian and Chinese Texts, Translated by Dilipkumar Biswas, Calcutta, P. 111.

२९. D.C. Sircar, 1967, Cosmography and Geography in Early Indian Literature, Calcutta, p. 83.

३०. Mr. Eggermont, The year of Budha's Mahaparinirvan, The dating of the Historical Buddha, 1991, Ed. by H. Bechert, Gottingens, Part I, Pp. 144, 241-249.

३१. राहुल सांकृत्यायन वि.सं. २०१५, कुमायुँ, वाराणसी।

३२. J. N. Banerjee, 1974, The Development of Hindu Iconography, Delhi

३३. सुर्खेत दर्पण, २०५३, सम्पादक-पीताम्वर ढकाल, महेन्द्र कुमार मल्ल तथा ध्रुवकुमार श्रेष्ठ, सुर्खेत।

३४. मोतीलाल, २०५४, सुर्खेत-दैलेखको सेरोफेरो, सुर्खेत।

३५. B.K.Thaper, Recent Archaeological Discoveries in India, Paris, 1985.

# अहिलेसम्म प्रचारमा नआएको पचपन्न झ्याले दरवारका चित्रमय राग रागिनी*

पुरूषोतमलोचन श्रेष्ठ

## परिचय

नेपालमा हालसम्मन्मा देखापरेका दरबारभन्दा भिन्नै शैलीमा निर्मित एवं पहिलोपल्ट एकै लहरमा पचपन्नवटा झ्याल हाली संसारकै मन हर्ने गरी चित्ताकर्षक ढंगबाट बनेको एउटा सुन्दर मल्लकालीन वास्तुकृति पचपन्न झ्याले दरबार हो । तत्कालीन स्वतन्त्र राज्य भक्तपुरका राजा भूपतीन्द्र मल्लले बनाउन लगाएको यो दरबार भक्तपुर राजदरबार । (ख्वप लाय्कु) कै एक विस्तारित पुनर्निर्मित-भाग थियो । सो भागमा यस अघि उनकै पिता जितामित्र मल्लले थंथु राजकुल नामक सुन्दर दरबारको निर्माण ने.सं. ७९८ (वि.सं.१७३५) मा गरिसकेको भएता पनि सो दरबार बनेको ३ बर्ष पछि नै नेपाल उपत्यकामा गएको भयानक भूकम्पले यो पूरै भत्कियो । त्यसरी विलुप्त हुन पुगेको सोही थंथु राजकुलको दक्षिणपट्टिको भागमा त्यसैको जगखण्डमा खप्टिनेगरी नयाँ जग हाली नयाँ ढङ्गले पुनर्निर्माणको कार्य आरम्भ भयो र ने.सं. ८२८ (वि.सं. १७६५) सम्मन्मा आइपुग्दा नयाँ शैलीमा बेग्लै किसिमको साजसज्जा सहितले सिङ्गारिसकेपछि यस अनुपम दरबारलाई के नाम दिने भन्ने समस्या पनि रहेन । किनकी पचपन्नवटा झ्याल हाली बनाइएको हुँदा यसै संख्यात्मक आकर्षणका कारण यो दरबार स्वतस्फूर्त रूपमा नेवार लोकजीवनमा **'ङ्डापा झ्या'**, नेपाली राष्ट्रिय जीवनमा **'पचपन्नझ्याले दरबार'** तथा आधुनिककालको अन्तर्राष्ट्रिय जगतमा **'फिफ्टीफाइभ विण्डो पैलेस'** नामले प्रसिद्ध हुन पुगेको छ ।

पचपन्नझ्याले दरबारका ती कलाकृतिले भूपतीन्द्र मल्लको जीवनका केही उल्लेख्य पक्षलाई प्रतिकात्मक रूपले प्रस्तुत गरिएको प्रतीत हुन्छ । ती कलाकृति मिश्रित रूपले शैव/शाक्त एवं वैष्णव तन्त्रबाट मात्र नभएर तत्कालीन लोकजीवनमा निकै प्रसिद्ध रहेको शास्त्रीय संगीतबाट पनि त्यतिकै प्रभावित रहेको दृष्टिगोचर हुन्छ । दरबारका झ्यालका तोरण/टुँडाल आदिमा देखापर्ने शिव परिवारका काष्ठ-मूर्ति एवं विशेषगरी पहिलो तल्लाभित्रका मूलकोठाका शिवशक्तिमय विश्वरूप (यहाँ स्वयं भूपतीन्द्र मल्ल र उनका रानी विश्वलक्ष्मीलाई प्रयोगात्मक रूपले दर्शाइएको छ) को भित्तेचित्र, कृष्णचरित्रमा आधारित भित्तेचित्र, ने.सं. ८२८ मा मकवानपुरका राजा माणिक सेनसँग मिलेर तराइको जङ्गलमा हात्ती खेदा गर्दाको अविस्मरणीय क्षणका भित्तेचित्र आदि उदाहरणका रूपमा देखापर्छन् । समष्टीगतरूपमा १. पचपन्नवटा झ्याल २. भित्तेचित्र र ३. चित्रमय राग रागिनी यस दरबारका तीन उत्कृष्ट कलाकृति हुन् । तीमध्ये यो दरबार पछिल्लो कलाकृतिका दृष्टिले पनि निकै नै उत्कृष्ट र समृद्ध रहेछ भन्ने कुरा हालैको स्थलगत अन्वेषणबाट पत्ता लागेको छ । तर आश्चर्यको कुरो छ यस अघि यस दरबारको अन्वेषण गर्ने विद्वान र दरवार हेर्न आउने दर्शकहरूको ता कुरै छोडौं, दरबारको नाकैमुनिको पेटी र बाटोबाट जिन्दगीभर ओहरदोहर गर्ने यहाँका स्थानीय वासिन्दाहरूका आँखाका सामुन्नेमा समेत ती तेश्रा अनुपम कलाकृति लुकेर ओझेलमा परेका रहेछन् र त्यसबारेमा कुनै

* प्रस्तुत लेख पचपन्नझ्याले दरवार जीर्णोद्धार प्रस्ताव प्रतिवेदनको ८ एक परिमार्जित उपज अंश हो ।

जानकारी रहेनछ भन्ने कुरा पनि ती कलाकृतिको निकै दिन लामो स्थलगत अन्वेषणका क्रममा देखियो ।

दरबार हेर्न आउने सवैका दृष्टि टड्कारो रूपमा पचपन्न झ्यालमा मात्र पर्ने र सुक्ष्मरूपले निकै ध्यान दिएर हेरेपछि मात्र राग रागिनीका ती चित्रमय कलाकृति हाम्रो सामुन्नेमा देखापर्न आउने वा मुश्किलैले ठम्याउन सकिने हुँदा यो अहिलेसम्म प्रचारमा नआएको बुझिन्छ। यसकारण ओझेलमा परेका ती चित्रमय राग रागिनीका कलाकृति अवस्थित रहेका भाग एवं प्रत्येक कलाकृतिका विवरण दिई यसलाई प्रचारमा ल्याउनु यस अन्वेषणको मूल प्रयोजन हो ।

## कलाकृति रहेको भाग

पचपन्नझ्याले दरबारको दक्षिणपट्टिको बाह्य भाग दरबारको अग्रभाग हो । यस भागको भुईतला र पहिलो तलाका वीचमा सुन्दर ढङ्गले निकाली राखिएको कार्निस (स्वाथ (पःकू))[४९] को दायाँ कुना (नैऋत्य) देखि बायाँ कुना (आग्नेय) सम्मन् १४२ वटा सिंहाकृति (सिंख्वा)[५०] सहितका सोही लहरमा १४० वटा स-साना खोपा देखापर्छन् । ती नै काठका खोपाहरूमा निकै नै आकर्षक देखिने अनेक नाम/स्वरूप र भाव भगिंमाले युक्त राग रागिनीका स्वल्पाकृति (सुक्ष्म आकृति) कुँदिएका छन् । प्रत्येक राग रागिनीका स्वल्पाकृतिका शीर्षमा तिनका सम्बद्ध नाम पनि दिइएका वा कुँदिएका छन् । राग रागिनीको आरम्भ दायाँ कुनाको पहिलो खोपा (भैरव शीर्षकको राग) बाट भएको छ र यसै लहरको पूर्वपट्टिको भागको सातौं खोपा (आरम्भ क्रमका आधारमा १४७ औं) मा पुगेर टुङ्गिएको छ ।

## चित्रमय राग-रागिनीका सूची[५१]

| खोपा संख्या | नाम | स्वल्पाकृति-विवरण |
|---|---|---|
| १. | भैरव | दायाँ हातले खड्ग उचालि बायाँ हातले पात्र समाई एक पुरूषाकृति टुक्रुक्क बसेका छन् । |
| २. | वैकटकी | दायाँ हातले मुङ्गो माथितिर मच्चाइ रहेका दायाँ हात घुँडामा राखी बसि रहेका एक मनुष्याकृति छ । |
| ३. | मारू | एकजोडी उभिरहेको मुद्रामा छन् । सो मुदामा पुरूष आकृतिले स्त्री आकृतिको बायाँ हात समाइरहेका छन् । |
| ४. | पञ्चम | शिवलिङ्गको वरिपरि ५ मनुष्याकृति उभिएर पूजा गर्दैछन् ।[५२] |
| ५. | सिंधव | एक घोडचढीको दाया हातले तरवार उचालि बायाँ हातले ढाल समाती जोशपूर्ण ढङ्गले आक्रमण गरिरहको मुद्रामा देखापर्छन् । उनको सामुन्ने एक साधारण मानिस छ । |
| ६. | मधुमाधव | एक मनुष्याकृति बसिरहेको मुद्रामा देखापर्छन् । |
| ७. | वैशावर | बायाँ हात घुँडामा राखी दाँया हातले |

[४९] 'स्वाथ' वा 'पःकु' नेवारी शब्द हुन् । अहिलेको नेवार लौकिक जीवनले विस्तारै विर्सदै जान थालेको यस नेवारी नामकै अंग्रेजी रूपान्तर 'कार्निस्' चाहिं बढ्ता प्रचलनमा आइसकेको विदित हुन्छ । मौलिक शब्द साभार इश्वरानन्द श्रेष्ठाचार्य, तीर्थराज तुलाधर (सं.)-नेवार-नेपाली-अंग्रेजी शब्दकोष, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०५४, पृ. ३४५, ४३६ ।

[५०] सिंहाकृतिलाई 'सिंख्वा' भनिन्छ। नेवार शैलीमा बनेका भवन/देवालय आदि वास्तुकृतिका स्वाथमा गारोभन्दा बाहिर दलिनका टुप्पा निकालि ती टुप्पामा उस्तै ती फरक-फरक आकृतिका 'सिंख्वा' आकर्षक ढङ्गले राखी सजाउने चलन रहेको पाइन्छ। यस दरवारको आकर्षण बढाइरहका ती सिंख्वा फरक-फरक आकृति (गरूड, सुंगुर आदि) मा देखापर्छन् ।

[५१] (क) पुरातत्वविद् विष्णुराज कार्कीज्यूले ती खोपाका स्वल्पाकृति माथि अक्षर पनि अंकित छन् भनी सर्वप्रथम औल्याइदिनु भएपछि म र मेरा मित्र विनोदराज शर्मा मिली कम्मर कसी दरवारको ढुङ्गे पेटी माथि नगरपालिकाको टेबुल दिनभरी चढाउँदै त्यसमाथि उभिदै र घिसार्दै पसिना चुहाउँदै हातका नङ्ग्रा र छाला खुइल्याएर प्रत्येक खोपा खोतली त्यहाँ तीन शताब्दीदेखि जम्मा भएका धुलो, माटो र कसिङ्गर पुछ्दै त्यहाँ उत्कीर्ण राग-रागिनीका शुद्ध नाम पढी स्वल्पाकृति अध्ययन गरी विवरणात्मक सूची उतार्ने कष्टमय र जोखिमपूर्ण काममा २० दिन व्यतित भएको थियो । अनि यसरी सफलता हातमा पर्दा वितेका कष्टमय दिनको सुखद् अनुभूति मिलेको छ ।

(ख) सामान्यतया सात शुद्ध स्वरहरूको आरोह र अवरोहको विशिष्ट संयोजन 'राग' हो। मुख्यतया राग ६ प्रकारका छन् - (१) भैरव (२) मालकोश () हिण्डोल (४) दीपक (५) श्री र (६) मेघ। यी प्रत्येक रागका पनि ६-६ संख्याका प्रकार 'रागिनी' छन्। भैरव, बराटी, मधुमाधवी, सैन्धवी, बंगाली, तोदि, गौरी, गुणकली, खम्वावती, ककुभ, रामकली, देशाक्षी ललित, विलावल, पटमञ्जरी, देशी, कुमुदिनी, नटा, केदारा, कान्धरा, मालश्री, आशावरी धनाश्री, वसन्त, मारू, श्यामकली, टंक, मल्लार, गर्जुरी, भुपाश्री, देशकारी आदि 'रागिनी'का समष्टीगत उदाहरण हुन्। त्यस्तै 'राग'मा प्रयुक्त 'स्वर'का आधार मा 'सम्पुर्ण' षाडव' र 'औजव' गरी ३ मुख्य भागमा विभाजित गरिएको पाइन्छ। मधु माधवी विशान्त, देशाक्षी, भैरव आदि 'सम्पुर्ण' रागका देव-गान्धार, नीलाम्वर, श्रीराग, मालवश्री आदि 'षाडव' र ागका र धन्याश्री, सावेरी, गुर्जरी, वेलावली मधुमाधवी आदि औडव रागका उदाहरण हुन् । (एस बन्धोपाध्याय-दि ओरिजिन आफ राग, न्यु दिल्ली, मुन्शीराम मनोहरलाल प्रा.लि., इ.सं. १९९५, पृ. १३-२१) निश्चित समय, ऋतु पर्व पूजा आदिमा निश्चित राग रागिनी गाउनुपर्ने र त्यसरी अनेक लाभ मिल्ने, अन्यथा हावी हुने शास्त्र सम्मत मान्यता पनि चलेको छ ।

(ग) उपत्यकाका मल्ल राजाहरूले आफ्ना प्रशस्तिमा समेत संगीत विधामा पारङ्गत, प्रवीण र भूज्ञाता भनेर धक्कु पनि लाएका छन्। भुपतीन्द्र मल्लले चाहिं यस विधामा पनि वेग्लै प्रकारले यसरी नयाँ सिर्जनात्मक प्रयोग प्रदर्शन गरी देखाएका छन् । यतावाट पनि उनी आफ्नो युगको साङ्गितिक संसारका 'सङ्गीत सम्राट' रहेछन् भन्ने कुराको आभास हुन्छ ।

[५२] ती मध्ये शिवलिङ्गको बायाँपट्टि उभिएका मान्छेको टाउको कुनै कारणवश ठोक्किएर उप्केको अवस्थामा देखापर्छ ।

अभय मुद्रा प्रदान गरी योगसाधनामा तल्लीन एक योगी छन्।

८. मालकोशिक — नृत्यमुद्रामा एक बासुँरीवादक मनमोहक ढङ्गले बाँसुरी बजाइरहेका छन्।

९. गोत्रशिरी — एक मनुष्याकृति दायाँ हातमा मुद्‌गर जस्तो कुनै वस्तु समाई काँधमा अड्‌यो बाया हात फूर्तिलो ढङ्गले कुममा राखी उभिएका छन्।

१०. द्रापरी[५३] — योगमुद्रामा एक मनुष्याकृति देखापर्छन्। उनको बायाँपट्टि कलश छ।

११. सोरति — एकजोडी आनन्दसित बसीरहेका छन्। ती मध्ये दायाँपट्टिको आकृतिले हातमा वीणा लिएका छन्। बायाँपट्टिको अर्को आकृतिले चाहिं रूद्राक्षमाला लिएका छन्।

१२. मिष्टान्न — एकजोडी अङ्कमाल गरी म्वाई खाइरहेका छन्।

१३. बङ्गोरवदन — एक मानिस कलश र रूद्राक्षमाला लिई गइरहेका छन्।

१४. बसन्त विनोद — एक जोडी उभिएर प्रेमालाप गर्दैछन्।

१५. चन्द्रप्रकाश — एक पुरूषले एक स्त्रीलाई बायाँ हातले तिनको कम्मर तानी च्यापि काखमा बसाली दायाँ हातले सो स्त्रीको स्तन मिच्दैछन्।

१६. क्वदोर[५४] — एक पुरूषाकृति खड्‌ग जस्तो हतियार आफ्नो दायाँ हातले उठाई बायाँ हातले कुनै ढालजस्तो हतियार समाई चनाखोढङ्गले उभिएका छन्।

१७. देवशिरी — खाटजस्तो आसनमा एकजना मानिस आरामपूर्वक पल्टिरहेका छन्।

१८. अहीरि — पद्मासन भएको झ्यालमा सप्तनागले शीरमाथि ओढाइएकी एक देवकन्या देखापर्छिन।

१९. सिंहरा — ढाल तरवार लिएका एकजोडी घोडचढी एक आपसमा द्वन्द गर्दैछन्।

२० मालपञ्चम — एक पुरुष पलङ्मा बसी आराम गरिरहेका छन्। सँगैका एक स्त्रीले चमर हम्कँदैछिन्।

२१ विभास — आसनमा एकजोडी स्त्री पुरूष बसेका छन्। पुरूषले आफ्नो दायाँ हातमा रूद्राक्ष माला लिई बायाँ हातले सो स्त्रीलाई आलिङ्गनमा लिइरहेका छन्। स्त्रीले दायाँ घुँडा पुरूषको काखमा लगेकी छिन्।

२२ गुर्जारी — एक स्त्री आसनमा बसी वीणा(?) बजाइरहेकी छिन्।

२३. क्रोलाव — खाटमा वसेर एकजोडी स्त्री पुरुष प्रेमालाप गर्दैछन्। कामकलाको भाव झल्किने यस स्वल्पाकृतिमा सो पुरुषले आफ्नो दायाँ हातले सो स्त्रीको दायाँ स्तन मिच्दै बायाँ हातले आलिङ्गनमा लिइरहेका छन्। अनि स्त्रीले चाहि ती पुरूपले आफ्नो स्तन मिचिरहेको हातलाई सुम्सुम्याउँदै छिन्।

२४ केन्तांसी — उभिरहेको एकजोडीमध्ये स्त्रीले रूद्राक्षमाला लिएकी छिन्।

२५ सारङ्ग — एकजोडी आसनमा उस्तै मुद्रामा बसी मग्न भएर सारङ्गी बजाइरहेका छन्।

२६ गेण्डकरि — एक मानिस आसनमा बसी दायाँ घुँडाले टेकी रवाफिलो ढङ्गले कलात्मक फूलबुट्टा समाइरहेका छन्।

२७ हिमकरि — एक जोडी भावपूर्ण ढङ्गले आसनमा बसेका

---

[५३] सङ्गीत मकरन्द ग्रन्थले केही रागहरूलाई पुंराग स्त्रीत्व र नपुंसक मा वर्गिकृत गरेको छ। नपुंसक र स्त्रीत्व-राग अन्तर्गतका समूहमा 'द्रावडी' रागलाई राखिएको छ।(बन्धोपाध्याय, पूर्वोक्त, पाद टिप्पणी संख्या १८ख, पृ. १२-१३), यसरी तत्कालीन पूर्वीय-संगीत संसारमा प्रचलित रहेको द्रावडी नै यो हो कि त भन्ने अनुमान हुन्छ।

[५४] केदार (?)

छन् । यहाँ पुरूपको काखमा एक स्त्री निर्धक्कले बसेकी छिन् । तिनले आफ्नो बायाँ हात माथि उठाई हत्केलामा एक पंक्षीलाई राखेकी छिन् ।

२८ काचकरि एकजोडी स्त्री पुरूप नृत्यमुद्रामा देखापर्छन् । स्त्रीले बाँसुरी बजाइरहेकी छिन्, पुरूष चाहिं नाचिरहेका छन् ।

२९ शवरी एक स्त्री आरामपूर्वक बसेकी छिन् । तिनका सामुन्ने २ साना-साना हात्ती बडो हिसी पर्ने गरी आइरहेका छन् ।

३० विभावयन्ती एक स्त्री बसेकी छिन् । तिनले हातमा केही बस्तु (?) लिएकी छिन् । तिनको सामुन्ने शिखरशैलीको मन्दिरको सानो सुन्दर नमूना छ ।

३१ गुणकरी एक स्त्री उभिएकी छिन् । तिनको लत्रेको पछ्यौराका दुवै तिरका सप्को हावाले उडाइरहेको छ । त्यहाँ एउटा कलश, सानो आसन र डालो जस्तै कुनै एउटा सामग्री पनि देखापर्छन् ।

३२ कामोद एकजोडी थचक्कै बस्न लागेका छन् । उनले रूद्राक्षमाला र एउटा ग्रन्थ लिएका छन् ।

३३ गौरी एकजोडी उभिएका छन् । नृत्यभावमा देखापर्ने पुरूपले आफ्ना दुवै हात आफ्नो गर्दनसम्म पुऱ्याएका छन् । स्त्रीले केही वस्तु लिएकी छिन् ।

३४ पम्फावती एकजोडी आसनमा बसी आराम गर्दैछन् । त्यस आसनको छेउमै बसेका व्यक्ति घुंडा पसारेर आराम लिइरहेका छन् । उनको बायाँ खुट्टा आसनबाट तल झारेका छन् । सो खुट्टालाई एक सेवकले मिच्दैछन्, पछाडि चाहि एक सेविकाले चमर हम्काउँदै छिन् ।

३५ तोअ[५५] साञ्है सुन्दर देखिने यस स्वल्पाकृतिमा एक स्त्री आकृतिले कुकुर जस्तो देखिने एक जनावरलाई दायाँ हातले केही खुवाउँदै छिन् । सो स्त्रीको पार्श्वभागको शीर्षमा साञ्है कलात्मक देखिने छत्राकार रूपको फूलबुट्टा नागवेली परेर सुहाइरहेको छ ।

३६ अहिलानि ठाँटिलो ढङ्गले एक स्त्री घुंडाले आसनमा टेकी बाँया हातले केही वस्तु समाइ रहेकी छिन् ।

३७ तुरी आसनमा पलेटी कसेर एक व्यक्ति बसेका छन् । सो व्यक्तिको बाँया हातमा समाइरहेको केही वस्तु तलसम्म तुन्द्रुङ्ग झुण्डिइरहेको छ ।

३८ दिपक एक रवाफिला मानिस हात्तीमा सवार छन् । उनको दायाँ हातले केही समाई माथिसम्म पुऱ्याएका छन्, बायाँ हातले हात्तीको टाउकोमाथि टेकेका छन् ।

३९ सार्यका एक स्त्री उभिइरहेकी छिन् ।

४० विलासिनि दुवै हातमा रूद्राक्षमाला लिई एक स्त्री उभिइरहेकी छिन् ।

४१ सार्वलिका आसनमा एक मानिस बसिरहेका छन् । उनले वायाँ हात काखमा राखी दाँया हातले वरद मुद्रा धारण गरेका छन् ।

४२ नाटभैरव नृत्यमुद्रामा देखापर्छन् ।

४३ दमगौर आसनमा बसी स्त्री पुरूप प्रेमालाप गर्दैछन् ।

४४ पापर आसनमा एक पुरूष पलेटी कसेर बसेका छन् र उनले बाँया हातले पिंजडा उचालि रहेका छन् । त्यसभित्र एउटा चरो छ ।

---

[५५] टोडी (?)

४५ भमरानन्द एकजोडी सन्मुख हुने गरी बसेका छन् ।

४६ आशावरी एक मानिस आसनमा पल्टी खुट्टा पसारेर आराम गर्दैछन् ।

४७ आनन्द भाप्कल आसनमा पलेटी कसेर बसेका एक मानिसले आफ्ना दुवै हातमा फूलको थुङ्गा समाइरहेका छन् ।

४८ श्री आसनमा पलेटी कसेर बसेका एक व्यक्तिले आफ्नो बाँया हात घुँडामा राखी दाँया हातले फूलको थुङ्गा माथि उठाँउदैछन् ।

४९ सारङ्गी एकजना आसनमा बसेर, अर्कोचाहि भुईंमा बसेर सारङ्गी बजाइरहेका छन् ।

५० डांन्दकरी एक सुन्दर स्त्री फूलको माला लिई उभिएकी छिन् । उनको दाँया बाँया कलात्मक रूपका ठूल-ठूला फूलबुट्टा छन् ।

५१ कामोदविजय एकजोडी आसनमा बसी फूलको थुङ्गा समाई एकले अर्कोलाई देखाइरहेका छन् ।

५२ धिहगरा आसनमा बसेका एक मानिसे बायाँतर्फ फर्की रूद्राक्षमाला देखाइरहेका छन् ।

५३ गौउमालच धनुषवाण भिरेका एक फूर्तिला मानिस कतै गइरहेका छन् ।

५४ कल्यान यहाँ ६ वटा मनुष्याकृति देखापर्छन् । तीमध्ये एकले बालकलाई स्नेहपूर्वक काखमा लिएका छन् । अर्को व्यक्तिले सो बालकको हात समाइरहेका छन् । दाँया बाँया दुइजोडी सेवक सेविका बसेका छन् । बीचमा एउटा सानो आसन छ । त्यसमाथि केही बस्तु राखिएको छ ।

५५ मेघ एक योद्धा ढाल तरवार लिई आक्रामक ढङ्गले आकासतिर ताकी हेरिरहेका छन् ।

५६ कानव घुँडासम्मन लत्रनेगरी भव्य माला लगाएका एक पुरूष आफ्ना दुवै हात माथि उठाइरहेका छन् ।

५७ केदार यहाँ एकजोडी प्रेमालाप गरिरहेका छन् ।

५८ स्ठर आसनमा दुवै हात बाँधी बसेका एक पुरूष योगमुद्रामा मग्न छन् ।

५९ जालान्धर वलिष्ठ देखिने एक मानिस केही वस्तु साथमा लिई, केही वस्तु दुवै हातमा उचालेर बोकी कतै जाँदैछन् ।

६० नामश्री एकजोडी धनुर्धारी चनाखो भई बसिरहेका छन् ।

६१ गुण्डश्री एक वृत्ताकार तोरणभित्र एक योगी योगमुद्रामा देखापर्छन् ।

६२ गणेश चारहात भएका गणेश यहाँ बसिरहेका छन् ।

६३ मालवपञ्चम आसनमा बसेर एक व्यक्तिले आफ्ना दाँया हातले 'अभय' प्रदान गर्दैछन् । एक सेविकाले उनलाई चमर हम्काएर सेवा गर्दैछिन् ।

६४ श्रीमाधव एक व्यक्ति आसनमा बसेका छन् । उनका अगाडि अरू २ जना पनि देखापर्छन् । ती मध्ये केही ठूलो जीउडाल भएका व्यक्ति वीणा बजाइरहेका छन् ।

६५ शम्रार आसनमा बसेका एक मानिस आफ्ना दुवै घुँडाका वीचमा हात पसारी योगमुद्रामा तल्लीन देखापर्छन् ।

६६ हिदोर भुला जस्तो आसनमा एक व्यक्ति बसेका छन् । उनको सामुन्नेमा एक सेविका छिन् ।

६७ वेशावरि आसनमा एक व्यक्ति बाँया घुँडा पसारी दाँया घुँडा उचालि सो घुँडामाथि हातले टेकी आराम साथ बसेका छन् । उनको दायाँ बाँया कलश र करूवा छन् ।

| | | |
|---|---|---|
| ६८ | मालव | एउटा गुम्वज शैलीको सानो सुन्दर मन्दिर छ । सो मन्दिरको सामुन्नेबाट राजसीठाँटका देखिने एक मानिस दाँया हातमा रूद्राक्ष लिई कतै जाँदैछन् । |
| ६९ | पडमञ्जि | आसनमा एक मानिस आफ्नो बाँया घुँडा अगाडि पसारेर सो घुँडामा बाँया हात अड्याई नाच्न लागेका भैं गरी बसेका छन् । उनको अगाडि एक अर्को मानिस उनीसित कुरा गर्न लागेका छन् । |
| ७० | मालश्री | स्त्री भै देखिने एक मानवाकृति आसनमा बसेर दाँया घुँडा पसारी बाँया घुँडा उचालि बाँयातर्फ फर्की दाँया हात घुँडामा अड्याई बायाँ हातले पंखा (?) उचालेका छन् । |
| ७१ | मल्लाल | एउटा सुन्दर कलात्मक द्वारको बीचबाट हुँदै एक मानिस बायाँतर्फ लाग्दैछन् । उनले आफ्ना दुवै हात तल पारी केही वस्तु पनि लिएका छन् । |
| ७२ | मानव | दुई तहको छाना समेत भएको एउटा गुम्वजशैलीको मन्दिर सामुन्ने एकजोडी गाढालिङ्गनमा (म्वाइ खाँदै) देखापर्छन् । |
| ७३ | कणाट | एक उभिएका मानिसले आफ्ना दुवै हातमा लाम्चो परेको वाद्य सामग्री 'कनाट' लिएका छन् । उनको अगाडि घुँडा टेकी अर्को एक पुरूष भक्तिभाव अर्पित गर्दैछन् । पार्श्वमा मन्दिरको एक भाग देखापर्छ । |
| ७४ | वमत्रि | एक पुरूष गमक्क परी आसनमा बसेका छन् । उनले आफ्नो दाँया खुट्टाले भुईमा टेकी बायाँ खुट्टा पसारी बाँया हात घुँडामा बिसाई दाँया हात घिच्रोसम्म पुऱ्याई आराम गरिरहेका छन् । अगाडि एक सेविका उनलाई पंखाले हम्कँदैछिन् । |
| ७५ | धणाश्री | आसनमा बसेका एक मानिस सारङ्गी जस्तो लाम्चो परेको वाद्यसामग्री बजाइ रहेका छन् । |
| ७६ | देशाख | यहाँ एकजोडी निर्वस्त्र अवस्थामा देखापर्छन् । उनीहरू दुवैले आ-आफ्ना हात छातिसम्मन पुऱ्याई निस्फिक रूपले नाचिरहेका छन् । |
| ७७ | वसन्त | एक पुरूष आफ्नो बाया हातमा चरो थाम्दै बायाँ हातमा लिएको फूलको थुङ्गो सो चरालाई देखाइरहेका छन् । |
| ७८ | नामकरि | एक मानिस बडो गमक्क फुलेर दायाँ खुट्टा तल भरी आसनमा बसेका छन् । सो खुट्टालाई एक सानो जीउडाल भएको मानिसले समाई ढोगिरहेका छन् । आसनमा बसेको मानिसको पछिल्तिर वालिशमा हात अड्याई च्यूँडोसम्म पुऱ्याई एक अनुचर उभिइरहेका छन् । |
| ७९ | णाट | यहाँ एक घोडचढी आफ्नो बायाँ हातमा लामो भाला लिई फूर्तिलो ढङ्गले बायाँतर्फ लाग्दैछन् । |
| ८० | ककुभ | एक मानिस आफ्नो दाया हात छातिमा पुऱ्याई बाया हात तल भारिरहेका छन् । उनको दायाँतर्फ एउटा करूवा र बायातर्फ एउटा डालो छ । |
| ८१ | भैरवि | आसनमा एउटा छत्रसहितको शिवलिङ्ग छ । सोही आसनमा बसेर एक स्त्रीले सो शिवलिङ्गमा भक्तिभाव अर्पित गरिरहेकी छिन् । |
| ८२ | निमिकतन | एक मनुष्याकृति आफ्ना दुवै हात शीर माथि पुऱ्याई माथितिर हेरिरहेका छन् । |
| ८३ | रूमिशेखर | शीरदेखि कम्मरसम्मन् ढाक्नेगरि खाप्टो ओढेकी एक स्त्री आफ्ना दुवै हातले केही वस्तु समाई दायातर्फ लागिरहेकी छिन् । |
| ८४ | बक्रलोचन | एक स्त्री बायातर्फ ईशारा गर्दै आफ्नो बाटो लागिरहेकी छिन् । |
| ८५ | मृगमान्मक | लज्जालु भै देखिने एक सुन्दर स्त्री |

आफ्नो शीर केही अघिल्तिर भुकाई दुवै हात तलतिर ल्याई पसारी दायातर्फ लाग्दैछिन् ।

८६ सुखकदर एक स्त्री आफ्नो दायाँ घुँडा केही खुम्च्याई बायाँ घुँडा केही तेर्सो पारी दुवै हात छातिसम्मन पुऱ्याएर तल-माथिको स्थितिमा राखी मनमोहक ढङ्गले नाचि रहेकी छिन् ।

८७ प्रन्तशेखर एक स्त्री आफ्नो दाया हात कुमसम्म लगी बायाँ हात कम्मरमा राखी बायाँ तर्फ हेरिरहेकी छिन् ।

८८ धरश्रीधर एक नर्तकी आफ्नो दुवै हात कुमसम्म ल्याई नृत्य गरिरहेकी छिन् ।

८९ तरूनिम्मर एक स्त्री आफ्नो दाया खुट्टा केही तेर्सो पारी बाया खुट्टा केही खुम्च्याई दुवै हात शरीरको दायातर्फ भुलाई नाचिरहेकी छिन् ।

९० सिविकहूम एक नृत्याङ्गना आफ्नो दायाँ हात शीर माथिसम्म उचालि बायाँ हात कम्मरमा राखी नाचिरहेकी छिन् ।

९१ नरमोहन एक पुरूषाकृति फूलबुट्टाको आसनमा उभिई अगाडितर्फ हेरिरहेका छन् ।

९२ मदना एक नृत्याङ्गना दायाँ हात शीरमाथिसम्म लगी बायाँ हात कम्मरमा ल्याइ नाचि रहेकी छिन् ।

९३ वलासभव एक नर्तकीले आफ्नो दुवै हात कम्मरसम्मन् ल्याइ कम्मर भाँची नाचिरहेकी छिन् ।

९४ भमर एक नटुवा बायाँ खुट्टाले मात्र भुईमा टेकी दाया खुट्टा चाहि पुरै माथिसम्मन् उचालेर खुम्च्याउदै ल्याई बाया घुँडामा अडाई दुवै हात माथि उठाई नाचिरहेका छन् ।

९५ ☐ दुःखको कुरा । यहाँको खोपा खाली छ । किनकी स्वल्पाकृति हराईसकेको छ ।

९६ कामवलभ एक मानवाकृतिले आफ्नो दायाँ हात तल घुंडासम्म पुऱ्याई बायाँ हात च्यूँडोमा लगी उभिएका छन् ।

९७ कामपाश एक पुरूष प्रभावशाली मुद्रामा दायाँ खुट्टा ठाडो पारी बायाँ खुट्टा केही खुम्च्याएर पछिल्तिर ल्याई बाया हात बायाँ घुँडामा टेकी हात कुमसम्म पुऱ्याई उभिएका छन् ।

९८ लासूर स्त्री भै देखिने एक आकृतिले आफ्ना दुवै खुट्टा खप्टयाएर, दुवै हात माथि बायातर्फ उचाली नृत्यभावमा उभिएका छन् ।

९९ मदनरति एक मानवाकृति आफ्नो दायाँ खुट्टा बायाँ घुँडासम्म पुग्नेगरी उचाली बायाँ खुट्टाले मात्र भुईमा टेकी दायाँ हात शीरमा पुऱ्याई बायाँ हात कम्मरको भाग सम्म लगी नाचीरहेका छन् ।

१०० क्रोध आसनमा आफ्ना दुवै घुँडा टेकेर एक रिसाहा मानिसले आफ्नो बायाँ हातले सामुन्नेमा बसेका मानिसको टाउको पछिल्तिरबाट समाती दायाँ हातले कुनै एक वस्तु समाई हिर्काउन लागेको देखिन्छ ।

१०१ वम दुईजना मानिस उभिएर एक आपसमा भलाकुसारी गरिरहेका छन् ।

१०२ तिलक उभिएका दुईजना मानिस एक आपसमा केही वस्तु साटफेर गर्दैछन् ।

१०३ गातविरेपर उभिएका दुईजना मानिस कुरा गरिरहेका छन् ।

१०४ कुण्डल उभिएका एकजोडीमध्ये पुरूपाकृतिले दाया हातले एउटा कचौरा समाई आफ्नो छातिसम्मन् लगेका छन् र बायाँ हातले केही वस्तु उचाली आईमाईलाई दिदैछन् । ती आईमाई चाहि आफ्ना दुवै हातले कानमा कुण्डल धारण गर्न लागिरहेकी छिन् ।

१०५ मुद्रिका यहाँ उभिईरहेका एकजोडीमध्ये पुरूषले दायाँ हातले सानो पात्र वा भाँडो समाई केही थापिरहेका र स्त्रीले चाहि दाया हातले केही वस्तु (औंठी) सोपात्रमा हाल्नलागेकी छिन् ।

१०६ समुकुट दुईजना मानिस उभिएका छन् । वायाँतर्फका मानिसले दुवै हातले कलशजस्तो अचम्मको सामग्री समाईरहेका छन् । अर्धवृत्ताकार रूपको सो सामग्री लाम्चो परेर दायाँतर्फ उभिएका मानिसको शीरमा सम्मन छुन पुगेको छ । अनि सो मानिसले पनि त्यस कलशलाई दायाँ हातले समाएका छन् र बायाँ हातले चाहि आफूले पहिरेको फेता थाम्दैछन् ।

१०७ पादचिम्म यहाँ एकजना सेवक थचक्क वसेर सम्पन्न भैं देखिने मोटो जीउ भएका एक मानिसको दाया पद (पाउ) लाई आफ्नो हत्केलामा थाम्दैछन् ।

१०८ हस्तिखस दुईजना मानिस एउटै वस्तुलाई बलपूर्वक तानातान गरिरहेका छन् ।

१०९ पटसुर दुईजना मूर्ख मानिस उभिएका छन् । दायातर्फका मूर्खले आफ्नो बायाँ हातले पुच्छरजस्तो लामो बस्तु समाई सामुन्ने उभिएका अर्का मूर्खको कानबाट छिराई वा निकालिरहेका छन् ।

११० कटिपुरि दुईजना मानिस एक आपसमा वार्तालाप (शायद् भनाभन) गरिरहेका छन् । बायाँतिरका व्यक्तिले आफूले कम्मरमा भिरेका छुरा निकाल्ने प्रयत्न गर्दैछन्, अर्को चाहिले पनि त्यस्तै हतियार समाईसकेका छन् ।

१११ विद्याविनितमुख यहाँ गुरू र चेला छन् । गुरूले बायाँ हातमा पुस्तक लिई दायाँ हातले आफ्नो सन्मुख भई बसेका चेलालाई केही कुरा सिकाईरहे भैं गरी ईशारापूर्वक सम्भाउदैछन् । चेला चाहि पलेटी कसी दुवै हात घुँडामा राखी गुरूले भनेका कुरा ध्यानपूर्वक सुनिरहेका छन् ।

११२ तामल दुईजना मानिस आमुने-सामुने गरी बसेका छन् । बायाँतिर बसेका मानिसले केही कुरा दाँया हातले दायाँतिरका मानिसलाई दिदैछन्, अनि दिएको चिज लिदै सो मानिसले आफ्नो मुखसम्म दाया हात लगी खाईरहेका पनि छन् ।

११३ शिलवत् दुईजना मानिस आमुने सामुने गरी आसनमा बसी वार्तालाप गरिरहेका छन् ।

११४ सगुलिन एकजोडी माथितिर हेरिरहेका छन् । दायातिर बसेको मानिसले चाहि वीणा बजाईरहेका छन् ।

११५ मज्जुन एक युवती नग्न अवस्थामा-दाया हातले पानीको भाँडो समाई शीरमा खन्याई नुहाईरहेकी छिन् । वायातिर अर्का एक स्त्रीले सुराहीजस्तो पानीको भाँडो बोकी रहेकी छिन् ।

११६ चार आसनमा बसेकी एक स्त्री र उभिएकी अर्की स्त्रीले आफूले समाईरहेका समान प्रकारका वस्तुहरू एक आपसमा साट्न लागेका देखापर्छन् ।

११७ चीर एकजना मानिसले आफ्नो सामुन्नेमा दुवै हात कम्मरमा राखी बडो फूर्तिलो ढङ्गले उभिएका मानिसलाई दुवै हातले समाईर हेका कुनै कुरा दिन लागेका छन् ।

११८ तिरक दुई स्त्री आमुने-सामुने उभिएका छन् । दायातर्फका स्त्रीले आफ्नो दायाँ हात निधार सम्म पुऱ्याई सलाम ठोकिरहेकी छिन् । बायातर्फकी स्त्रीले चाहि बायाँ हात आफ्नो नाइटोभागसम्म लगी दाया हातले एउटा सानो कचौरा सामुन्नेका मानिसतर्फ अघि बढाइरहेकी छिन् ।

११९ नेताफेन यस खोपाका कलाकृतिका ढाँचा अघिल्लो कलाकृतिसित मिल्दोजुल्दो देखिन्छ यहाँ। बायातिरका आकृतिले चाहि बाया हात तलतिर तेर्सो पारी केही वस्तु झुण्याई रहेका छन् । अनि लपेस जस्तै सानो चाक्लो भाडो सामुन्नेका मानिसतर्फ तेर्स्याइरहेका छन् ।

१२० सुन्दर उभिईरहेका दुई स्त्रीहरूमध्ये दायाँतिरकी स्त्रीले बाया हातमा लिएको सानो भाँडो माथि उचाली सामुन्नेकी अर्की स्त्रीलाई दिनलागेकी छिन् । अर्की स्त्रीले चाहि सो भाँडो थापिरहेकी छिन् ।

१२१ नाशमुक्तिक उभिईरहेका दुई स्त्रीमध्ये दायातिरकी स्त्रीले आफ्ना दुवै हात मुखमा लगेकी छिन् । अर्की चाहिले बायाँ हात कम्मरमा राखी दायाँ हातमा समाईरहेको पात्र दिनलागेकी छिन् ।

१२२ पुष्पहार उभिएकी एक स्त्रीले भव्य र विशालरूपको पुष्पहार प्रदर्शन गरिरहेकी छिन् ।

१२३ कवनी दुई स्त्री बायातिर फर्केका छन् । तीमध्ये दायाँतिरकी स्त्री पलेटी मारी दुवै हात घुँडामा राखेकी छिन् । अर्की चाहिं पनि घुँडा टेकी दुवै हातले सो स्त्रीका कानमा गहना लगाई दिनमा व्यस्त छिन् ।

१२४ कुण्डल एक स्त्री आसनमा बसी बाया हात घुँडामा राखी हत्केलाले कपाल थाम्दै दाया हात बाया कानमा लगी कुण्डल धारण गर्दैछिन् । अर्का स्त्रीले तिनलाई दुवै हातले समाति रहेको भाडो दिनलागेकी छिन् ।

१२५ कण्ठ ... (?)[५६] यहाँ एकले अर्कोलाई रूद्राक्षमाला दिन र लिन लागिरहेका छन् ।

१२६ प्रा.(द्रा?) वरिप्वकाण्डि[५७] उभिईरहेका दुई स्त्री आपसमा केही लाम्चो वस्तु साटफेर गर्दैछन् ।

१२७ ताम्बुल आसनमा बसेका एक मानिस दाया खुट्टा पलेटी मारी बाया घुँडामा बाया हात अड्याई दाया हातको पान मुखमा लगी खान लागिरहेका छन् । सो आसनको सामुन्नेमा वसेका अर्का मानिसले चाहि पानको भाँडा लिई त्यसरी आरामपूर्वक पान खानलागेका मानिसतर्फ तेर्स्याइ रहेका छन् ।

१२८ कन कंकन[५८] यहाँ उभिएका दुई स्त्री मध्ये एक स्त्रीले दुवै हात तल झारी बायाँ हातले दायाँ हातको नाडी समाईरहेकी र अर्की स्त्रीले बायाँ हात सो स्त्रीको कम्मरपछाडि लगी दायाँ हातमा लिएको सानो भाँडो दिनलागेकी छिन् ।

१२९ चतुरिता भिन्नाभिन्नै आसनमा मुखिन्जेल हुने गरी बसेका दुई स्त्रीमध्ये एकले आफ्ना दुवै हात काखमा राखेका छन् । अर्कीले दायाँ हात घुँडामा राखी बायाँ हातले अभयमुद्रा प्रदान गरिरहेकी छिन् ।

१३० मिनसिंदूर नृत्याभावमा देखापर्ने एक स्त्री दाया हात घुँडातलसम्म ल्याई बायाँ हात शीर माथिसम्म लगी उभिएकी छिन् ।

१३१ मिन नृत्यमुद्रामा देखापर्ने एक मानिस आफ्ना दुवैं हात शीरमाथिसम्म लगी खुट्टा खप्ट्याएर राखेका छन् ।

---

[५६] यहाँ मुसाले कोतरेको दागका कारण अक्षरका केही भाग विनष्ट हुनुका साथै ठम्याउन समेत गाह्रो परेको छ ।

[५७] मुसाले कोतरेका दाग यहाँ पनि देखापर्छन् । यसो हुँदा अक्षर पनि अस्पष्ट छन् ।

[५८] यस खोपामाथि कुनामा मुसाको दुलो पनि बनेको छ सो दुलोको मुखैमा एउटा मरेको मुसोको सिङ्गो कङ्काल पनि छ ।

१३२ कुंभ — एक मानिस दायाँ खुट्टा अलि खुम्च्याई बायाँ खुट्टा फराकिलो पारी दुवै हात चिउँडोमा पुऱ्याई उभिएका छन् ।

१३३ कलाह — एक मानिस आफ्ना दुवै घुँडा केही खुम्च्याई दुवै कुर्कुच्चालाई झण्डै जोडी, दुवै हात दुवै कानतर्फ लगी उभिएका छन् ।

१३४ नृति — पगरी गुथेका एक मानिस निकै फूर्तिलो ढङ्गमा दाया खुट्टाले भुईमा टेकी, घुँडा केही खुम्च्याई बाया खुट्टा आधा खुम्च्याई दाया घुँडामाथि राखी दाया हात कम्मरमा राखी बायाँ हात जाँघसम्म ल्याई अड्याई नाचिरहेका छन् ।

१३५ पावन — एक पुरूष दायातर्फ फर्की दाया हात माथि उठाई बाया हात छातिसम्म ल्याई उभिईरहेका छन् ।

१३६ पशुलाम[५९] — यस खोपाका पुरूषाकृतिको हाउभाउ अघिल्लो सित मिल्दोजुल्दो छ तर पुरूष चाहि बायातर्फ फर्केका छन् ।

१३७ राम — धनुष तान्न लागेका झै मुद्रामा देखापर्ने एक पुरूप बाया हातमा ढालजस्तो शस्त्र लिई केही माथि उठाईरहेका छन् ।

१३८ बरलाम[६०] — पगरी लाएका एक प्रभावशाली देखिने पुरूप आफ्ना दुवै हात अलिकता माथि उठाई माथितिर हेरी उभिएका छन् ।

१३९ बुध — पगरी लाएका एक पुरूष दायाँ हातले वर मुद्रा र बाया हातले अभयमुद्रा प्रदान गरी उभिएका छन ।

१४० कंरकी — आकासतिर ताक्दै मुट्ठी कसेर दायाँ हात माथितिर उजाउदै सोही अनुपातमा बाया हात तलतिर झारी निकै फूर्तिलो ढङ्गले उभिएका छन् ।

१४१ ☐ — यो खोपा खालि छ ।[६१]

१४२ पूचना[६२] — एक स्त्रीले आफ्ना दुवै घुँडा टेकी बायाँ हात घुँडामा विसाई दाया हात मुखसम्मन् लगी केही चुस्न लागेकी छिन् ।

१४३ जलावर्त्तन — एक नृत्याङ्गना उभिएकी छिन् ।

१४४ नेतरंजन — एक मानवाकृति आफ्ना दुवै हात खुट्टा पसारी उभिएका छन् ।

१४५ नदनवर्द्दन — एक स्त्री आग्रह भाव प्रकट गर्ने मुद्रामा आफ्ना दुवै हात छातिसम्मन् ल्याई उभिएकी छिन् ।

१४६ ☐ — यो खोपा पनि खाली छ ।

१४७ शिषनिकट — दायाँ हात माथि, बायाँ हात कम्मरमा राखी एक स्त्री उभिएकी छिन ।[६३]

१४८ — यस खोपामा सुन्दर फूलबुट्टा र झण्डा देखापर्छन् ।

१४९ — दक्षिणतर्फ लाग्दै गरेका लगामसहितको एउटा फूर्तिलो घोडा छ । यस घोडाको पिठ्यूमा सूर्य चिन्ह अङ्कित छ । सो पिठ्यूमाथिको आसन (काठी) मा तीनवटा गोलाकार वस्तु र त्यसको वरपर सात थोप्ला सहितको विशेष सामग्री यस घोडाले बोकेका छन् ।

१५० — त्रिखुटी-आसनमाथि पूर्णकलश छ ।

१५१ — पिजडाभित्र एउटा चरो (मयूर) छ ।

---

[५९] परशुराम

[६०] बलराम (?)

[६१] पुर्वतर्फको लहरको पहिलो खोपा (यस लहरमा ६१ वटा खोपा देखापर्छन् ।

[६२] पुतना

[६३] नामाङ्कित-स्वल्पाकृतिका क्रम यस संख्यामा पुगेर टुङ्गिएको छ ।

१५२ यस खोपामा पनि सुन्दर फूलबुट्टा र झण्डा देखापर्छन् ।

१५३ तीनवटा पानबुट्टा कुदिएको एक आसनमाथि एउटा तर्सिएको श्याल छ। तर्सिएको सो श्याल पिठ्यू खुम्च्याउदै टाउको पछाडि फर्काई डराउदै आकासतिर हेर्दैछन् ।

१५४-१५६ यी खोपाका मौलिक कलाकृति हराई सकेका छन्। तिनको स्थानमा चुन-लेपन गरी बनाइएको कालो पृष्ठभूमिमा फूलबुट्टा लेखिएका छन् ।

१५७ पुच्छर ठाडो पारी निकै डरलाग्दो सङ्गमुख बाएर झम्टन लागेको एक आक्रामक बाघ यहाँ छ । सो बाघको पार्श्वमा सुन्दर फूलबुट्टा देखापर्छन्।

१५८ यस खोपाभित्र एउटा सुन्दर पक्षी चुच्चोले पखेटा कन्याइरहेका छन् ।

१५९ यहाँ सुन्दर फूलबुट्टा र झण्डा देखापर्छन् ।

१६० चतुष्कोण-आकारभित्र फूलबुट्टा छ ।

१६१ एकजोडी सुन्दर मयूर ठाडो तेर्सो पर्ने गरी आकर्षक ढङ्गले विपरित दिशातर्फ लागेका छन् ।

१६२-१६९ यी खोपाभित्र विभिन्न प्रकारका, यन्त्राकार आकृतिका फूलबुट्टाहरू देखापर्छन् ।

१७० यहा कल्की भएको एक सुन्दर पंक्षी छ ।

१७१-७५ यी खोपामा सुन्दर फूलबुट्टाहरू देखापर्छन ।

१७६ यस खोपामा पखेटा फिजाई उड्न लागेका एक पंक्षी छन् ।

१७७-८१ यी खोपामा विभिन्न प्रकारका फूलबुट्टाहरू छन् ।

१८२ एक चंचल चरो हाङ्गामा बसिरहेको छ ।

१८३ यस खोपामा फूलबुट्टा अङ्कित छ ।

१८४ बीचमा सप्तपत्रयुक्त पट्कोण देखापर्छ ।

१८५-८६ यी खोपामा फूलबुट्टा छन् ।

१८७-८८ हाङ्गामा बसेका चराहरू छन् ।

१८९ यहाँ फूलबुट्टा छ ।

१९० एउटा चरा छ ।

१९१-९२ यी खोपामा फूलबुट्टा देखापर्छन् ।

१९३ यहाँ उड्न लागेको एउटा पंक्षी छ ।

१९४-९५ यी खोपामा पनि फूलबुट्टा देखापर्छन ।

१९६ हाँगामा बसेको एउटा चरा छ ।

१९७-९९ यी खोपामा विभिन्न प्रकारका फूलबुट्टा देखापर्छन ।

२००-०१ शायद विगतका जथाभावि रूपको टालटुले जीर्णोद्धारका कारण यी खोपा पनि टालिएका छन् । यसो हुँदा खोपा पुरिएका इटामा अन्य मौलिक फूलबुट्टाकै अनुकरण गरी चित्र उतार्ने काम भएको छ ।

एकै लहरका खोपाहरूमा अनेक नामका राग रागिनी र सम्बद्ध स्वल्पाकृतिलाई ध्यानपूर्वक हेरिरहँदा हाम्रा मनमा पनि स्वत: नृत्य+बाद्य+गीतको पूर्ण समिश्रणयुक्त संगीतमय लहर गुञ्जिन थाल्छन्। जसरी तान्त्रिक त्रिकोणमा त्रि तत्वको संयुक्त प्रयोगविना पूजा अपूर्ण मानिन्छ त्यसरी नै **'गीतं वाद्यं तथा नृत्यं त्रयं संगीत मुच्यते'** को प्रचलित मान्यता अनुरूप गीत, वाद्य र नृत्यको संयोजन विना संगीत अधूरो रहेको जानिन्छ। यसरी साङ्गितिक त्रितत्वका भाव सांकेतिक रूपमा दर्शनीय हुन आइपुग्ने परिप्रेक्ष्यमा पचपन्नझ्याले दरबार संगीतमय दरवार पनि हो भन्ने कुरा दृष्टिगोचर हुन्छ ।

पचपन्नझ्याले दरवारका पचपन्नवटा झ्यालभन्दा तल निकै नजिक रहेर पनि संसारकै आँखा सामुन्नेमा अहिलेसम्मन् प्रचारमा नआएर हराइरहेका यी चित्रमय राग रागिनी निसन्देह यस अन्वेषणका कारण अब सवैका आँखा सामुन्नेमा पर्नेछन् । पचपन्नवटा झ्याल र भित्तेचित्रले यस दरवारलाई जसरी विश्वप्रसिद्ध तुल्याएको छ, त्यसरी नै खोपाभित्र लुकेर रहेको चित्रमय राग रागिनीका यी उत्कृष्ट स्वल्पाकृतिले पनि दरवारको गरिमालाई मात्र नभएर त्यस रूपमा यसको प्रचार र ख्याति विश्वव्यापी रूपमा बढ्ने कुरामा सन्देह छैन ।

# पाल्पाको माथागढी एक अध्ययन

■ राम बहादुर कुँवर

**१. अवस्थितिः**

पाल्पा जिल्लको पूर्व दक्षिण भागमा अवस्थित गोठारी गा.वि.स. वडा नं. ६ मा अवस्थित गढीलाई माथा गढी भनेर भनिन्छ। पहाडको टाकुरोमा अवस्थित यस गढीमा पुग्नको लागि रूपन्देही जिल्लाको देवदह गा.वि.स. बाट ५ घण्टाको उकालो बाटो हिंड्नु पर्छ। यस ठाउँबाट दक्षिण तिरको तराई भुभाग टाढा टाढा सम्म देख्न सकिन्छ। संभवत पाल्पा राज्यको पूर्वी क्षेत्रको यो एउटा महत्वपूर्ण सुरक्षा किल्ला थियो। पाल्पा राज्यमा भएका महत्वपूर्ण गढीहरू मध्ये यसलाई पनि लिन सकिन्छ।

**२. ऐतिहासिक पृष्ठभूमीः**

नेपालको दक्षिण पश्चिम क्षेत्रमा अवस्थित लुम्विनी अञ्चलमा प्राग ऐतिहासिक काल देखि नै मानवहरूको बसोबास शुरू भई सकेको कुरा बुटवल क्षेत्रमा प्राप्त रामापिथेकसको अवशेष र पाल्पाको माढी फाँटमा भेटिएका नवपाषाकालिन ढुङ्गे औजारले प्रमाणित गरेका छन्। यस क्षेत्रमा प्राचीन कालमा शाक्य र कोलियहरूको राज्य थियो र यसै अञ्चलको लुम्बिनी भन्ने ठाउँमा शान्तिका अग्रदुत गौतम बुद्धको जन्म पनि भएकोले यस क्षेत्रको महत्व बढाई दिएको छ। इसा पूर्वका दिनहरूमा यस क्षेत्रमा विकसित सभ्यताको बारेमा तराईका विभिन्न ठाउँमा भेटिएका पुरातात्विक स्थलहरूले पुष्टि गरेका छन्। प्राचीन कालमा यो क्षेत्र नेपालको सिमा भित्र पर्दथ्यो। मध्यकालमा केन्द्रिय शासनमा कमजोरी आउने वित्तिकै नेपाल भित्र विभिन्न साना-साना राज्यहरूको उदय भयो। यि राज्यहरू मध्ये पाल्पा राज्य पनि एक हो। यस राज्यका स्थापक रूद्रसेनलाई मानिन्छ। मुकुन्दसेन प्रथमको पालमा पाल्पा राज्य विकाशको चरम सिमामा पुगेको थियो। उनले पाल्पा राज्यको सुरक्षाको लागि विभिन्न दिशामा गढीहरू बनाएको उल्लेख पाइन्छ। संभवत माढा गढीको निर्माण पनि मुकुन्दसेन प्रथमको पालामा भएको हुनसक्ने कुरा काजी रणदल (जैसी) को कास्य पत्रबाट अनुमान गर्न सकिन्छ। उक्त पत्रमा अघि देखि चलि आएको रितिथिति र व्यवस्थालाई व्यवस्थित गरेको कुरा परेको छ। यस गढीको बारेमा जानकारी दिने सवभन्दा पुरानो श्रोत श्री काजी रणदल (जैसी) द्वारा संवत् १८९६ साल मिति मार्ग शिर्ष बदि ३० रोज ५ मा गरिदिएको कस्यपत्र हो। उक्त कास्य पत्रमा गढीमा प्राचीन काल देखि चलिआएको रितिथिति व्यवस्थित गर्न र वस्ती बसाली उक्त ठाउँलाई गुलजार गर्नका लागि खेत गुठी राखि दिएको कुराको उल्लेख छ। उक्त गढीमा भएको सवभन्दा पुरानो घण्टा संवत् १९४१ को हो। साथै २०१३ सालमा पनि पुरन सिंह भन्ने व्यक्तिले घण्टा चढाएका थिए। वर्तमान समयमा पनि यस गढीको विशेष महत्व रहेको छ। गढीलाई हेर्न टाढा टाढाबाट मानिसहरूको घुईचो लाग्ने गरेको देखिन्छ।

**३. गढीको वास्तुकलाः**

यो गढी प्राचीनकालमा निर्माण गरिने गढीको शैलीमा भएको छ। यो गढी पहाडको टाकुरोमा अवस्थित छ। यस गढीबाट पूर्व पश्चिम उत्तर र दक्षिण दिशामा टाढा-टाढा सम्म देखिन्छ। गढीको निर्माण वैज्ञानिक तरिकाबाट गोलाकार स्वरूपमा

गरिएको छ । गढीको पार्खालको उचाई कम छ । गढीमा पूर्वतिरबाट पस्न सकिन्छ । गढीको दक्षिण, उत्तर र पश्चिम तिर भिर भएकोले यि दिशाहरूबाट गढीमा प्रवेश गर्न सकिदैन । दक्षिण र पश्चिम तिरको भिर उत्तर तिरकोभिर भन्दा डर लाग्दो छ । पूर्व तिरको प्रवेशद्वार भन्दा करिव ५० मिटरको दुरीमा ठूलो खाडल (खाई) छ । यो मध्यकालिन किल्ला वास्तुकलाको महत्वपूर्ण विशेषता हो । गढीलाई सुरक्षा प्रदान गर्नको लागि यस्तो खाइ बनाइन्थ्यो । यो खाडलको निर्माणको प्रयोजन पनि गढीको सुरक्षा नै देखिन्छ । यो गढीमा पश्चिम उत्तर र दक्षिणबाट मानवीय प्रवेशको संभावना कम देखिएकोले पूर्वतिरमात्र खाइको निर्माण गरिएको छ । खाइ उत्तरदेखि दक्षिणतिर क्रमशः लम्बिदै गएको छ । अहिले पनि खाइलाई स्पष्ट रूपमा देख्न सकिन्छ र खाइलाई पार गर्नको लागि २० फिट लामो काठको पुल बनाइएको छ । खाइको गहिराइ १५ फिट छ भने चौडाई १६ फिट जति छ । गढीको पर्खाल जिर्ण भईसकेको छ । गढीको पर्खाल ढुङ्गाबाट निर्माण गरिएको छ र ढुङ्गा साधारण खाले छन् । वर्तमान समयमा गढीमा भएका विभिन्न पुरातात्विक वस्तुहरूको संरक्षणको लागि वरीपरी तारको बार लगाइएको छ र गढीमा प्रवेशको लागि सानो ढोका पनि बनाइएको छ ।

## ४. गढीमा भएका महत्वपूर्ण पुरातात्विक र सांस्कृतिक वस्तुहरू

### क) मन्दिरः

गढीको मध्य भागमा सानो मन्दिर छ । यसलाई देवीको थान पनि भनेर भनिन्छ । (फोटो नं. २) यस मन्दिर भित्र विभिन्न समयमा विभिन्न व्यक्तिहरूद्वारा चढाइएका तरवार, छुरी, भालाहरू राखिएका छन् । यि तरवार, भाला र छुरीहरू मध्यकालमा बनेका हतियारका स्वरूपमा छन् जसले यो गढीको निर्माण पनि १५ औं १६ वौं शताव्दीतिर भएको कुरालाई प्रमाणित गरेको छ । मन्दिरमा भएका भालाहरूको माथिल्लो भागको लम्बाई ५३ सेमि. देखि लिर ३० सेमि. सम्म छ भने तल्लो भागको लम्बाई १२ सेमि देखि लिएर ३० सेमि सम्म (फोटो नं ३) छ । यि भालाहरू राष्ट्रिय संग्रहालयमा प्रदर्शन गरिएका पृथ्वीनारायण शाहको पालाका भालाहरूको शैलीसँग मिल्दछन् । मन्दिर भित्र तरवारहरू पनि छन् । यि तरवारहरू ८३ सेमि देखि ५३ सेमि सम्म लम्बाई भएका छन् । यि तरवार मध्ये एउटा तरवारमा चाइनिज अक्षरमा लेखिएको अभिलेख छ । जस्ले यो तरवार चाइनाबाट ल्याएको प्रमाणित हुन्छ । केहि साना खाले खुकुरीहरू पनि छन् ति मध्ये एउटा खुकुरीमा तिरको निसान छ । प्राप्त विभिन्न हतियारहरूले यस गढीको तिथी निर्धारण गर्न केहि सजिलो तुल्याएको छ ।

### ख) दक्षिण तिरको पर्खालको खोपामा भएका तिरका अग्रभागहरूः

यस गढीको सबभन्दा महत्वपूर्ण पक्ष गढीको दक्षिण कुनाको भित्तामा भएको खोपामा राखिएको कांसाको कचौरा हो । जसमा फलामद्वारा निर्मित तिरका साना-साना अग्रभागहरू राखिएका छन् । यि तिरका अग्रभागहरूको लम्बाइ १६ सेमि देखि लिएर ७ सेमि सम्म छ । यस्ता तिरका अग्रभागहरू नेपालमा अन्यत्र पाइएका छैनन् (फोटो नं. ४) । यि तिरका अग्रभागहरूको सम्बन्धमा स्थानिय जनमानसमा विभिन्न किसिमका कथाहरू प्रचलित रहेका छन् । स्थानीय वासिन्दाहरूका अनुसार संसारमा नेपालीहरू जुन जुन युद्धमा भाग लिन्छन् ति युद्धहरूमा नेपाली सैनिकहरूलाई सहयोग गर्न लागि यि तिरका अग्रभागहरू उडेर युद्ध भूमिमा पुगि नेपालीहरूको रक्षा गर्छन् भन्ने मान्यता समाजमा प्रचलित छ । यि तिरका अग्रभागहरू युद्धको समयमा कासको कचौराबाट हराउँछन् भन्ने विश्वास पनि स्थानीय जनमानसमा प्रचलित छ ।

### ग) गढीमा भएका घण्टाहरूः

गढीमा २ वटा महत्वपूर्ण घण्टाहरू छन् । जसमा अभिलेख अंकित गरिएको छ । जसमध्ये ठूलो घण्टा सवभन्दा पुरानो हो । संवत् १९४१ मा राखिएको यो घण्टामा मेजर कप्तान तिलकराम उपाध्याय र कपतान्नी बछलादेवीले श्री ३ माथा देवीलाई घण्टा चढाएको कुरा परेको छ । त्यसै गरी सानो घण्टा वि.सं. २०१३ सालमा पुरन सिंहले घण्टा चढाएको हो भन्ने कुरा उक्त घण्टामा भएको अभिलेखबाट खुल्छ ।

## ५. गढीसँग सम्बन्धित धार्मिक र सांस्कृतिक पक्षहरूः

वर्षभरीमा गढीमा भएको मन्दिरमा विभिन्न पुजाहरू सम्पन्न गरिन्छ । खासगरि दशैंको अवसरमा ठूलो मेला लाग्ने गर्दछ । यस गढीमा भएको मन्दिरमा नवमीको दिन रांगा र बोका काट्ने चलन छ । यस मन्दिरमा चढाउने रांगा गाउलेहरू

मिलेर किन्छन् भने बोका गुठीको खेतबाट प्राप्त धानको रकमबाट किन्ने चलन छ । चैते दशैंमा पनि गढीको मन्दिर मा बोका काट्ने चलन रहेको छ । यस अवसरमा काटिने बोका गाउँलेहरू मिलेर एउटा चढाउछन् भने अर्को गढीको खेतको आयस्ताबाट बराल मगरले चढाउने चलन छ । गाउलेहरूको चाहना अनुरूप पञ्चवली दिने चलन पनि गढीमा रहेको छ । पञ्चवली अन्तर्गत रांगो, बोका, परेवा, हांस र कुखुरा पर्दछन् । यस बाहेक प्रत्येक पूर्णिमामा धार (विशेष पूजा) दिने चलन पनि रहेको छ । धार दिने बेला विशेषगरी सेतो रातोध्वजाहरू, घ्यू, चावल, पैसा, गुरूवाहरूको लागि चढाउने चलन छ । गढीको मन्दिरमा पूजा गर्नका लागि गुरूवाहरू नियुक्ति भएका छन् र यस्ता गुरूवाहरू तिन घर का हुन्छन् । यस्ता गुरूवाहरू मगर समुदायबाट छानिन्छन् । गढीको पूजा आजाको लागि गूठी खेत र पाखो बारी छ ।

यो गढीको सिमावर्ति क्षेत्रहरूमा खूव प्रख्यात रहेको छ । खासगरी खैरेनी, बुटवल, पाल्पा, नवलपरासी जस्ता गाउँहरूबाट मानिसहरू यस गढीलाई हेर्न आउने गर्दछन् । गाउँलेहरूको भनाई अनुसार गढीमा राम्रो तरिकाले पूजा नगरेमा खडेरी पर्ने, पहिरो जाने र अनिकाल पर्ने गर्छ । त्यसकारण गुरूवाहरूले ध्यान दिएर पूजा गर्ने गर्छन ।

## ६. गढीको वर्तमान अवस्था:

पहाडको टाकुरामा अवस्थित माथा गढी एउटा ऐतिहासिक र सांस्कृतिक महत्व बोकेको गढी भएको तर वर्तमान समयमा गढीको पर्खाल जिर्ण भईसकेको र मन्दिर भित्र भएका सामग्रीहरू पनि अस्त व्यस्त अवस्थामा भएकोले गढीको तत्कालै संर क्षणको आवश्यकता देखिन्छ । तत्काल संरक्षण गरेमा मात्र हाम्रा पुर्खाहरूले निर्माण गरेको यो सांस्कृतिक धरोहर संरक्षण हुन सक्ने छ ।

**विशेष धन्यवाद**
(श्री डिल्ली प्रसाद आचार्य)
(सुश्री सुष्मा आचार्य)
(श्री श्यामसुन्दर राजवंशी (लिपि विशेषज्ञ)

## सन्दर्भग्रन्थ सूची:

- घिमिरे विष्णु प्रसाद, पाल्पा राज्यको ईतिहास, भाग १, पद्मा घिमिरे, भरतपुर ।
- शर्मा, डिल्लीराम, नेपालको जिल्ला वास्तुकला, त्रि.वि.वि. (सिनास, काठमाडौं)
- शर्मा, बाल चन्द्र, नेपालको ऐतिहासिक रूपरेखा, कृष्ण कुमारी देवी २३।११९ दृध विनायक, वाराणसि ।
- श्रेष्ठ, शुक्रसागर, नुवाकोट गढीको स्थलगत अध्ययन प्रतिवेदन, पुरातत्व विभागमाप्रस्तु प्रतिवेदन ।
- श्रेष्ठ, शोभा प्रस्तोता, गढीहरूको प्रतिवेदन, पुरातत्व विभाग, रामशाहपथ, काठमाडौं ।

### स्वस्ति श्री काजी रणदल (जैसी) कस्य पत्रम् -

आगे फुल (कपाक) कल अम्बल मध्ये माथा गढिमा अघि देप व स्ति बसालि गुलजार गऱ्या थ्यौ.. बाले रहेछ आथ उप्रान्त पनि तेस ठाउँको अघि देखि बसि आयाकोरिति भन्दा अर्ध्यालो रकम कलम नलगा ई. दुनित्रा नपिराई पुसि गढि गाउं बसालि गुलजार तुल्याइ काम गरायौ अ धिकाले विजर मन सुक जामा पेत विहाई ......................... लायृ अक्षता चढाई पायाको हो भन्या अै ले उ हि जगा विहाइ १ लायृ अपता कउनु पछि २ मा विंति..होर गराई दिउंला गढिको चिताइ गर .... म्रामा लाग्याको सेर्मास्या फल ९३ साल का जांचले ठहराया बमोजिम नि मुप्यालिको दसपट गरि दिञ्यु आफ्ना षतिरजमा सित गाउं गुल जार गरि विजात्रि विधुत नगरि १ को गरि गढिको चिताइ .... काम गर .. इति सम्वत ८९६ सालमितिमार्ग शिर्ष वदि

३० रोज ५ शुभम् ।



फोटो नं. १: गढीको फोटो



फोटो नं. २: गढीको मध्य भागमा भएको मन्दिर



फोटो नं. ३ : गढीमा भएका भालाहरु



फोटो नं. ४ : गढीमा भएको तिरका अग्र भाग

## CORRIGENDUM

Due to the technicle problem, the previous article **"Śivagala, Canigala and Vandigāla"** of Yogesh Raj in Ancient Nepal No. 156. was published without diacritical marks of sanskrit and Newari words. Therefore the words needed to be read with diacritical marks are printed here again. The readers are, therefore, requested to refer to this chapter for correct pronounciation in Sanskrit and Newari words while reading aforementioned article. The in-covenience caused by this is regreted.

**- Editors**

# CORRIGENDUM

**Place names and other words in the text:**

śivagala
Vānigara
Khvapa
Sthāna
deśabrama
ṭola/ṭolas
kṣetra
Vāndigala or vāndi-gara
sthāna
sremgirāpura-sthāne
vaṇikāpurī-sthāne
nārамparī-sthāne, tibukchemੑ
Puṇyāvatī-sthane,
canigala-sthāne,
canigala-sthāna
tiprakochem (>tibukchem)
Purṇimā
Pāsūkā
golamaṇde (>gomārhi)
gala or gara
mā-kho-pṛm, mā-kho-dulam and Khṛ-pṛ-bru
Caṇdī-gala
Caṇdesvari
Cāsukhya
Vīrabhadreśvara
Vīra-śaiva
lāyku, vāne lāyeku<vane rajakula<Vantiraja(yā) kula,
Vaṇhirāja
bhaṭṭāraka
Vāndiva-gala~Vandima-gala
tīrbhukti pradeśa
ḍoyas
Vanhī rājakula>Vāne lāykū

# APPENDIX 1(A)

1. alāco>ināco
2. ilācha
3. eṭāche>iṭāche
4. Kupalāche
5. Kvāthandu
   Kvāṭhanabhu>Kvāthandau
6. Khanimā Khanimaṃ Khanimam Khanimha Khanimam
   Khalamā Khanimā Khaumā >Khauma
7. godamadā
   goḍamaṃḍa godamaṃḍe golamaṃḍe golamaṇḍi
   golamaṃḍe godamamde golamaṃḍe golamaṃde
   gvalamamdhe gvalamamde>gomarhi
8. goḍasaḍe
9. cadvara
10. cochem̥
    cochem̥ cochaṃ cochem̥ cocchem coche
11. tipurakoche>tibukchem
12. ṭupalāche tuparāchhe tupalāchhe tupalācche
    tupalāchha tupalāchhe>tulachem
13. teche
14. toche
15. tyāche
16. thaṃkarāchhe
    thakarāchhe thaṃkalāche thaṃkarāchhe
    thaṃkalāche
17. thārāche>thālāchem
18. ṭhāsāche
19. ḍathu>dathu tvaḥ
20. duvu
21. bilāche
    bilācha birācha bilācha bilāche>bilāchem̥
22. mulācha>mulāchem
23. yamcha yaṃche
24. yaṃthalāche>yaṃthali
25. yampalācha yapalācha
26. yāche
27. yoṭache
28. ramgarācha
29. svache

# APPENDIX 1(B)

1. ikhācho
2. ichu>ichhu
3. itakhālācha yitaşarācha
4. Kupalācha
5. Kvāchhe Kvācche Kvāche>Kvācheṃ
6. gvalamaṃḍo gvālamaṃḍo gvalamaṃḍo golamaṃḍhi>gomārhi
7. ghaṭakhā>ghaḥkhā
8. coḍulāche
9. Jolamaṃḍa
10. ṭekhāco tekhāco>tekhāco
11. tacapāla>tacapāla
12. talamamḍe tolamaṃḍhe tolamaṃḍi talamaṃḍe taramamda>tamārhi
13. talomraṃ
14. tasamaṭe
15. tiprakvacheṃ>tibukcheṃ
16. tupalācha>tulācheṃ
17. tebhuco temuco>tepco
18. dalāche
19. birācha>bilāchem
20. boḍorācha borāche>bolācheṃ
21. magalāchhe mamgulācha>maṃgalācheṃ
22. malāche marāche>malācheṃ
23. maṃde
24. yibilācha
25. racako lacako>layko
26. laṃkolāche>lakolācheṃ

# APPENDIX 1(C)

1. kavācandra
2. kvāthanadum̩ kvāthanadu kvāthandum̩ kvāṭhandḥu
   kvāṭhandu kvāthandu>kvāthandau
3. gharhache gaḍachem̩ gaḍache galachem̩>gaḥchem̩
4. gulam̩
5. jela jelam̩ jelā jyarā jelā>jelam̩
6. ṭavacapāḍa tavacapādu tavacapāḍa tavacapāṛa
   tavacapāla>tacapāla
7. tavalācha tavalāche>taulāchem̩
8. thulam̩
9. dyarhache
10. nu(?) parāhe
11. pola
12. boḍeche
13. magukva
14. mulam̩
15. yatāche
16. yitiphusi
17. yilam̩
18. yevalam
19. yuvara
20. yulam̩ yula
21. lam̩koo
22. sārāṅa>salām ganedyo
23. sālakvalāma>sah kulām

# ABOUT THE AUTHORS

| | | |
|---|---|---|
| Mr. Sukra Sagar Shrestha | - | Chief Archaeological Officer<br>Department of Archaeology |
| Mr. Tarananda Mishra | - | Former Deputy Director General<br>Department of Archaeology, HMG, Nepal |
| Mr. Pursotam Lochan Shrestha | - | Reader<br>Bhaktapur Campus |
| Mr. Ram Bahadur Kunwar | - | Excavation Officer<br>Department of Archaeology |

का.मे.अ.द.नं. ८/६८, हु.द.स.बा.अ.नं. २/०२३

"प्राचीन नेपाल" का निमित्त प्राग्-इतिहास तथा पुरातत्त्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तर प्रमाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयको सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरु पठाउन सकिनेछन् । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ । प्रकाशित लेखहरुमा व्यक्त गरिएको भावना वा मत सम्बन्धित लेखकको हुनेछ ।

महानिर्देशक
**पुरातत्त्व विभाग**
रामशाहपथ
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art, anthropology and architecture of Nepal and museum and other techniques connected with various aspects of art work are invited to **"Ancient Nepal".**

The contribution should be concise and well-documented and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

The opinions expressed are those of the authors and do not necessarily reflect the views of the Editor of The Department of Archaeology.

Photographs and illustrations (Line drawing) may be sent. The typescript should be in double space and one side of the paper only sent to:

The Director General
**Department of Archaeology**
Ramshahpath
Kathmandu, Nepal